# संक्षिप्त बुद्ध वंश

( पहिलो, दोस्रो र तेस्रो भाग )



अनुवादः **भिक्षुणी धम्मवती** (नेपाल भाषा)

अनुवादः **भिक्षुणी धजवती (कुसुम)** (नेपाली भाषा- पहिलो र दोस्रो भाग)

अनुवादः **भिक्षुणी वीर्यवती** (नेपाली भाषा- तेस्रो भाग)

Downloaded from http://www.dhamma.digital

# नेपाली भाषामा प्रकाशित पुस्तकहरू

१) बौद्ध दर्शन
२) पञ्चशील
३) शान्ति
४) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
५) नारी हृदय
६) पटाचारा स्थविरा चरित
७) बुद्ध शासनको इतिहास, भाग-१
८) नेपाली ज्ञानमाला (प्र.सं.)
९) बुद्ध र उहाँको विचार
१०) बौद्ध ध्यान (प्रथमावृत्ति)
११) लक्ष्मी (प्र.सं.)
१२) उखानको कथा संग्रह (प्र.सं.)
१३) मिलिन्द प्रश्न, भाग-१ (प्र.सं.)
१४) बौद्ध जगतमा स्वास्थ्य सेवा (प्र.सं.)
१५) श्रमण नारद (प्र.सं.)
१६) वेस्सन्तर जातक (प्रथमावृत्ति)
१७) बौद्ध विश्वास, भाग-१
१८) बौद्ध विश्वास, भाग-२
१९) बौद्ध दर्पण (प्र.सं.)
२०) महा सतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान (प्र.सं.)
२१) सप्तरत्न धन
२२) महासीहनाद सुत्तं
२३) सफलताको रहस्य (प्रथमावृत्ति)
२४) मानव महामानव, पहिलो भाग (प्र.सं.)
२५) निरोगी (प्र.सं.)
२६) जातक कथा (प्र.सं.)
२७) प्रज्ञा चक्षु
२८) तथागत हृदय (प्र.सं.)
२९) सतिपट्ठान विपस्सना (प्र.सं.)
३०) महास्वप्न जातक (प्र.सं.)
३१) परित्राण (तृतीय सं.)
३२) बुद्ध पूजा विधि र कथा संग्रह (प्र.सं.)
३३) मैले बुझेको बुद्ध-धर्म
३४) बुद्धको जीवनी र दर्शन
३५) बौद्ध प्रश्नोत्तर (द्वि.सं.)
३६) १. आमा बुवा र छोराछोरी
२. बुद्ध धर्ममा नारीको स्थान
३७) स्नेही छोरी (प्र.सं.)
३८) मति राम्रो भए गति राम्रो हुन्छ (प्र.सं.)
३९) बुद्ध र बुद्धपछि (प्र.सं.)
४०) १. बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
२. बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्म प्रति असहिष्णुता (द्वि.सं.)
४१) अनागारिका धम्मवती (प्र.सं.)
४२) बौद्ध-ज्ञान
४३) बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४४) मिलिन्द प्रश्न, भाग-२
४५) मानव स्वभाव
४६) महास्वप्न जातक (द्वि.सं.)
४७) संक्षिप्त बुद्ध जीवनी (पञ्चमावृत्ति)
४८) श्रमण नारद (द्वि.सं.)
४९) श्रमण नारद (तृ.सं.)
५०) मिलिन्द प्रश्न, भाग-१ (द्वि.सं.)
५१) धर्म चिन्तन
५२) बौद्ध ध्यान (द्वि.सं.)
५३) बुद्धको अन्तिम यात्रा, प्रथम भाग (द्वि.सं.)
५४) बौद्ध विश्वास, भाग-३ (प्र.सं.)
५५) लक्ष्मी (द्वि.सं.)
५६) सम्यक शिक्षा
५७) बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
५८) परित्राण (पाँचौं सं.)
५९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
६०) बौद्ध दर्पण (द्वि.सं.)
६१) आर्य शील र आर्य मार्ग (प्र.सं.)
६२) बुद्ध पूजा विधि, कथा संग्रह र परित्राण (चौथो सं.)
६३) धम्मपद (चौ.सं.)
६४) बुद्ध पूजा विधि र परित्राण (प्र.सं.)
६५) सम्यक शिक्षा भाग-३
६६) बुद्ध पूजा विधि (पाँचौं सं.)
६७) बुद्ध पूजा विधि र कथा संग्रह (छैठौं सं.)
६८) बुद्ध पूजा विधि र कथा संग्रह (सातौं सं.)
६९) बुद्ध पूजा विधि र कथा संग्रह (आठौं सं.)
७०) लक्ष्मी (तृ.सं.)
७१) बुद्धको शिक्षात्मक उपदेश (प्र.सं.)
७२) बुद्ध पूजा विधि (नवौं सं.)
७३) क्षान्ति र मैत्री (प्र. सं.)
७४) शान्ति मार्ग
७५) पहिलो गुरु को हो ? (प्र.सं.)
७६) दान पारमिता
७७) बुद्धको संस्कृति र महत्व
७८) बोध कथा र बौद्ध चरित्र
७९) मिलिन्द प्रश्न, भाग-१ (तृ.सं.)
८०) संक्षिप्त बुद्ध वंश, भाग-१ (दो.सं.)
८१) चिरं तिट्ठतु सद्धम्मो
८२) संक्षिप्त बुद्ध वंश, भाग-२ (द्वि.सं.)
८३) मिलिन्द प्रश्न, भाग-२ (द्वि.सं.)
८४) महास्वप्न जातक (दो.सं.)
८५) बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
८६) चित्त शुद्ध भए जीवन उज्जल हुने छ। (प्र.सं.)
८७) प्रौढ बौद्ध कथा र लक्ष्मी (प्र.सं.)
८८) नक्कली देवता (प्र.सं.)
८९) आमा बुवाको सेवा
९०) बुद्धको मूल उपदेश (प्र.सं.)
९१) शाक्यमुनि बुद्ध
९२) बौद्ध दर्पण (ते.सं.)
९३) मणिचूड जातक (द्वि.सं.)
९४) मानिसलाई असल बनाउने बुद्ध शिक्षा
९५) क्षान्ति र मैत्री (द्वि.सं.)
९६) बुद्ध शासनको इतिहास भाग-१ (द्वि.सं.)
९७) मति राम्रो भए गति राम्रो हुन्छ उखानको कथा संग्रह (तृ.सं.)
९८) महापरित्राण (पालिभाषा) (चौ.सं.)
९९) मातापिताको गुण र बुद्धको सहीबाटो
१००) बौद्ध प्रश्नोत्तर (तृ.सं.)
१०१) संक्षिप्त बुद्ध जीवनी
१०२) बाल उपयोगी संक्षिप्त बुद्ध जीवनी (द्वि.सं.)
१०३) बुद्धको चमत्कार
१०४) बुद्ध पूजा विधि र कथा संग्रह
१०५) मानव महामानव, दोश्रो भाग (प्र.सं.)
१०६) सल्लेख सूत्र (प.सं.)
१०७) बुद्ध र बुद्धपछि (द्वि.सं.)
१०८) सच्च विभङ्ग सुत्त (प.सं.)
१०९) महानारद जातक (प्र.सं.)
११०) कर्तव्य
१११) प्रौढ बौद्ध कथा र लक्ष्मी (द्वि.सं.)
११२) बौद्ध जगतमा स्वास्थ्य सेवा (द्वि.सं.)
११३) परित्राण मूल पालि तथा नेपाली अनुवाद (सातौं सं.)
११४) बुद्ध पूजा विधि र कथा संग्रह
११५) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ निदान)
११६) धर्म उपदेश, भाग-२
११७) श्रमण नारद
११८) सीवली
११९) बौद्ध दर्पण (चौ.सं.)
१२०) बुद्ध पूजा विधि
१२१) आदर्श बौद्ध महिलाहरू
१२२) दश वन्धन (दश संयोजन) (प्र.सं.)
१२३) महासमय सूत्र
१२४) भगवान बुद्धको धर्मपुर (प्र.सं.)
१२५) च्याइथीयुको इतिहास
१२६) भगवान बुद्धको आठ विजयहरू र बाह्र कर्म विपाक (प्र.सं.)
१२७) बुद्ध पूजा विधि
१२८) संक्षिप्त बुद्ध वंश(तेस्रो भाग) (प्र.सं.)
१२९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कक्षाको विवरण
१३०) आधारभूत बुद्ध शिक्षा
१३१) नेपालका थेरवाद बुद्ध धर्म चुनौती र उपलब्धी
१३२) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ र निदान) र कथा
१३३) स्नेही छोरी (दोश्रो संस्करण)
१३४) बुद्धपूजा र परित्राण पाठ
१३५) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान)
१३६) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ)
१३७) बुद्धशिक्षा
१३८) आदर्श बौद्ध महिलाहरू (द्वि.सं.)
१३९) तीन सूत्र समूह
१४०) मानव स्वभाव
१४१) महासतिपट्ठान सुत्त (मूल पालि र नेपाली भावार्थसहित)
१४२) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) (दोश्रो संस्करण)
१४३) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) (तेश्रो संस्करण)
१४४) गृही विनय (पाँचौ संस्करण)
१४५) संक्षिप्त बुद्ध वंश (प्रथम, दोश्रो र तेश्रो भाग) - *हजुरको हातमा*

Downloaded from http://www.dhamma.digital

# संक्षिप्त बुद्ध वंश

( पहिलो, दोस्रो र तेस्रो भाग )

**अनुवाद :**

**भिक्षुणी धम्मवती** (नेपाल भाषा)

**भिक्षुणी धजवती (कुसुम)** (नेपाली भाषा- पहिलो र दोस्रो भाग)

**भिक्षुणी वीर्यवती** (नेपाली भाषा- तेस्रो भाग)

Downloaded from http://www.dhamma.digital

प्रकाशक:
**धर्मकीर्ति प्रकाशन**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि**
**धर्मकीर्ति विहार**
श्रीघः, नःघः त्वाः

© सर्वाधिकार प्रकाशकमा

आर्थिक दाताहरू:
- **धर्मकीर्ति प्रकाशन कोष, धर्मकीर्ति विहार**
- **केशरी तुलाधर, बिष्णु जोशी**
  **धुबदेब कंसाकार, इस्वरदेब कंसाकार**

प्रथम संस्करण: १००० प्रति

बुद्ध सम्वत् २५६४
नेपाल सम्वत् ११४०
बिक्रम सम्वत् २०७७
ईस्वी सम्वत् २०२०

मुद्रक :
**न्यू नेपाल प्रेस**
१४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं
फोन : ४४३३९२९, ४४३४८५०, ४४३४७५३
e-mail: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

संक्षिप्त बुद्ध वंश प्रथम भाग र दोस्रो भाग पुस्तक मैले नेपाल भाषामा अनुवाद गरेकी थिएँ। धर्मकीर्ति प्रकाशन मार्फत विभिन्न श्रद्धालु दाताहरूको सहयोगमा उक्त दुई पुस्तकहरू प्रकाशन भएका थिए। भिक्षुणी कुसुम गुरुमां (धजवती) ले नेपाली भाषामा अनुवाद गरेको ती दुबै पुस्तकहरू धर्मकीर्ति प्रकाशन मार्फत विभिन्न दाताहरूले प्रकाशन गर्नुभएका थिए।

त्यसरी नै मैले संक्षिप्त बुद्ध वंश तेस्रो भाग पनि नेपाल भाषामा अनुवाद गरेकी थिएँ। तर पुस्तकको रुपमा प्रकाशन भएको थिएन। यसलाई भिक्षुणी वीर्यवतीले नेपाली भाषामा अनुवाद गरेकी थिइन्। यस पुस्तकलाई पनि श्रद्धालु दाताहरूले धर्मकीर्ति प्रकाशनको रुपमा प्रकाशन गर्नु भएका थिए।

विभिन्न दाताहरूको सहयोगमा विभिन्न मितिमा प्रकाशित यी तीनवटै पुस्तकहरू संक्षिप्त बुद्ध वंश (प्रथम भाग, दोस्रो भाग र तेस्रो भाग) लाई एकमुष्ट एउटै पुस्तकको रुप दिई हाल संक्षिप्त बुद्ध वंश (पहिलो, दोस्रो र तेस्रो भाग) नामाकरण गरि १००० प्रति पुस्तक प्रकाशन गरिएको छ।

प्रस्तुत पुस्तक धर्मकीर्ति प्रकाशन कोषबाट ५०० प्रति प्रकाशन गरिएको छ। धर्मकीर्ति विहारको "धर्मकीर्ति प्रकाशन कोष" यस विहारमा आउनुभएका श्रद्धालु उपासकोपासिकाहरू मध्ये वर्षको १०० रुपैयाँ (सय रुपैयाँ) दिई यस कोषको सदस्य बनिरहेका व्यक्तिहरूबाट संकलित रकमले सञ्चालन भइरहेको छ। यही कोषबाट समय समयमा बुद्ध शिक्षा सम्बन्धी पुस्तकहरू प्रकाशन गरी धर्मदान

Downloaded from http://www.dhamma.digital

भइरहेको छ। हाल यस संक्षिप्त बुद्ध वंश पुस्तकको ५०० प्रति पनि सोही कोषबाट प्रकाशन भइराखेको छ। त्यसैले धर्मप्रेमी श्रद्धालु उपासकोपासिकाहरूलाई यसरी सदस्य बनी धर्मदान गर्नुभएकोमा साधुवाद व्यक्त गरेका छौं। किनभने "सब्बदानं धम्मदानं जिनाति" भनि भगवान् बुद्धले दान मध्ये धर्मदानलाई उत्तम दानको रुपमा लिनु भएको छ। यस बुद्ध वचन शिरोपर गर्दै धर्मदान गर्नुहुने दाताहरूले वर्षको १०० रुपैयाँ धर्मकीर्ति प्रकाशन कोषलाई बुझाउनु भएको उक्त रकम सार्थक भइरहेको महसुस गर्नुहुनेछ भन्ने आशा लिएका छौं।

यसरी नै बाँकी रहेका ५०० प्रति पुस्तक उपासिका छोरीहरू केशरी तुलाधर, बिष्णु जोशी; छोराहरू ध्रुबदेब कंसाकार र इस्वरदेब कंसाकारले उहाँका दिवंगत माता पिताको पुण्य स्मृतिमा धर्मदानको रुपमा प्रकाशन गर्नुभएको छ। दिवंगत हुनुभएका उहाँहरूका माता पिताको सुगति एवं निर्वाण कामना गर्दछौं। दाता परिवारको पनि आयु आरोग्य एवं निरोगी कामना गर्दछौं।

पुस्तक ठीक समयमा नै प्रकाशन गर्नको लागि आवश्यक सहयोग गर्नुभएकोमा न्यू नेपाल प्रेसलाई धन्यवाद एवं साधुवाद व्यक्त गर्दछौं।

भवतु सब्ब मंगलम्।

**भिक्षुणी धम्मवती**
शासन धज धम्माचरिय
अग्ग महा गन्थवाचक पण्डित
अध्यक्ष
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं

Downloaded from http://www.dhamma.digital


# समर्पण



दिवंगत बुबा बलदेब कंसाकार

Downloaded from http://www.dhamma.digital

# समर्पण



दिवंगत आमा मिश्री कंसाकार

Downloaded from http://www.dhamma.digital

# धर्मदान

पूजनिय धम्मवती गुरूमांको कुशल नेतृत्वबाट सञ्चालित धर्मकीर्ति विहारबाट प्रकाशित हुनगइरहेको संक्षिप्त बुद्ध वंशको पहिलो, दोस्रो र तेस्रो भाग एउटै पुस्तकमा समेटि प्रकाशन गर्न अवसर दिनु भएकोमा हामी धर्मकीर्ति विहार प्रति आभार व्यक्त गर्दछौं ।

श्रद्धेय धम्मवती गुरुमांबाट नेपाल भाषामा अनुवाद गर्नुभएको यो बुद्ध वंश पुस्तक प्रकाशन गर्न श्रद्देय कुसुम गुरुमां र विर्यवती गुरूमांले नेपाली भाषामा अनुवाद गर्नु भएकोमा वहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

हाम्रा दिवंगत **बुबा बलदेब कंसाकार** बुद्ध धर्म प्रति आस्था राख्ने रक्तदाता हुनुहुन्थ्यो । मच्छिन्द्रबहाल भित्रको परोपकार संस्थाबाट वहाँले रक्तदान दिने कुशल कर्म गर्नुहुन्थ्यो ।

दिवंगत **आमा मिश्री कंसाकार** निर्वाण मूर्ति विहार स्थापना गर्नुहुने दिवंगत धर्मचारी गुरूमांको दिदीकी छोरी हुनुहुन्थ्यो, त्यसैले हामीलाई सानै उमेर देखि म्हासुअजि कहाँ जाने भनेर किमडोल, निर्वाण मुर्ति विहारमा लैजानु हुन्थ्यो । बुद्ध धर्म प्रति अटल आस्था राख्नु हुने दिवंगत **बुबा बलदेब कंसाकार**, दिवंगत **आमा मिश्री कंसाकार**को नामबाट यो पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई अति नै खुसी लागेको छ ।

यो पुस्तक प्रकाशन गर्न हाम्री छोरी **उर्मिला तुलाधर**ले सरसल्लाह र सुझाव दिएर मद्दत गरेकोमा हामी अति नै हर्षित छौं । यो बुद्ध वंश पुस्तक प्रकाशन गर्न मद्दत गर्नुहुने प्रेसका सम्पूर्ण महानुभाबहरूलाई धन्यबाद ज्ञापन गर्दछौं ।

Downloaded from http://www.dhamma.digital

अन्तमा बुद्ध वंश पुस्तक प्रकाशन गर्न अनुमति प्रदान गर्नु भएकोमा **श्रद्धेय धम्मवती गुरूमां** प्रति नतमस्तक हुँदै यस पुस्तकबाट धेरै पाठकजनहरूले ज्ञान आर्जन गरि तथागत बुद्धले देखाउनु भएको सुमार्गमा लाग्न सकोस् भनी प्रार्थना गर्दै हाम्रा दिवंगत **बुबा बलदेब कंसाकार, आमा मिश्री कंसाकारको पुण्य स्मृतिमा पुण्यानुमोदन गर्दछौं** । साथै यो बुद्ध वंश पुस्तक धर्मदान गर्दैछौं ।

*छोरीहरू:*

**केशरी तुलाधर**

**बिष्णु जोशी**

*छोराहरू:*

**ध्रुबदेब कंसाकार**

**इस्वरदेब कंसाकार**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १) | २८ जना तथागत (बुद्ध) हरूको नामावली | १ |
| २) | कल्प | २ |
| ३) | कल्पको प्रकार | ३ |
| ४) | अवधिको हिसाबले कल्पको विभाजन | ३ |
| ५) | बुद्ध उत्पन्न हुनु दुर्लभ | ३ |
| ६) | बुद्ध उत्पन्न भए अनुसार कल्पको नामाकरण | ६ |
| ७) | २८ जना बुद्धहरू विभिन्न कल्पहरूमा | ७ |
| ८) | तीनवटा कोलाहलहरू | १० |
| ९) | पञ्च महाविलोकन के हो ? | १२ |
| १०) | २८ जना तथागतहरूको संक्षिप्त विवरण (चार्टमा) | |

*( प्रथम भाग )*

| | | |
|---|---|---|
| (क) | सारमन्द कल्प | १५ |
| | ४) दीपंकर बुद्ध | १५ |
| | - गौतम बुद्ध हुने बोधिसत्त्व | २१ |
| | - यशोधरा हुने सुमित्राको प्रार्थना | ३३ |
| (ख) | सार कल्प | ३८ |
| | ५) कौण्डन्य बुद्ध | ३८ |
| | - गौतम बुद्ध हुने बोधिसत्त्व | ४० |


Downloaded from http://www.dhamma.digital

(ग) सारमन्द कल्प ४३
६) मंगल बुद्ध ४३
- मंगल बुद्धको विशेषता ४६
- मंगल बुद्धको कामना ४६
- गौतम बुद्ध हुने बोधिसत्त्व ४९
७) सुमन बुद्ध ५४
- गौतम बुद्ध हुने बोधिसत्त्व ५७
८) रेवत बुद्ध ५८
- गौतम बुद्ध हुने बोधिसत्त्व ६२
९) शोभित बुद्ध ६४
- गौतम बुद्ध हुने बोधिसत्त्व ६८
(घ) वर कल्प ७०
१०) अनोमदस्सी बुद्ध ७०
- गौतम बुद्ध हुने बोधिसत्त्व ७४

*( दोस्रो भाग )*

(घ) वर कल्प ७९
११) पदुम बुद्ध ७९
- गौतम बुद्ध हुने बोधिसत्त्व ८३
१२) नारद बुद्ध ८५
- गौतम बुद्ध हुने बोधिसत्त्व ८९
(ङ) सार कल्प ९१
१३) पदमुत्तर बुद्ध ९१
- गौतम बुद्ध हुने बोधिसत्त्व ९६

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

(च) मन्द कल्प ९७
१४) सुमेध बुद्ध ९७
- गौतम बुद्ध हुने बोधिसत्त्व १०१
१५) सुजात बुद्ध १०३
- गौतम बुद्ध हुने बोधिसत्त्व १०६
(छ) वर कल्प १०८
१६) पियदस्सी बुद्ध १०८
- गौतम बुद्ध हुने बोधिसत्त्व ११२
१७) अट्ठदस्सी बुद्ध ११४
- गौतम बुद्ध हुने बोधिसत्त्व ११८
१८) धम्मदस्सी बुद्ध १२२
- गौतम बुद्ध हुने बोधिसत्त्व १२७
ज) सार कल्प १२८
१९) सिद्धत्थ बुद्ध १२८
- गौतम बुद्ध हुने बोधिसत्त्व १३२
झ) मन्द कल्प १३४
२०) तिस्स बुद्ध १३४
- गौतम बुद्ध हुने बोधिसत्त्व १३८

Downloaded from http://www.dhamma.digital

*( तेस्रो भाग )*


| | |
|---|---|
| झ) मन्द कल्प | १४३ |
| २१) फुस्स बुद्ध | १४३ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १४९ |
| ञ) सार कल्प | १५१ |
| २२) विपस्सी बुद्ध | १५१ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १५६ |
| ट) मन्द कल्प | १५८ |
| २३) शिखी बुद्ध | १५८ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १६४ |
| २४) वेस्सभु बुद्ध | १६६ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १७२ |
| ठ) भद्र कल्प | १७४ |
| २५) ककुसन्ध बुद्ध | १७५ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १८० |
| २६) कोणागमण बुद्ध | १८२ |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १८८ |
| २७) कस्सप बुद्ध | १९० |
| - गौतम बुद्ध हुने बोधिसत्त्व | १९६ |
| २८) गौतम बुद्ध | २०३ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २८ जना तथागत (बुद्ध) हरूको नामावली

| | |
|---|---|
| १) तण्हंकर बुद्ध | १५) सुजात बुद्ध |
| २) मेधंकर बुद्ध | १६) पियदस्सी बुद्ध |
| ३) शरणंकर बुद्ध | १७) अत्थदस्सी बुद्ध |
| ४) दीपंकर बुद्ध | १८) धम्मदस्सी बुद्ध |
| ५) कोण्डञ्ञ बुद्ध | १९) सिद्धत्थ बुद्ध |
| ६) मङ्गल बुद्ध | २०) तिस्स बुद्ध |
| ७) सुमन बुद्ध | २१) फुस्स बुद्ध |
| ८) रेवत बुद्ध | २२) विपस्सी बुद्ध |
| ९) सोभित बुद्ध | २३) शिखी बुद्ध |
| १०) अनोमदस्सी बुद्ध | २४) वेस्सभु बुद्ध |
| ११) पदुम बुद्ध | २५) ककुसन्ध बुद्ध |
| १२) नारद बुद्ध | २६) कोणागमन बुद्ध |
| १३) पदुमुत्तर बुद्ध | २७) कस्सप बुद्ध |
| १४) सुमेध बुद्ध | २८) गौतम बुद्ध |



Downloaded from http://www.dhamma.digital

# कल्प

यो संसार उत्पत्ति र विनाशको धारमा दगुरिरहेको छ । संसारको अनित्यता नियमानुसार कल्प उत्पत्ति हुन्छ, विनाश हुन्छ र फेरि उत्पत्ति हुन्छ । यो क्रम निरन्तर चलि नै रहन्छ। यसलाई नै कल्पको उत्थान र कल्प पतन भनिन्छ ।

मानिसहरूको विवेक बुद्धि, धर्म चेतना, मेहनत र शुद्ध आचरण आदिको कारणले कल्प उत्थान हुन्छ । यसले मानिसहरूको आयु, शरीरको उचाई, आदिमा समेत प्रभाव पार्दछ। मानिसहरूको आयु बढ्दै गई असंख्य वर्षसम्म पनि पुगेको हुन्छ । उनीहरूको आचरण, मनोवृत्ति आदि स्वच्छ र निर्मल भई धार्मिक सत्यताको आधारमा मानिसहरूको समय बितिरहेको हुन्छ ।

यसरी नै मानिसहरूको कुकर्म, लोभ, क्रोध र मोह आदि जस्तो दूषित मनले उनीहरूको आचरण दुराचरण हुने मात्र होइन कल्प समेत नाश र पतन भएर जानेछ । यसको प्रभाव मानिसहरूको आयु र शारीरिक उचाईमा समेत पर्न जानेछ ।

दूषित चित्तको कारणले मानिसहरूको आयु प्रमाण घट्दै गई केवल १० वर्ष मात्र हुन जानेछ । यही क्रममा मानिसहरूको शरीरको उचाई पनि होचो हुँदै जानेछ ।



Downloaded from http://www.dhamma.digital

## कल्पको प्रकार

कल्प ६ प्रकारका छन् –

१) सार कल्प

२) मन्द कल्प

३) वर कल्प

४) सारमन्द कल्प

५) भद्र कल्प

६) सून्य कल्प

## अवधिको हिसावले कल्पको विभाजन

१) आयु कल्प – असंख्य वर्षको आयु देखि १० (दश) वर्ष सम्मको आयु भएको कल्प

२) एक अन्तर कल्प – ६४ वटा आयु कल्प

३) एक असंख्य कल्प – ६४ वटा अन्तर कल्प

४) एक महाकल्प – ४ वटा असंख्य कल्प

## बुद्ध उत्पन्न हुनु दुर्लभ

संसारमा बुद्ध उत्पन्न हुनु अत्यन्त दुर्लभ छ । बुद्ध हुनको लागि असंख्य कल्पसम्म जन्म जन्ममा पारमिता धर्म (बुद्ध हुनको लागि पूरा गर्नुपर्ने कर्त्तव्य) पूरा गर्नुपर्दछ । पारमिता धर्म पूरा गर्न सजिलो छैन । अत्यन्त कठिन



Downloaded from http://www.dhamma.digital

छ। जति कठिन बाधा अड्चन र दु:ख आइपरे पनि बुद्ध हुने बोधिसत्वले आफ्नो मन विचलित नपारी धैर्य धारण गर्दै पारमिता धर्म पूरा गर्नुहुन्छ। यसरी दु:ख भोग्नु हुँदै पारमिता धर्म पूरा गर्नुको लक्ष्य उहाँहरूले आफ्नो व्यक्तिगत सुखको लागि नभई संसारका प्राणीहरूलाई यस भयावह संसारमा जन्म, रोग वृद्धत्व र मृत्यु जस्ता दु:खबाट मुक्त गराई शान्त निर्वाण सुख प्राप्त गराउनका लागि हो।

बुद्ध उत्पन्न हुनु अगाडि कल्पको उत्पत्ति हुन्छ। कल्प उत्पन्न हुनको लागि पहिला पृथ्वीमा अति सुगन्धित कमलको फूल फुलि राख्नेछ। उक्त कमलको फूलको वासना ब्रह्मलोकसम्म फैलिरहेको हुन्छ। कमलको फूलको सुगन्धित वासनाले गर्दा ब्रह्मा (देवता) हरू उक्त कमलको फूल फुलिरहेको पोखरीमा निरीक्षण गर्न आउँछन्। उनीहरूले उक्त कमलको फूल माथि बुद्धहरूले धारण गर्ने चीवर उत्पन्न भइरहेको देखी उक्त चीवरलाई आफ्नो भूवनमा लगी सुरक्षित गरिराख्नेछ। उक्त चीवर कमलको फूल माथि एक जोर मात्र उत्पन्न हुने अवस्थामा यस कल्प सार भयो भन्दै उक्त चीवर लग्नेछ। यसरी कमलको फूल माथि फुलिराख्ने चीवरको संख्यानुसार यस कल्पमा यति संख्यामा बुद्धहरूको उत्पत्ति हुनेछ भनी कल्पको नामाकरण पनि गर्नेछन्। फेरि उक्त कमलको



Downloaded from http://www.dhamma.digital

फूलमाथि चीवर उत्पन्न नहुने अवस्थामा सून्य कल्प भनी नामाकरण गरिनेछ। चीवरको रङ्ग कमलको फूल जस्तै गुलाफी रङ्गको हुनेछ। अर्थात् कमलको फूलको केशरी जस्तै पहेँलो रङ्गको हुनेछ।



Downloaded from http://www.dhamma.digital

## बुद्धहरू उत्पन्न भएनुसार कल्पको नामाकरण

१) सार कल्प –

एकजना मात्र बुद्ध उत्पन्न हुने कल्प

२) मन्द कल्प –

दुईजना बुद्धहरू उत्पन्न हुने कल्प

३) वर कल्प –

तीनजना बुद्धहरू उत्पन्न हुने कल्प

४) सारमन्द कल्प –

चारजना बुद्धहरू उत्पन्न हुने कल्प

५) भद्र कल्प –

पाँचजना बुद्धहरू उत्पन्न हुने कल्प

६) सून्य कल्प –

पारमी पूरा गर्न नसकेको कारणले एकजना पनि बुद्ध उत्पन्न हुन नसकिने कल्प

भगवान् बुद्धले बताउनु भए अनुसार २८ जना तथागतहरू यी पाँच प्रकारका कल्पहरूमा एक जना, दुईजना, तीनजना र चारजना गर्दै उत्पन्न भइसक्नुभयो। शाक्यमुनी बुद्धले बताउनु भए अनुसार विभिन्न कल्पहरूमा उत्पन्न हुनुभएका बुद्धहरूले देव मनुष्य र ब्रह्माहरूलाई दुःखबाट मुक्त हुने मार्ग देखाउनु हुने बुद्ध अर्थात् तथागतहरू यसरी हुनुहुन्छ–



Downloaded from http://www.dhamma.digital

# २८ जना बुद्धहरू विभिन्न कल्पहरूमा

| क्र.सं. | बुद्धहरूको नाम | कल्प |
|---|---|---|
| १) | तण्हंकर बुद्ध | सारमन्द कल्प |
| २) | मेधंकर बुद्ध | सारमन्द कल्प |
| ३) | शरणंकर बुद्ध | सारमन्द कल्प |
| ४) | दीपंकर बुद्ध | सारमन्द कल्प |
| ५) | कोण्डञ्ञ बुद्ध | सार कल्प |
| ६) | मङ्गल बुद्ध | सारमन्द कल्प |
| ७) | सुमन बुद्ध | सारमन्द कल्प |
| ८) | रेवत बुद्ध | सारमन्द कल्प |
| ९) | सोभित बुद्ध | सारमन्द कल्प |
| १०) | अनोमदस्सी बुद्ध | वर कल्प |
| ११) | पदुम बुद्ध | वर कल्प |
| १२) | नारद बुद्ध | वर कल्प |
| १३) | पदुमुत्तर बुद्ध | सार कल्प |
| १४) | सुमेध बुद्ध | मन्द कल्प |
| १५) | सुजात बुद्ध | मन्द कल्प |
| १६) | पियदस्सी बुद्ध | वर कल्प |
| १७) | अत्थदस्सी बुद्ध | वर कल्प |
| १८) | धम्मदस्सी बुद्ध | वर कल्प |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १९) | सिद्धत्थ बुद्ध | सार कल्प |
| २०) | तिस्स बुद्ध | मन्द कल्प |
| २१) | फुस्स बुद्ध | मन्द कल्प |
| २२) | विपस्सी बुद्ध | सार कल्प |
| २३) | शिखी बुद्ध | मन्द कल्प |
| २४) | वेस्सभु बुद्ध | मन्द कल्प |
| २५) | ककुसन्ध बुद्ध | भद्र कल्प |
| २६) | कोणागमन बुद्ध | भद्र कल्प |
| २७) | कस्सप बुद्ध | भद्र कल्प |
| २८) | गौतम बुद्ध | भद्र कल्प |
| २९) | मैत्री बुद्ध (भविष्यको बुद्ध) | भद्र कल्प |

Dhamma.Digital

दीपंकर बुद्ध भन्दा पहिलाका बुद्धहरू तण्हंकर बुद्ध, मेधंकर बुद्ध र शरणंकर बुद्धहरूको जीवनी विषयमा बुद्धवंशमा केही उल्लेख गरिएको छैन । किनभने दीपंकर बुद्धले वर्तमानको शाक्यमुनि बुद्ध बन्नुहुने सुमेध ऋषिलाई भद्रकल्पमा बुद्ध नै हुनेछ भनी भविष्यवाणी गर्नुभएको थियो । अनि दीपंकर बुद्धको पाला देखि बोधिसत्त्वको रुपमा परिचित हुनुभएको थियो । त्यसैले दीपंकर बुद्धलाई नै विशेष महत्त्व दिइएको देखिन्छ । हाम्रो देश नेपालमा



Downloaded from http://www.dhamma.digital

पनि बौद्ध संस्कृति, बौद्ध परम्परा अध्ययन गर्दा दीपंकर बुद्धलाई नै विशेष महत्त्व दिएर पूजा गरेको देखिन्छ। उदाहरणको लागि काठमाडौं उपत्यका भित्र बुद्धहरूको पूजा गर्ने अवस्थामा सम्यक पूजा गर्दा दीपंकर तथागतलाई पहिला पूजा गर्ने परम्परा आजसम्म पनि विद्यमान रहेको देखिन्छ।

☸

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# तीनवटा कोलाहलहरू

**१) कल्प कोलाहल** –

माथि उल्लेखित ६ वटा कल्पहरू मध्ये एउटा कल्प पतन हुनलाई एक लाख वर्ष अगाडि देखिनै कल्प कोलाहल भनी कोलाहल भइरहने छ। यस कोलाहल पतन हुने सूचना हो।

पतन हुन लागेको विषयमा सूचना दिन आउने व्यक्ति काम धातुको लोहब्यूह नाम गरेको एक देवता हो। उनले एकलाख वर्षपछि यस कल्प पतन हुन लागेको छ, त्यसपछि नयाँ कल्प शुरु हुनेछ, कल्प पतन भई प्राणीहरूले दुःख भोग्नुपर्ने अवस्थामा आउन लागेको छ भनी सूचना दिन आउने छ।

कल्प नाश हुने अवस्थामा पानीले बगाएर पनि कल्प नाश हुनेछ। आगलागी भएर पनि कल्प नाश हुनेछ।

हावाले पनि कल्प नाश हुनेछ।

त्यसैले लोहब्यूह नाम गरेको देवता आफ्नो केश खुला राखी रातो वस्त्र पहिरिएर रुँदै आफ्नो हातले आँसु पुछ्दै भयंकर कुरुप भेष धारण गरी अत्यन्त विरह गर्दै यसरी सूचना दिंदै घुमी रहन्छ –

"यस कल्प विनाश हुँदैछ। हामी सबैको पतन हुँदैछ। हामीमा धर्मचित्त हराउँदै गएको छ। त्यसैले हे साथी हो!



Downloaded from http://www.dhamma.digital

हामी सबैले भित्री मनदेखि होशपूर्वक विवेकपूर्ण रुपले धर्मचित्त उत्पन्न गर्नुपरेको छ। परस्पर मैत्री, सहयोग र माता पितालाई सेवा गरी आफूभन्दा ठूला वडालाई गौरव पूर्वक व्यवहार गर्न हतार भइसक्यो।"

यसलाई कल्प कोलाहल भनिन्छ।

२) **बुद्ध कोलाहल** –

लोकपाल देवता आई हजार वर्ष पछि मनुष्य लोकमा बुद्ध उत्पन्न हुनेछ भनी घुम्दै सूचना प्रचार गर्नेछ। यो सूचना अन्य सम्पूर्ण देवताहरूको समूह मिली देवलोकमा रहनु भएका बोधिसत्त्वलाई यसरी प्रार्थना गर्छन् –

"हे बोधिसत्त्व! हजुर बुद्ध हुनको लागि मनुष्य लोकमा जन्म लिनुहोस्। हजुरले दुःख गरी पारमिता पूरा गर्नु भएको केवल दिव्य सुख भोगको लागि मात्र नभई बुद्ध हुनुभई प्राणीहरूलाई दुःखबाट मुक्त गर्नको लागि हो।"

यसलाई बुद्ध कोलाहल भनिन्छ।

३) **चक्रवर्ती कोलाहल** –

"सयवर्ष पछि लोकमा चक्रवर्ती राजा उत्पन्न हुनेछ" भनी देवताहरूले घुम्दै सूचना दिनेछ। यसलाई चक्रवर्ती कोलाहल भनिन्छ।



Downloaded from http://www.dhamma.digital

# पञ्च महाविलोकन के हो ?

बोधिसत्त्वहरूले बुद्ध हुनको लागि जन्म लिनु अगाडि आफू जन्म लिन योग्य भूमिका ५ वटा आवश्यक तत्त्वहरू पूरा भइरहेको छ वा छैन, उक्त विषयतर्फ ध्यान दिनुहुनेछ।

यस कार्यलाई पञ्च महाविलोकन भनिन्छ। यी ५ वटा तत्त्वहरू पूर्ण भएपछि मात्र बोधिसत्त्वले बुद्ध हुनको लागि मनुष्यलोकमा जन्म लिनुहुन्छ। यी ५ वटा तत्त्वहरू यसरी छन्–

(१) **काल** (**समय**) – भगवान् बुद्ध बन्ने बोधिसत्त्व मानिसहरूको आयु सय वर्ष देखि एकलाख वर्षसम्मको समयावधि भित्रमा मात्र मनुष्य लोकमा जन्म लिनु हुनेछ।

(२) **द्वीप** – उहाँ बोधिसत्त्वले केवल जम्बुद्वीपमा मात्र जन्म लिनुहुनेछ।

(३) **देश** – बुद्ध हुने बोधिसत्त्वले केवल मध्य देश (वर्तमान उत्तर भारत) को वरपर मात्र जन्म लिनुहुनेछ।

(४) **कुल** – बुद्ध हुने बोधिसत्त्व केवल ब्राह्मण वा क्षेत्री कुलमा मात्र जन्म लिनुहुनेछ।

(५) **मातु आयु परिच्छेद** – बुद्ध हुने बोधिसत्त्व केवल दश महिना र सात दिन मात्र आयु बाँकी भएकी, परिशुद्ध रुपले पञ्चशील पालन भएकी माताको गर्भमा मात्र प्रवेश गर्नुहुनेछ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध वंश

( प्रथम भाग )

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# (क) सारमन्द कल्प

## ४) दीपंकर बुद्ध

दीपंकर बुद्ध २८ औं तथागतहरू मध्ये ४ औं बुद्ध हुनुहुन्छ। यस भद्र कल्पबाट चार असंख्य र एकलाख कल्प पहिले सारमन्द कल्पमा तण्हंकर बुद्ध, मेधंकर बुद्ध र शरणंकर बुद्ध आदि तीन जना बुद्धहरू उत्पन्न भइसक्नु भयो। शरणंकर बुद्धको परिनिर्वाण पछि मनुष्यहरूको आयु एकलाख वर्ष भएको बेलामा भविष्यमा गौतम बुद्ध हुने सुमेध ऋषि (बोधिसत्त्व) बुद्ध हुनेछ भनि नियत ब्याधि (भविष्यवाणी) गर्नु हुने दीपंकर तथागत पारमि धर्म पूर्ण गरी लोकमा बुद्ध हुनु भयो।

यसरी दीपंकर बुद्धले पनि अगाडिका बुद्धहरूले जस्तै नै पारमिहरू पूर्ण गर्नुभई बुद्ध उत्पन्न हुने समय अनुकूल नभएसम्म तुसिता भूवनमा रहनु भएको थियो। त्यहाँ रहनु भई वहाँ बोधिसत्त्वहरूले बुद्ध हुनका लागि पृथ्वीमा जन्म लिन आउनु भन्दा अगाडि हेर्नुपर्ने पञ्च महाविलोकन (पाँच प्रकारका अनुकूल स्थितिहरूको अवलोकन) गर्नुभयो।

यी पाँचै वटा अंगहरूले युक्त भइरहेको अवस्थामा



Downloaded from http://www.dhamma.digital

वहाँ बोधिसत्त्व उत्तरा नक्षत्रले युक्त भएर बन्धुमती नगरमा सुदेव महाराजको कूलमा उहाँकी अग्र महारानी सुमेधाको गर्भमा वास गर्नुभयो। दीपंकर बोधिसत्त्व गर्भवास भए देखिन सुदेव महाराजाले आफ्नी अग्रमहारानी सुमेधालाई दश महिना पूर्ण सुश्रुषागर्ने धेरै सेविकाहरू राखिदिए। दश महिना पूर्ण भइसकेपछि बत्तिस महापुरुष लक्षणले युक्त भएको दीपंकर राजकुमार भएर जन्म हुनुभयो। त्यस अवस्थामा भूमि कम्प पनि भयो।

दीपंकर राजकुमार तरुण हुँदै आएपछि वहाँलाई तीन वटा ऋतुलाई सुहाउँदो तीनवटा दरबारहरू पनि बनाइदियो। ती तीनवटा दरबारहरू यसप्रकारका छन् –
१. हंस पासाद   २. मयूर पासाद   ३. क्वञ्ज पासाद

यसरी वैंश पुगेपछि दीपंकर बोधिसत्त्वको विवाह राजकुमारी पद्मादेवीसंग सुसम्पन्न भयो। युवराज्ञी पद्मा देवीसंगै एकलाख सेविकाहरू पनि थिए।

तीनवटा दरबारमा दीपंकर बोधिसत्त्वले आफ्नो इच्छा अनुसार पञ्चकाम सुख अनुभव गर्दा गर्दै दशहजार वर्ष पनि बित्यो। युवराज्ञी पद्मादेवीबाट राजकुमार उसभ खण्डको जन्म भयो।

एकदिन बोधिसत्त्व दीपंकर बगैंचामा विचरण गरिरहनु भएको अवस्थामा बुढाबुढी, रोगी, मृतक र एक



Downloaded from http://www.dhamma.digital

भिक्षु यी चार निमित्त देख्नु भएकोले सार्है विरक्तिनु भयो। त्यसपछि वहाँले ८४ हजार हात्ती सवार भएर आएका आफ्ना आफन्त परिवारहरू सहित बगैंचामा निस्कनु भयो। बगैंचामा पुग्ने बित्तिकै विश्वकर्मा देवपुत्र आई वहाँलाई अनेकन प्रकारको आभूषण लगाई सुसज्जित पार्नुभयो। त्यसपछि वहाँ बगैंचाको एउटा ठूलो ढुङ्गामाथि पलेंटी कसेर बस्नुभयो। वहाँको मनमा जाति जरा व्याधि र मरणको स्वभाव देखेर ज्यादै विरक्त हुनुभयो। यसै अवस्थामा सुद्धावास भुवनबाट अरहन्त भइसक्नु भएका ब्रह्मा आएर दीपंकर कुमारलाई अष्ट परिष्कार दान दिनुभयो। राजकुमारले यो परिष्कार त्यागीहरूले मात्र पहिरिने भनेर थाहापाउना साथ आफ्नो केश आफ्नै तरवारले काटी ब्रह्माले दिनु भएको अष्ट परिष्कार चीवर पहिरनु भयो। काटी सकेको केश आकाशमा हुत्याइदिनु भयो। इन्द्र देवता आएर त्यस केशलाई सुनको पात्रमा थापेर त्रायतिंस देवलोकमा तीन योजन भएको इन्दनीला भन्ने ढुङ्गाको माथि मुकुट चैत्य बनाई त्यहीं स्थापना गरे।

दीपंकर बोधिसत्त्वले केश काटी चीवरवस्त्र पहिरिसकेपछि गृहस्थको राजषी वस्त्र पनि आकासमै फालिदिनु भयो। त्यस गृहस्थको राजषीवस्त्र पनि ब्रह्माले लगेर ब्रह्मालोकको सुद्धावास भूवनमा बाह्रयोजन भएको चैत्य बनाएर त्यसैमा स्थापना गर्नुभयो। दीपंकर



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्व प्रव्रज्या भएको देखेर वहाँसँगै बगैंचामा निस्कनु भएका दशलाख आफन्तहरू पनि वहाँको सेवाको लागि त्यागी नै भए।

दीपंकर बोधिसत्त्व त्यही बगैंचामा दश महिनासम्म उठ्दै नउठिकन दुष्कर चर्या, ध्यान गर्नुभयो। त्यसपछि वैशाख पूर्णिमाको दिन पात्र धारण गर्नुभई वहाँ भिक्षाटन जानु भयो। वहाँका सेवकहरू पनि सबै भिक्षाटन जानु भयो। बीच बाटोमा केही व्यक्तिहरूले पूजाको लागि भनी पकाइ राखेको क्षीर भोजन सबै वहाँहरूलाई नै दान गरियो। वहाँहरूले क्षीर भोजन गरिसकेपछि घाम डुब्न लागेको समयमा दीपंकर बोधिसत्त्वले आफ्नो साथमा रहेका सम्पूर्ण परिवारहरूलाई छोडेर एक्लै जङ्गलै भित्र पस्नु भयो। त्यस अवस्थामा सुनन्द भन्ने आजीवक एकजनाले वहाँलाई आठमुठा घाँस दान गऱ्यो। त्यही घाँसलाई वहाँले वरको रुखमुनि बिछ्याई चार अङ्गले युक्त भएको वीर्यलाई अगाडि राखी वा चार अङ्गलेयुक्त वीर्यलाई प्रयोग गर्नुभई ध्यान गर्नुभयो।

चार अङ्गले युक्त वीर्य भनेको रगत, मासु, हाड आदि सुकेर गए तापनि बुद्धत्त्व प्राप्त नभएसम्म यस स्थानबाट उठेर जाने छैन भनेर दृढ निश्चय गरेर बस्नुलाई भनिन्छ।



Downloaded from http://www.dhamma.digital

त्यस अवस्थामा मारगणहरूले वहाँलाई बाधा पुऱ्याउन आयो । यिनीहरूलाई वहाँले आफ्नो दश पारमिताको बलले जित्नु भयो । यसप्रकार वहाँले क्रमैसँग बुद्धत्त्व ज्ञान प्राप्त गर्नुभयो ।

१. प्रथम याममा पुब्बे निवास ज्ञान

२. मज्झिम याममा दिब्बचक्खु ज्ञान

३. पश्चिम याममा अर्थात् अन्तिम याममा चतुआर्य सत्य बोध भएर आसवक्खय ज्ञान प्राप्त गरी बुद्ध हुनुभयो ।

यसरी ४९ दिनसम्म बुद्धहरूको नियम अनुसार वहाँ दीपंकर बुद्ध बुद्धगयामा नै बस्नु भई सप्त सप्ताह बिताउनु भयो । यसै बेलामा ब्रह्मा आएर बुद्धसंग धर्मदेशना गर्नको लागि प्रार्थना गरेकोले दीपंकर बुद्ध सुनन्दाराम भन्ने स्थानमा जानुभई (हाल मृगदावन सारनाथ) धर्मचक्र प्रवर्तन गर्नुभयो । त्यसबेला अनगिन्ति देव मनुष्यहरूले अमृत निर्वाणलाई साक्षात्कार गर्न सफल भए ।

दीपंकर बुद्धको शारीरिक उचाई ८० हात र आयु एकलाख वर्ष थियो ।

**दीपंकर तथागतको अग्रश्रावकहरू –**

१. भिक्षु सुमंगल स्थविर

२. भिक्षु तिस्स स्थविर



Downloaded from http://www.dhamma.digital

**अग्र श्राविकाहरू -**

१. भिक्षुणी नन्दाथेरी

२. भिक्षुणी सुनन्दा थेरी

**निजी सेवक –**

१. भिक्षु सागत स्थविर

मूख्य उपासकहरू –

१. तपुस्स

२. भल्लुक

**मुख्य उपासिकाहरू –**

१. सिरीमा

२. शोणा

Dhamma Digital



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

### सुमेध ऋषि

यस कल्पबाट चार असंख्य र एकलाख कल्प अगाडि सारमन्द कल्पमा तण्हंकर बुद्ध, मेधंकर बुद्ध, शरणंकर बुद्ध, आदि तीन जना बुद्धहरूसँग बुद्ध हुनका लागि सुमेध ऋषिले शरीर, वचन र मनबाट प्रार्थना गरेर आएता पनि आठ अंग (आठ अभिनिहार) पूर्ण नभएकोले वहाँले नियतव्याधि प्राप्त गर्न सकेको थिएन । यसैले वहाँ साधारण बोधिसत्त्व मात्रै भएर रहनु भयो ।

शरणंकर बुद्धको समयमा अमरावती भन्ने देशमा वहाँले धेरै लौकिक सुख भोग गर्नु हुँदै दान शील भावना आदि पारमिता पूर्ण गर्नुहुँदै बुद्ध हुन सकुँ भनी प्रार्थना गर्नुभयो । तैपनि वहाँले नियत व्याधि प्राप्त गर्न सक्नु भएन ।

दीपंकर तथागतको समयमा सुमेध ऋषि भएको समयमा मात्र वहाँ आठ अंगले पूर्ण युक्त हुनुभयो । सुमेधको मातापिता परलोक भइसकेपछि वहाँको घरगृहस्थ रेखदेख गर्ने कर्मचारीले सम्पूर्ण धनसम्पत्तिको विवरण सुनाएर यसरी भन्यो– "सुमेध कुमार ! यी धन सम्पत्तिहरू हजुरको



Downloaded from http://www.dhamma.digital

जिज्यु बुबाज्यु, मातापिता आदि परम्पराबाट कमाएर जोडिएका हुन् ।" यो कुरा सुन्ने वित्तिकै सुमेध कुमारले त्यस कर्मचारीलाई यसरी भन्नुभयो– "यी सम्पत्तिहरू मेरा जिज्युबुबाज्यु मातापिताहरूले साथमा लग्नु भएन ? किन छोडेर जानुभो ? "

कर्मचारीले भन्यो– "परलोकमा जानेहरूले यसप्रकारका भौतिक धन सम्पत्तिहरू साथमा लैजान सक्दैनन् । यसरी लैजाने दस्तुरै छैन । यतिमात्र होइन आफ्ना मनपरेका छोराछोरी दाजुभाई आदि सम्पूर्ण परिवारहरू पनि छोडेर जान्छन् । यो संसारको स्वभाव हो ।"

यो कुरा सुनेर सुमेधकुमारको मनमा ठूलो संवेग उत्पन्न भयो । मेरा आमाबाबुले छोडेर जानु भएको धन मैले साथमा लगेरै छाड्छु भनेर प्रतिज्ञा गरेर राजा कहाँ गएर यसरी निवेदन गर्न जानुभयो–

महाराज ! मेरो घरमा रहेको सम्पत्ति मेरो इच्छा अनुसार प्रयोग गर्न सकिन्छ कि ?

राजा– "तिम्रो आमाबुबाको पुर्खौली सम्पत्ति त्यसमा पनि तिम्रो आमाबुबाको एक्लो छोरो भएको नाताले पनि तिम्रो इच्छा अनुसार प्रयोग गर्न सक्नेछौ ।"

यसप्रकारको अनुमति प्राप्त गरिसकेपछि वहाँले यसरी मनमनै निश्चित गर्नुभयो यी सारा सम्पत्ति मैले त्याग गरेर जानेछु । यति मनमा राखी आफ्नो निवास स्थानमा



Downloaded from http://www.dhamma.digital

फर्केर सम्पूर्ण ढुकुटीहरू खोलेर कसकसलाई के के चाहिन्छ लिएर जानु भनि सबै सम्पत्ति दान दिनुभयो ।

सुमेधकुमार गृहस्थाश्रम देखेर साह्रै विरक्तिनु भयो । वहाँलाई गृहस्थाश्रममा बस्नु भनेको दन्किरहेको आगोको ज्वालामा बस्नु समान ठानेर गृहत्याग गरी हिमालयतिर एकान्त स्थानमा तपस्या गर्न जानुभयो । केही समयपछि हिमालयमा रहेको आश्रमलाई पनि त्यागेर खुल्ला आकासमा रुख मुनि बसेर रुखबाट झरेका फलमात्र ग्रहण गरी सात दिनसम्म तपस्या गर्नुभई पाँच अभिज्ञा र आठ प्रकारका समापत्ति ज्ञान आदि प्राप्त गर्नुभयो ।

एकदिन वहाँ शहरतिर जानु भएको समयमा दीपंकर तथागत सहित धेरै भिक्षुसंघहरू पनि त्यही शहरतिर आइरहनु भएको थियो । वहाँहरू रमावती भन्ने शरहमा सुदर्शन नामक विहारमा रहनु भएको थियो । भोलिपल्ट दान कार्यक्रम भएकोले त्यस दानमण्डपमा जानको लागि भिक्षुसंघ सहित दीपंकर बुद्ध शहरतिर जानुभयो । त्यस अवस्थामा शहरवासीहरूले सुगन्धित धुप, फूल आदि लिएर बुद्धको स्वागतको लागि गइरहे भने कोहि बाटोको सरसफाई र बाटो बनाउनमा लागिरहेका थिए । उता सुमेध ऋषि पनि आफ्नो आसनबाट उठेर रमावती देशतिर लाग्नु भयो । त्यसक्षेत्रमा भने मानिसहरू उत्साहपूर्वक उमङ्गपूर्वक काममा जुटिरहेको देखेर अवश्य पनि यहाँ



Downloaded from http://www.dhamma.digital

कुनै कुशल मङ्गल कार्य भइरहेको हुनसक्छ भनि आकाश मार्ग बाटै तल झर्नु भयो। वहाँले काममा जुटिरहेका व्यक्तिहरूसँग सोध्नुभयो– हे नगरवासीहरू ! तिमीहरू के को लागि यसरी काममा जुटिरहेका ?

नगरवासीहरूले भन्यो– "भो ऋषिज्यू ! दीपंकर तथागत अहिले यहाँ आउँदै हुनुहुन्छ।"

सुमेध ऋषिलाई "तथागत" भन्ने शब्द सुन्ने वित्तिकै साह्रै हर्ष लाग्यो र आफूले पनि बाटो बनाउनमा सहभागी हुनका लागि नगरवासीहरूसँग बाटो बनाउने ठाउँ र अनुमति माग्नु भयो।

त्यहाँका मानिसहरूले वहाँलाई साह्रै बनाउन गाह्रो हिलै हिलो भएको बाटो बनाउन लगायो।

सुमेध ऋषिले आफ्नो ऋद्धिबलले होइन आफ्नै परिश्रमले बाटो बनाउन थाल्नुभयो। तर बाटो बनाउने कार्य पुरा नहुँदैमा दीपंकर बुद्ध आउनु भयो। तथागतलाई हिलो भएको बाटोमा हिँडाउन अयोग्य सम्झी आफ्नो कपडा हिलोमा बिछ्याई त्यसमाथि आफ्नो शरीर नै बिछ्याएर दीपंकर बुद्ध आफ्नो शरीरमा टेकेर जानको लागि प्रार्थना गर्नुभयो। आफ्नो शरीर बिछ्याएर सुमेध ऋषिले– "म पनि तपाईं जस्तै सम्यक सम्बुद्ध हुनु पाउँ" भनेर प्रार्थना पनि गर्नुभयो। यस्तो प्रार्थना सुनेर दीपंकर तथागतले अनातंश ज्ञानबाट हेर्नुभयो (भविष्यको कुरा)



Downloaded from http://www.dhamma.digital

यो सुमेध ऋषि एकलाख र चार असंख्य कल्प पछि गौतम बुद्ध नामले लोकमा अग्र श्रेष्ठ हुनेछ, वहाँका पिता कपिलवस्तुका राजा शुद्धोदन र माता महामाया देवी हुनेछ, वहाँ वैश पुगेपछि गृहत्याग गर्नु हुनेछ, वहाँका अग्र श्रावकहरू सारीपुत्र र मौद्गल्यायन हुनेछ, निजी सेवक आनन्द हुनेछ, अग्रश्राविकाहरू खेमा र उत्पलवण्णा हुनेछ, वहाँका बोधिवृक्ष पिपल हुनेछ आदि आदि भनेर भविष्यवाणी गर्नुभयो ।

यसरी दीपंकर बुद्धले सुमेध ऋषिलाई भविष्यवाणी गर्नासाथ सुमेध ऋषिले पनि मैले अनन्त जन्म देखिन प्रार्थना गर्दै आएको सम्यक सम्बुद्ध ज्ञान प्राप्त हुनेभयो भनेर अत्यन्त हर्षित हुनुभयो । देवता र मनुष्यहरू पनि सुमेध ऋषि भविष्यको बुद्ध हुन्, (बुद्धको तुसा हुन्) भनि उत्साह हर्ष साथ ताली बजाउँदै घोषणा गऱ्यो ।

त्यहाँका मनुष्यहरूले यसरी विचार गऱ्यो कि– हामी यही जन्ममा दुःखबाट मुक्त हुन सक्ने छैन । क्लेश निर्मूल गर्ने भनेको साह्रै गाहारो कुरा हो । यसैले सुमेध ऋषि बुद्ध हुने अवस्थामा निर्वाण मार्गफल साक्षात्कार गर्न सकोस् भनेर सबैले प्रार्थना पनि गरे । दीपंकर बुद्धले सुमेध ऋषिलाई धेरै प्रशंसा गर्नु भई आठमुट्ठा फूल लिएर पूजा र परिक्रमा गर्नु भइसकेपछि मात्र सुमेध ऋषिको शरीरमा पाइला टेकेर जानुभयो । त्यसबेला बुद्धको पछि लाग्दै



Downloaded from http://www.dhamma.digital

आउनु हुने चारलाख भिक्षु संघहरूले पनि बोधिसत्त्वलाई पूजा गर्दै जानुभयो । वहाँलाई देव ब्रह्माहरूले पनि फूलहरूद्वारा पूजा गरे । सुमेध ऋषिले पनि दीपंकर तथागतको चार असंख्य एकलाख कल्प पछि बुद्ध हुनेछ भन्ने भविष्यवाणी सुन्ने वित्तिकै भोलि नै बुद्ध हुने जस्तो विश्वास गर्नुभई त्यही चढाइएको फूलको थुप्रोमा पलेटी कसेर बस्नु भई आफूले पूर्ण गर्नुपर्ने पारमिता धर्मलाई विचार गरी हेर्नु भयो । त्यस अवस्थामा शुद्धावासका ब्रह्माहरूले पनि बोधिसत्त्व सुमेधलाई तपाईं त भविष्यमा बुद्ध हुने व्यक्ति रहेछ भनी साह्रै हर्षपूर्वक प्रशंसा गर्नुभयो । त्यस अवस्थामा अनेक प्रकारका पूर्व निमित्तहरू पनि देखा पर्न थालियो । त्यति मात्र नभई अनेक प्रकारका जमिनमा, पानीमा, रुखमा फुल्ने फूलहरू पनि एकैसाथ फुल्न थाले र अनेक प्रकारका फलफूलहरू पनि फल्न थाले । देवलोक र मनुष्यलोकमा रहेका अनेक प्रकारका बाजागाजाहरूको स्वर पनि गुन्जिन थाल्यो र केही क्षणको लागि नरकको आगो समेत निभिएको रहेछ । यसरी पुष्पवृष्टिको हिसाबले आश्चर्यजनक घटनाहरू घटेको, पानी पनि परेको दिन, विशाखा नक्षत्रले युक्त भएको र त्यो दिन वैशाख पूर्णिमाको दिन परेको थियो ।

यसरी वैशाख पूर्णिमा बुद्ध जयन्ती भनेको नै ५ संयोग जुरेको दिन हो ।



Downloaded from http://www.dhamma.digital

१. दीपंकर तथागतले सुमेध ऋषिलाई भविष्यमा बुद्ध नै हुनेछ भनेर भविष्यवाणी गर्नु भई आशीर्वाद दिनु भएको दिन ।

२. भविष्यमा बुद्ध हुने सिद्धार्थको जन्म ।

३. बुद्धत्त्व प्राप्त गर्नुभई नौ वटा गुणले युक्तहुनु भई सर्वज्ञ बुद्ध हुनु भएको दिन ।

४. बुद्ध हुनु भइसकेपछि सबभन्दा पहिलो पल्ट कपिलवस्तु भित्रिनु भएको दिन ।

५. महापरिनिर्वाण हुनु भएको दिन ।

यसरी दीपंकर बुद्धले भविष्यवाणी गरेको सुनेर त्यहाँका वासिन्दाहरूले भोक र रोग समेत बिर्सिएर आनन्द सुखको अनुभव गऱ्यो । त्यस क्षणमा देवलोकमा रहनेहरूले मनुष्यलोक र मनुष्यलोकमा रहनेहरूले देवलोक समेत देखेका थिए । यसवेला पनि सुमेध पण्डित आफूले आफैलाई यसरी विश्वास भयो कि– “म अवश्य पनि बुद्ध कुलमा पर्ने भएँ ।”

धेरै मानिसहरूले वहाँलाई छिट्टै पारमिता धर्म पूर्णगरी अप्रमादि भएर बुद्ध हुन सकोस् भनी प्रार्थना गरे । सुमेध पण्डितले पनि निश्चय नै आफू बुद्ध हुनेछु भन्ने मनमा राखी हर्षित भएर आफ्नो प्रज्ञा बलले सकेसम्म पारमिता धर्मलाई विचार गर्दै रहनुभयो । वहाँले



Downloaded from http://www.dhamma.digital

फेरि विचार गर्नुभयो– "बुद्ध हुने काम कम सजिलो होइन, यसमा धेरै परिश्रम गर्नु पर्नेछ। जसरी सुनचाँदी इच्छा गर्ने व्यक्तिले त्यसको प्राप्ति गर्नको निमित्त कडा परिश्रम गर्नुपर्नेछ। त्यस्तै सुनचाँदी भन्दा पनि अमूल्य अनमोल बोधिज्ञान प्राप्तको निमित्त मैले पनि अत्यन्त कडा परिश्रम गर्नुपर्नेछ।" यी दशपारमिताहरू मध्ये कुन पारमितालाई सबभन्दा पहिले पूर्ण गर्नुपर्ला भनेर विचार गर्नु भयो।

त्यसवेला वहाँले यसरी विचार गर्नुभयो दश पारमिताहरू मध्ये सबभन्दा पहिले दानपारमिता नै पूर्ण गर्नु पर्ला। वहाँले आफूले आफैलाई यसरी बोध गर्नुभयो– "हे सुमेध ! अव तिमी अल्सी भएर बस्ने वेला छैन, दान पारमिता देखि एकक्षण पनि समय खेर नफालि हर्षित भएर पारमिता पूर्ण गर्ने कोशिस गर। आज देखिन कसैले केही माग्न आए भने आफूसँग भएको बस्तु दान दिनलाई तयार होउ। यसरी तिमीले आफ्नो मनलाई वलवान बनाएर, क्लेश हटाई पारमिहरू पूर्ण गर्न सकेमा छिट्टै बोधिज्ञान प्राप्त हुन सक्नेछ।" यसरी वहाँले शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिस्थान, मैत्री र उपेक्षा आदि क्रमैसंग पारमिहरू पूर्ण गर्नका लागि दृढ निश्चय गर्नुभयो। वहाँले आफूले आफैलाई फेरि यसरी बोध गर्नु भयो– "पारमि धर्म पूर्ण गर्नको लागि आफ्नो



Downloaded from http://www.dhamma.digital

मनले नै सबभन्दा पहिले प्राप्त गर्नुपर्दो रहेछ। बाहिर दशौ दिशामा खोज्न गएता पनि पाउने छैन। पारमिता मध्ये बाहिरिया वस्तु दान दिनेलाई साधारण दान पारमिता भनिन्छ। आफ्नो शरीरका अंगहरू जस्तो आँखा, नाक, कान आदि झिकेर दान दिनेलाई दान उपपारमिता भनिन्छ। आफ्नो प्राण नै वास्ता नगरिकन दान पारमिता पूर्ण गर्नेलाई दान परमत्थ पारमिता भनिन्छ। यसरी तिमीले साधारण पारमिता १० वटा, उपपारमिता १० वटा र परमत्थ पारमिता १० वटा गरी जम्मा ३० वटा पारमिताहरू पूर्ण गर्नुपर्नेछ।"

यसरी वहाँले पारमिता धर्महरूलाई पूर्ण गर्ने प्रतिज्ञा गर्नु भएको समयमा पृथ्वी नै कम्प भयो। भूमि कम्प भएको समयमा नगरवासीहरू भयभित भई दीपंकर तथागतसँग यसको कारण सोधे– "भो शास्ता! भूमि कम्प हुने दुईवटा कारणहरू छन् भन्ने सुनेको छु। यो भूमि कम्प असल हुनको लागि हो वा अनिष्टको लागि हो?" यसमा दीपंकर बुद्धले जवाफ दिनु भयो– यो भूमि कम्प भलो हुनको लागि हो। आज मैले सुमेध ऋषिलाई चार असंख्य एकलाख कल्प पछि निश्चय नै बुद्ध हुनेछौ भनेर भविष्यवाणी गरेर आएको थिएँ। वहाँले पनि निश्चय नै बुद्ध हुनेछु भन्ने कुरा थाहा पाएर वडो हर्ष भएर आफ्नो पारमिता धर्म पूर्ण गर्नको लागि विचार



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । वहाँको चित्त बलले भूमि कम्प भएको हो ।" यसरी दीपंकर बुद्धले उपासक उपासिकाहरूलाई धैर्य गराउनु भयो ।

यो कुरा सुनेर देशवासीहरू पनि हर्ष भएर अनेकौं प्रकारका फूल धूप आदि लिएर सुमेध ऋषिलाई पूजा गरे । यसरी रमावती देशवासीहरूले पूजा गरेर फर्किसकेपछि सुमेध ऋषिले पनि बज्रआसन गरी बस्नु भई पारमिता धर्मको विचार गरिसकेपछि हिमालय तर्फ नै फर्केर जानुभयो ।

त्यस अवस्थामा देवताहरू पनि सुमेध ऋषिको पछि लाग्दै वहाँ निरोगी होउन्, वहाँले पारमिता धर्महरू छिट्टै पूर्ण गर्न सकोस् भनेर कामना गर्दै हिमालयसम्म नै पुऱ्याउन गए । सुमेध ऋषि पनि हिमालयमा रहनु भई आफूले प्राप्त गर्नुभएको अभिज्ञा र ध्यान बलले श्रमण सुखलाई अनुभव गर्दै रहनु भयो ।

**श्रमण सुख र गृहस्थी सुखको भिन्नता –**

१. गृहस्थीहरू, धन आर्जन गर्ने मात्र पीर लिंदै खाना खाँदा आहार प्रतिकूल संज्ञा हुँदैनन् । तर ऋषि मुनिहरूको धन सञ्चय गर्नेमा पीर हुँदैनन् । वहाँहरू जीवित रहनको लागि मात्र आहार सेवन गरिरहेको हो भनेर विचार गरी सन्तोषी भएकोले आहार प्रतिकूल संज्ञालाई विचार गर्न सकिन्छ । यसलाई नै श्रमण सुख भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

२. संसारमा रहेका प्रायः, मानिसहरूमा जीविकोपार्जन गर्दा प्राप्त हुने आहार कहिले धार्मिकपूर्वक हुन्छ भने कहिले अधार्मिकपूर्वक पनि हुनजान सक्छ। तर ऋृषिमुनिहरू परजनबाट दान दिएको दोष नभएको आहार सन्तोषपूर्वक सेवन गर्न सकेको पनि एक प्रकारको श्रमण सुख नै हो।

३. गृहस्थीहरू प्रायः गरेर स्वादिष्ट खाना सेवन गर्नको लागि नै जीवित रहने जस्तो गरेर खाना ग्रहण गर्दछन्। तर त्यागीहरू आफ्नो हातमा दानको रूपमा प्राप्त भएको आहार सन्तोषपूर्वक ग्रहण गर्न सक्नु पनि श्रमण सुख नै हो।

४. गृहस्थीहरूमा धन सम्पत्ति भय, राज भय, चोर भय आदि सधैं भइरहन्छ। तर त्यागी ऋृषि मुनीहरूमा आफूले प्राप्त गरेको चीज वस्तुमा सन्तोष हुनसक्नु पनि श्रमण सुख नै हो।

५. गृहस्थीहरू आफूले आर्जन गरेको घरजग्गा जमिनहरूमा आसक्ति भएर त्याग गर्न गाह्रो पनि हुन सक्छ। तर ऋृषिमुनिहरू आफू बसेको ठाउँ कुटीहरू आदिमा आशक्ति रहित भइरहन्छन्।

६. गृहस्थीमा रहँदा सम्पत्ति भएपनि दुःख नभए पनि दुःख भइरहन्छ। जसको कारणले उनीहरू न सुख शान्तपूर्वक नै निदाउन सक्नेछन् न शान्त पूर्वक नै खाना



Downloaded from http://www.dhamma.digital

खान सक्नेछन् । तर त्यागीहरू प्रायः गरेर सन्तोषपूर्वक जिउन सक्नु नै श्रमण सुख हो ।

७. गृहस्थीमा रहँदा राज भय, राज दमन, आदि अनेक प्रकारका दुःख भोग गर्नुपर्ने भइरहन्छ । तर ऋषिमुनिहरूमा यस्तो हुकुमबाट अलग्ग भएर आनन्दसाथ रहन सक्नु पनि श्रमण सुख हो ।

८. गृहस्थीहरूमा लोक व्यवहारमा केही भन्ला भनेर पीर लिइरहनु पर्ने हुन्छ । तर ऋषि मुनिहरू यसप्रकारको झन्झटबाट टाढा भइरहन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## यशोधरा हुने सुमित्राको प्रार्थना

गौतम बुद्ध र यशोधरा देवी दुवै जना दीपंकर तथागतभन्दा पनि पहिले देखिन एक अर्कासंग परस्पर मैत्रीपूर्ण व्यवहार गरी जन्मौं जन्मसँगै बिताइसक्नु भएको रहेछ। यसैकारणले सुमेध पण्डितले दीपंकर बुद्धबाट बुद्ध हुने आशीर्वाद प्राप्त गर्नुभएको अवस्थामा सुमित्रा नामक एकजना केटी (गौतम बुद्धको समयमा यशोधरा हुने) ले पनि भविष्यमा यशोधरा हुने कामना गरेको रहेछ।

दीपंकर तथागतको समयमा सुमित्रा भन्ने केटी अमरावती भन्ने नगरमा उत्तम कुलमा अत्यन्तै यशकीर्ति भएको ८० करोड धन भएको महाजन पुत्र ब्राह्मण महाशालकी छोरी थिइन्। सुमित्रा धनवान् मात्र थिइनन् रूपवान् पनि थिइन्। मिनलसार पनि थिइन्। कुलघरानीकी छोरी भएकोले र अत्यन्तै रूपवान् पनि भएकी हुनाले सुमित्रा त्यतिको बाहिर आउने गर्दैनथी। यसरी रूपवान र धनवानले पूर्ण भएकी सुमित्रा अमरावती देशमा दीपंकर तथागत आउनु भएको समाचार सुनेर ५०० सेविकाहरूसँगै रथमा बसेर तथागतको स्वागत गर्नको निमित्त निस्किन्। त्यहाँ सुमित्रा मात्र राम्री रूप लक्षणले पूर्ण भएकी थिइनन्। उनका सेविकाहरू पनि



Downloaded from http://www.dhamma.digital

त्यति नै सुन्दरी थिए। त्यसैले त्यहाँका बासिन्दाहरू दीपंकर तथागतलाई मात्र दर्शनको निमित्त आएका थिएनन् सुन्दरी सुमित्रा र तिनका सेविकाहरूको सुन्दर रूप हेर्नका लागि पनि जम्मा भएका थिए। ५०० सेविकाहरू पछि लगाउँदै आएका सुमित्रा दीपंकर तथागत सुमेध ऋषिको शीर तर्फ उभिरहनु भएको दृश्य देखेर त्यहाँ के भएको होला भन्ने कुरा जान्न त्यही भीडमा पसिन्।

त्यस अवस्थामा सुमित्राले हातमा ८ वटा कमलको फूल लिइराखेकी थिइन्। तथागतको लागि दान दिन ल्याएको उक्त ८ वटा कमलको फूल सुमेध ऋषिले बुद्ध हुने प्रार्थना गर्नु भएको देखेर दीपंकर बुद्ध र सुमेध ऋषि दुवैलाई आदि आदि गरी चढाउने इच्छा गरिन्। यस्तो मनमा राखेर सुमित्राले आठ वटा कमलको फूललाई बराबरी दुई भागमा विभाजन गर्नको लागि धेरै पटक कोशिस गरेतापनि गर्न सकिनन्।

एकातर्फ तीनवटा कमलको फूल र अर्को तर्फ पाँचवटा कमलको फूल मात्र हुन गयो। त्यस्तो सुन्दर व्यक्तित्त्व भएको सुमेध ऋषिले हिलोमा आफ्नो शरीर पसारेर तथागतलाई शरीर माथिबाट टेकाई हिँडाउन दिनु भएको दृश्य देखेर केटी सुमित्रालाई सुमेध ऋषि प्रति अत्यन्त श्रद्धा उत्पन्न भयो। यसैले सुमित्राले सुमेध ऋषिलाई पनि पूजा गर्न योग्य छ भनेर पाँच वटा कमलको



Downloaded from http://www.dhamma.digital

फूल सुमेध ऋषिलाई र तीन वटा कमलको फूल दीपंकर तथागतलाई दान दिइन् । त्यतिमात्र होइन सुमित्राले यसरी आशा पनि गरिन्– "वहाँ दीपंकर तथागत एक जना मात्र सुमेध ऋषिको शरीर माथिबाट हिंडेर जानुभए हुन्थ्यो । यदि चार लाख भिक्षुहरू पनि ऋषिको शरीर माथि टेकेर गएमा त्यस्तो सुकुमार कोमल शरीरको हाड समेत टुक्रा टुक्रा भएर जानेछन् ।" ठीक यस्तै नै सुमित्राले कामना गरे जस्तै सुमेध ऋषिको शरीर माथिबाट दीपंकर तथागत एकजनाले मात्र पाइला टेकेर जानुभयो । बाँकी अर्हत भिक्षुहरू सबै सुमेध ऋषिको छेउबाट जानुभयो ।

दीपंकर तथागतले सुमेध ऋषिलाई बुद्ध हुने आशीर्वाद दिएको देखेर सारा ब्रह्माहरू देवताहरू खुसिले गद्‌गद् भएर साधुकार दिए । त्यस अवस्थामा सुमित्राले सुमेध ऋषिको मुहारमा हेरेर यसरी कामना गरिन्–"भो ऋषि ! तपाईंको इच्छा महान भएकोले तपाईंको त्यो महान कार्यमा सहयोग गर्न सक्ने एकजना साथी नभएमा पारमिता धर्म पूर्ण गर्न गाह्रो पर्नेछ । त्यसो भएको कारण तपाईंको पारमिता धर्म पूर्ण नभएसम्म प्राप्त गर्ने काममा सहयोग पुऱ्याउन सकुँ र तपाईंले चाँडै नै बोधिज्ञान प्राप्त गर्न सकोस् ।"

सुमेध ऋषिले पनि सुमित्राको वचनलाई अनुमोदन गर्दै स्वीकार गर्नुभयो । त्यसपछि सुमेध ऋषिले सुमित्राले दिएको पाँचवटा कमलको फूल दीपंकर तथागतलाई नै



Downloaded from http://www.dhamma.digital

चढाउनु भएर जसरी सुमित्राले कामना गरेकी थिइन् त्यस्तै हामी दुवै जनाले सँगसँगै पारमी धर्म पुरा गर्न सकौं भनेर कामना गर्नुभयो ।

त्यसपछि दीपंकर तथागतले यसरी भन्नुभयो– "हे सुमेध ऋषि ! श्रद्धापूर्वक प्रार्थना गर्न आउने सुमित्राले तिमी बुद्ध नहुन्जेलसम्म तिम्रो सुख र सुविधाको लागि जन्म जन्मसम्म दुःख नमानि कष्ट सहेर तिम्रो सहयोग गर्नेछिन् । यिनी सुमित्राले तिम्रो कुशल इच्छाको साथ दिन सक्नेछिन् ।" दीपंकर तथागतको यस्तो भविष्यवाणी सुनेर सुमेध ऋषि, सुमित्रा र तिनका सेविकाहरू पनि हर्षित र उत्साहित भए । देव ब्रह्माहरूले पनि तथागतको भविष्यवाणी सुनेर हर्षपूर्वक साधुकार दिए ।

अमरावती नगरबाट बाहिर आएर दीपंकर तथागतलाई स्वागत गर्न आएका उपासक उपासिकाहरू सबैले सुमेध ऋषि र सुमित्राको कुरा सुनेर अत्यन्त हर्षपूर्वक उत्साहित भएर साधुकार दिए । त्यतिमात्र होइन धेरै देव ब्रह्माहरू सहित मनुष्यहरूले हामीहरू पनि तपाईंहरूको सेवक बन्न पाऔं भनेर प्रार्थना गरे । सुमेध ऋषि र सुमित्राको भविष्यवाणी गरिसक्नु भएपछि दीपंकर तथागत दानशाला भित्र पस्नुभयो । सुमेध ऋषि पनि आफूले गर्नुपर्ने दश पारमि, दश उपपारमि र दशपरमत्थ पारमिहरू पूर्ण गर्नका निमित्त हिमाल तर्फ नै फर्कनु भयो । सुमित्रा पनि सुमेध



Downloaded from http://www.dhamma.digital

ऋषि जानु भएको आफ्नो आँखाले भेट्टाएसम्म हेरिरहिन् र पछि आफ्ना पाँचशय सेविकाहरू साथ आफ्नै देशतर्फ फर्किन् ।

यस जन्ममा सुमेध ऋषि ऋषि नै भएर जीवन बिताउनु भयो । त्यसपछिको जन्म देखि सुमेध ऋषि हुने बोधिसत्त्व र सुमित्रा हुने केटी जन्म जन्मसम्म पति पत्नीको रूपमा जीवन बिताएर बुद्ध हुनका लागि पारमिता पूर्ण गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# (ख) सार कल्प

## ५) कौण्डन्य बुद्ध

कौण्डन्य बुद्ध अट्ठाइस जना बुद्धहरू मध्ये पाँचौ बुद्ध हुनुहुन्छ ।

दीपंकर बुद्ध लोकमा उत्पन्न भएर वहाँ परिनिर्वाण भइ सकेपछि सारमन्द कल्प विनाश भएर असंख्य सुन्य कल्प उत्पन्न भइसकेपछि मात्र सार कल्प उत्पन्न भयो । यही कल्पमा लोकमा अविद्या अन्धकारलाई नाश गर्न कोण्डन्य बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको थियो ।

कौण्डन्य बुद्ध रमावती देशमा जन्मनु भएको थियो । रमावती देशमा राज्य गरिरहेका सुनन्द राजाका अग्रमहारानी सुजाताको कोखबाट जन्म हुनु भएको थियो । वहाँ बोधिसत्त्व कौण्डन्यको ३ वटा दरबारहरू थिए । यिनीहरूका नाम यसप्रकार थिए –

१. राम दरबार

२. सुराम दरबार

३. शुभ दरबार

बोधिसत्त्व कौण्डन्यको सुचिदेवी नामक राजकुमारी सँग विवाह भएको थियो जसको ३ लाख सेविकाहरू थिए ।



Downloaded from http://www.dhamma.digital

कौण्डन्य बोधिसत्त्वले दश हजार वर्षसम्म काम सुख र राज्य सुखको अनुभव गर्नुभयो। युवराज्ञी सुचिदेवीको तर्फबाट वहाँको विजित सेन भन्ने एक जना पुत्रको पनि जन्म भएको थियो। एकदिन बोधिसत्त्वले बुढाबुढी, रोगी, मृतक र भिक्षु आदि चार निमित्त देखेर मनमा साह्रै संवेग उत्पन्न भयो गृहस्थीबाट विरक्तिनु भयो। यसैले आजानी घोडाले तान्ने रथमा चढ्नुभई वहाँ गृहस्थी त्याग गरी बाहिर जानुभयो। वहाँको धेरै सेवकहरू वहाँकै पछि लागेर प्रव्रजित भएर गए। सेवकहरू सहित वहाँले दश महिनासम्म दुष्कर चर्या गर्नु भई वैशाख पूर्णिमाको दिनमा सुनन्द नामक द्वारेकी छोरी यशोधरा नामक कन्याले दान गरेको क्षीर भोजन गर्नुभई, सुनन्दक भन्ने आजीवकले दान दिएको आठ मुट्ठा घाँस साल कल्याणी (शाल वृक्ष) भन्ने बोधिवृक्षको मुनि बिछ्याई त्यसपछि उत्पन्न भएको आसनमा बस्नुभई, वीर्यवललाई अगाडि सारेर बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभयो। बुद्ध भई सक्नु भएपछि सप्तसप्ताह (४९ दिन) सम्म त्यहीं बिताउनु भयो। अट्ठम सप्ताहमा वहाँसँग धर्मदेशना गर्नको लागि ब्रह्माले प्रार्थना गर्न आएको स्वीकार गर्नुभई कसैलाई उपदेश दिनको लागि आफ्नो ज्ञान दृष्टिबाट हेर्नु भयो। त्यस अवस्थामा वहाँले आफूसँगै गृह त्याग गरी आएका सेवकहरूलाई देख्नुभयो। त्यहीं जानको निमित्त वहाँले आकाश मार्गबाटै अमरावती



Downloaded from http://www.dhamma.digital

भन्ने देशमा देवताहरूको बगैंचामा जानुभयो । त्यहाँ वहाँले आफूसँगै गृह त्याग गरी प्रव्रजित भईरहेका व्यक्तिहरूलाई धर्मचक्र सूत्र देशना गर्नुभयो । धर्मचक्र सूत्र सुनेर धेरै देव र मनुष्यहरूले निर्वाण साक्षात्कार गरे ।

कौण्डन्य बुद्धका अग्र श्रावक (भिक्षुहरू) - भद्र भिक्षु र सुभद्र भिक्षु

कौण्डन्य बुद्धका अग्र श्राविकाहरू (भिक्षुणीहरू) - तिस्साथेरी र उपतिस्साथेरी

कौण्डन्य बुद्धका अग्र उपासकहरू - शोण र उपशोण

कौण्डन्य बुद्धका अग्र उपासिकाहरू - नन्दा दायिका सिरिमा दायिका

कौण्डन्य बुद्धका निजी सेवक - अनिरुद्ध

कौण्डन्य बुद्धको शारीरिक उचाई - ८८ हात

कौण्डन्य बुद्ध मनुष्यहरूको आयु १ लाख वर्ष भएको समयमा बुद्ध हुनु भएको थियो ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

कौण्डन्य तथागतले देश देश गाउँ गाउँमा धर्म प्रचार गर्नुभएको अवस्थामा गौतम बुद्ध हुने बोधिसत्त्व "विजितावी" भन्ने चक्रवर्ती राजा भएर चन्दवती भन्ने देशमा राज्य गरिरहनु भएको थियो । वहाँले त्यसवेला सुमेरु पर्वत र युगन्धर पर्वत सहित सारा पृथ्वीमा राज्य गर्नु भएको थियो । त्यत्रो ठूलो राज्यमा कुनै प्रकारको दण्ड



Downloaded from http://www.dhamma.digital

र अपराधको घटना नभएकोले शस्त्र अस्त्रहरू प्रयोग गर्न नपरिकन नै धार्मिकपूर्वक राज्य गर्न पाएको थियो भनेर उल्लेख भएको थियो।

एकदिन कौण्डन्य तथागत धेरै अरहन्त भिक्षुहरूका साथमा एक देशबाट अर्को देशमा घुम्दै चन्दवती देशमा भित्रिनु भयो। त्यस अवस्थामा त्यस देशका राजा भइरहनु भएका बोधिसत्त्व विजितावीले यो खबर सुनेर प्रीति सहित हर्षले गद्गद् भएर स्वयं आफैंले तथागतलाई स्वागत गर्न जानु भयो। तथागतलाई भनेर बनाई राखेको विहारमा राख्नु भई भोलिको निमित्त भोजनको निमन्त्रणा गर्नुभई फर्कनु भयो। भोलिपल्ट तथागत सहित धेरै भिक्षुहरूलाई भोजन दान दिनु भयो। भोजनको अनुमोदन पछि बुद्धको सन्मुख बस्नु भई धर्म देशना सुन्नुभयो र वहाँले यसरी विन्ति गर्नुभयो– "तथागत! हामी दुःखीहरू माथि करुणा राखी यहीं वर्षावास बस्नुहोस्।" तथागतले बोधिसत्त्व राजाको प्रार्थनालाई अनुमोदन सहित स्वीकार गर्नुभई तीन महिनासम्म त्यहीं वर्षावास बस्नु भयो। यही मौकामा विजितावी चक्रवर्ती राजा सहित सबै जनताहरूले ३ महिनासम्म असदिस दान गरेका थिए। कसैले पनि दान दिन नसक्ने तरिकाले दिने दानलाई असदिस दान भनिन्छ।

तीन महिना पूर्ण भएको दिनमा भोजनदानको अनुमोदन पछि कौण्डन्य तथागतले आफ्नो अनागतंस



Downloaded from http://www.dhamma.digital

ज्ञानबाट हेर्नुभई वहाँ श्रद्धावान चक्रवर्ती राजा विजितावी भविष्यको भद्रकल्पमा गौतम भन्ने गोत्र लिई जन्मनु भई चतुआर्य सत्य बोध गर्नुभई अवश्य पनि बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नुभयो । त्यतिमात्र होइन वहाँका अग्रश्रावक र अग्रश्राविका हुने सबैको भविष्यवाणी गर्नुभयो । विजितावी राजाले यो भविष्यवाणी सुन्ने वित्तिकै आजै बुद्ध हुने जस्तो गरी हर्ष र उत्साहित भएर राज्य त्याग गरी त्रिपिटक अध्ययन गर्नुभयो र आठ अंगले पूर्ण भएको समाधि लाभ गर्नुभई ५ अंगपूर्ण भएको अभिज्ञा समेत लाभ गर्नुभयो । आफ्नो जीवन पछि वहाँ ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सारमन्द कल्प

## ६) मंगल बुद्ध

मंगल बुद्ध अट्ठाइसौं बुद्धहरू मध्ये छैठौं बुद्ध हो ।

कौण्डन्य बुद्धले धर्म उपदेश दिनु हुँदै संसारिक स्वभाव धर्म अनुसार परिनिर्वाण हुनुभयो । वहाँको परिनिर्वाण पछि अनित्य स्वभाव धर्म अनुसार कल्प नाश हुँदै नयाँ कल्प उत्पन्न भयो । त्यस कल्पमा पारमिता पूर्ण भएका बोधिसत्त्वहरूको अभाव भएको कारणले बुद्ध उत्पन्न हुन सकेन । यसकारण एक असंख्य कल्पसम्म सून्य कल्प नै आइरह्यो । त्यसपछि आएको सारमन्द कल्पमा चार जना बुद्धहरू यसप्रकार क्रमैसँग उत्पन्न हुनुभयो ।

१. मंगल बुद्ध

२. सुमन बुद्ध

३. रेवत बुद्ध

४. शोभित बुद्ध

मंगल बुद्ध हुने बोधिसत्त्व तुसित भूवनबाट आउनुभई उत्तर भन्ने देशमा उत्तरा भन्ने राजाको कुलमा वहाँका अग्र महारानी उत्तरा देवीको गर्भमा रहनुभयो । मंगल बुद्ध



Downloaded from http://www.dhamma.digital

हुने बोधिसत्त्व गर्भमा बास बसे देखि आमाको शरीरबाट अत्यन्तै तेज निस्किएर चन्द्र र सूर्य नै धमिलो जस्तो हुन गयो । अग्र महारानी उत्तरा देवीको शरीरबाट तेज निस्किएको कारणले वहाँ जहाँ गएतापनि एक योजनसम्म अँध्यारो बिलाएर जान्थ्यो । दश महिना पूर्ण भएपछि उत्तरम भन्ने मनोहर बगैंचामा बोधिसत्त्वको जन्म भयो । जन्म हुनासाथ बोधिसत्त्वलाई सेवा सुश्रुषाको निमित्त ६८ जवान धाईहरू राखिदिए । शिशु जन्मे देखिन अनेक प्रकारका मंगलहरू परिपूर्ण भएकोले शिशुलाई मंगल भनेर नामाकरण गरियो ।

क्रमैसँग राजकुमार वयस्क अवस्थामा पुगिसकेपछि वहाँलाई तीनवटा मौसम अनुसार बस्नु हुने तीनवटा दरबार बनाई दियो । यसको नाम यसप्रकार थियो –

१. यशवा दरबार

२. सुचिमा दरबार

३. सिरिमा दरबार

उक्त दरबारहरूमा बोधिसत्त्व मंगलले युवराज्ञी यशवती प्रमुख अन्य ३० हजार सेविकाहरूसँग नौ हजार वर्षसम्म सुख भोग गर्नुभयो । रुप लक्षणले परिपूर्ण यशवती युवराज्ञीको कोखबाट बोधिसत्त्व शीलव भन्ने एक पुत्र जन्म भयो । पुत्र जन्मेको केही दिन पछि बोधिसत्त्वले बुढा बुढी, रोगी, मृतक र एक भिक्षु अर्थात् त्यागी आदि चार देखेर



Downloaded from http://www.dhamma.digital

अत्यन्त विरक्त भइ पन्दर भन्ने घोडा चढेर गृह त्याग गर्नुभयो ।

बोधिसत्त्वले गृहत्याग गरेको खबर सुनी तीन करोड व्यक्तिहरू पनि वहाँकै पछि लाग्दै भिक्षु भएर गए । तीन करोड भिक्षुहरू सहित जंगलमा आठ महिनासम्म दुष्कर चर्या गरी वैशाख पूर्णिमाको दिन उत्तरा भन्ने गाउँको सेंठको छोरी उत्तरा कन्याले दान दिएको क्षीर भोजन गर्नु भयो । वहाँले उत्तर भन्ने परिब्राजकले दान दिएको आठ मुट्ठा घाँस गांगो रुख (नाग वृक्ष) मुनि छरिदिनु भयो । तुरुन्तै त्यहाँ ५८ हात लामो आसन उत्पन्न भयो । त्यही आसनमा चार वीर्यलाई अघि सार्दै तपस्या गर्नुभयो ।

उक्त आसनमा बसेर मंगल बोधिसत्त्वले घाम डुब्न अगावै पञ्चमारलाई जित्नुभई रात्रीको प्रथम, द्वितीय र तृतीय याममा पुब्बे निवास ज्ञान र आसवक्खय ज्ञान प्राप्त गरी बोधिज्ञान लाभ गर्नुभई बुद्ध बन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## मंगल बुद्धको विशेषता

अरु बुद्धहरूको प्राकृतिक स्वभाव अनुसार सबभन्दा बढी तेज बाह्र योजन छ भने सबभन्दा कम चारहातसम्म मात्र हुन्थ्यो । तर मंगल बुद्धको तेज दश हजार चक्रवालसम्म सधैं एकैनाशले फैलिरहन्थ्यो । त्यसबेला मंगल बुद्धको यस प्रकारको तेजले गर्दा जति पनि घर, विहार, मण्डप आदि आदि सम्पूर्ण वस्तुहरू छन् त्यसैबाट तेज निस्किएको हो कि जस्तो भान मानिसहरूमा पर्दथ्यो । त्यतिमात्र नभई मंगल बुद्ध लोकमा उत्पन्न भएर वहाँको तेजले चन्द्र सूर्यको तेज नै अल्प जस्तो हुने भएकोले त्यस अवस्थामा मानिसहरूले दिन र रातलाई नै छुट्याउन मुस्किल पर्दथ्यो । त्यसबेलाका मानिसहरूले दिनमा र रातमा फुल्ने फूलबाट मात्र दिन र रातलाई छुट्याउने गर्थ्यो । साथै मानिसहरूले बुद्धको तेजमा बसेर नै सम्पूर्ण कामहरू सिद्ध गर्थ्यो ।

## मंगल बुद्धको कामना

संसारमा सम्पूर्ण वस्तुको कारण र फल भए जस्तै मंगल बुद्धको यस्तो अद्वितीय तेज हुनुको कारणको बारेमा यसरी उल्लेख भएको –

एक जन्ममा वहाँ मंगल बुद्ध बोधिसत्त्व हुँदा आफ्नी पत्नी र दुई छोराहरू सहित ठूलो पहाडको बीचमा गई ध्यान गर्न जानु भएको बेलामा खरदायिका भन्ने अत्यन्त



Downloaded from http://www.dhamma.digital

भयंकर राक्षसले ब्राह्मणको भेष लिएर बोधिसत्त्वसँग वहाँका दुवै जना छोराहरू माग्यो । छोराहरू माग्न आएको शब्द सुन्ने बित्तिकै बोधिसत्त्व हर्षित भएर दुवै छोराहरू भेषधारी ब्राह्मणको हातमा राखिदिनुभयो । त्यसपछि ब्राह्मण भेषधारी राक्षसले बोधिसत्त्वको अगाडि नै ब्राह्मणको भेष छोडेर राक्षसको भेष धारण गरी बोधिसत्त्वका दुवै छोराहरूलाई मारेर मुला चपाए झैं चपाएर खाइदियो । यसरी आफ्नै अगाडि आफ्नो छोराहरूलाई भलभलती रगत बग्ने गरिकन चपाएर खाएको देखेर बुबा भइरहनु एको बोधिसत्त्वले आफूले दान दिएको सदुपयोग भएको र आफ्नै अगाडि ग्रहण गरेको देखेर आफ्नो चित्तलाई धैर्य गरी यसरी प्रार्थना गर्नुभयो– "पछि म चतुआर्य सत्यलाई बुझ्ने भएर बुद्ध हुने अवस्थामा मेरो शरीरबाट निस्किने तेज (रश्मि) दश हजार चक्रवालसम्म कहिँ पनि अँध्यारो नहुने गरी जाज्वल्यमान होस् ।"

यति मात्र नभई वहाँले अर्को पनि पुण्य गर्नु भएको थियो । एकजना बुद्धको अस्थि भएको चैत्य देखेर श्रद्धापूर्वक आफ्नो शरीरमा कपडाले बेरेर त्यसमाथि घिउ खन्याएर आगो बालेर चैत्यमा श्रद्धापूर्वक पूजा गर्नु भएको थियो । तैपनि वहाँको शरीरमा आगोको कारणले कुनै दुःख पीडा भएन । "धम्मोहवे रक्खतीतिधम्मचारी" भने जस्तै जुन व्यक्तिले धर्मलाई रक्षा गर्छ त्यसलाई



Downloaded from http://www.dhamma.digital

धर्मले रक्षा गरे झैं वहाँको शरीरमा कुनै हानि नोक्सानी भएन। यही पुण्यले गर्दा अरु बुद्धहरू भन्दा मंगलबुद्धको तेज दश हजार चक्रवालसम्म एकै नाशले फैलिन पुगेको हो।

वहाँले चतुआर्य सत्यलाई बुझेर बुद्ध भइसक्नु भएपछि बोधिवृक्ष मुनि सप्त सप्ताहसम्म बस्नुभयो। आठौं सप्ताहमा ब्रह्मा आएर धर्मदेशनाको लागि प्रार्थना गर्न आएकोले उक्त प्रार्थनालाई स्वीकार गरेर बुद्धले यस चक्रवालमा आफ्नो ज्ञान दृष्टिले हेर्नु भएको अवस्थामा वहाँसँगै गृहत्याग गरी आएका तीन करोड साथीहरूलाई देख्नुभयो। मंगलबुद्ध यिनीहरू बसिरहेको सिरिवड्ढन भन्ने रमणीय जंगलमा जानुभई आफूले प्राप्त गर्नुभएको चतुआर्य सत्य ज्ञानको देशना गर्नुभयो। त्यसपछि यी तीन करोड व्यक्तिहरू सबै भिक्षु भए। त्यस अवस्थामा धेरै देव ब्रह्माहरू पनि बुद्धको अमृतमय ज्ञान प्राप्त गर्न सफल भए। मंगल बुद्धले अनेकन देश गाउँ घुमफिर गर्दै धर्मप्रचार गर्नुभयो।

मंगल बुद्धका अग्रश्रावकहरू - सुदेव भिक्षु र धम्म सेना भिक्षु

मंगल बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी सीवलाथेरी र भिक्षुणी अशोकाथेरी



Downloaded from http://www.dhamma.digital

मंगल बुद्धका निजी सेवक - भिक्षु पालित

मंगल बुद्धका मुख्य दायकहरू - नन्द र विशाखा

मंगल बुद्धका मुख्य उपासिकाहरू - अनूल र सुत्तना

मंगल बुद्धको शारीरिक उचाईं - ८८ हात अग्लो

मंगल बुद्ध मनुष्यहरूको आयु ९० हजार वर्ष भएको समयमा जन्म हुनु आउनु भएको थियो ।

मंगल बुद्धका श्रावक श्राविकाहरू सबै अरहन्त हुनु भएका थिए । बुद्धका समिप आउन नसकेकाहरू मात्र अरहन्त हुन सकेन ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

त्यस अवस्थामा गौतम बुद्ध हुने बोधिसत्त्व दीपंकर तथागतको समयमा सुमेध ऋषि हुनु भएको बेलामा दीपंकर बुद्धबाट बुद्ध हुने नियत ब्याधि प्राप्त गरिसकेपछि संसारको जन्म मरणको चक्रमा घुम्दै मंगल बुद्धको समयमा सुरुचि भन्ने ब्राह्मण भएर निगन्धु ग्रन्थ, तीन वेद, लोकायत ग्रन्थ, महापुरिस लक्षण ग्रन्थ आदि ज्ञानले पारंगत हुनु भएको थियो । त्यतिमात्र नभई सुरुचि ब्राह्मण त्यस अवस्थामा धन सम्पत्तिले परिपूर्ण सबैभन्दा उच्च धनाढ्य सेठ हुनुहुन्थ्यो ।

एकदिन सुरुचि ब्राह्मण मंगल बुद्ध कहाँ गई धर्म देशना सुन्ने वित्तिकै मन अत्यन्त प्रशन्न भई बुद्ध प्रति



Downloaded from http://www.dhamma.digital

श्रद्धा उत्पन्न भयो । वहाँले मंगल बुद्ध सहित भिक्षु संघलाई भोलिको निमित्त भोजनको निमन्त्रणा गर्नुभयो । सुरुचि बोधिसत्त्वले भोजन निमन्त्रणा गर्नुभएकोले मंगल बुद्धले यसप्रकार प्रश्न गर्नुभयो– "कति जवान भिक्षुहरू निमन्त्रणा गर्ने ?" यो कुरा सुनेर सुरुचि ब्राह्मणले भन्नुभयो– "तपाईंसँग कति जना भिक्षुहरू हुनुहुन्छ ?" बुद्धले भन्नुभयो– "सबै चेलाहरू गरेर एकलाख करोड भिक्षुहरू छन् ।"

सुरुचि बोधिसत्त्वले बुद्ध प्रमुख एक लाख करोड भिक्षुहरू सबैलाई घरमा निमन्त्रणा गर्नुभयो । बुद्धले मौन हुनुभई भोजन स्वीकार गर्नुभयो । बोधिसत्त्व ब्राह्मणले भोजन निमन्त्रणा गरेर फर्केपछि त्यति ठूलो संख्यामा भिक्षुहरूलाई कहाँ राखेर भोजन गराउने होला भनेर पीर गर्नुभयो । पीरले गर्दा बोधिसत्त्व रातमा निदाउनै सक्नुभएन । यही कारणले गर्दा तावतिंस देवलोकमा इन्द्रको आसन नै डगमगाउन पुगेछ ।

यसैले देवराज इन्द्र मनुष्य लोकमा सिकर्मीको भेष लिएर बोधिसत्त्व ब्राह्मण कहाँ आई यसरी सोध्यो– "यहाँ सिकर्मीको काम छ कि ?"

ब्राह्मण - "तिमीलाई के के बनाउन आउँछ ?"

इन्द्र - "मैले धर्मशाला, विहार, घर आदि सबै बनाउन



Downloaded from http://www.dhamma.digital

आउँछ। यति सुनि सकेपछि सुरुचि ब्राह्मणले भेषधारी सिकर्मीलाई काम गरे वापत कति पारिश्रमिक लिने हो भनि सोद्धा पहिले काम नै सिध्याउँछु पछि मात्र पारिश्रमिक लिनेछु भनि काम गर्न शुरु गरे।

सिकर्मीले सात प्रकारको रत्न जडित अत्यन्त राम्रो धर्मशाला बनायो। सुनको लट्ठामा चाँदीको फूल र चाँदीको लट्ठामा सुनको फूल, सुनको लट्ठामा माणिक हेरा जडित आदि बुट्टा राखेर धर्मशाला बनायो। धर्मशालाको चारैतिर अनेक रत्नको बारहरू राखिदियो। फेरि भिक्षु संघको निमित्त पिउने पानी, पात्र धुनका लागि पानीको व्यवस्था आदि समेत सबै आवश्यक सामानहरू पुऱ्याइदिए। यसप्रकार धर्मशालाको निर्माण देखि सबै चाहिने व्यवस्था मिलाएर सुरुचि बोधिसत्त्वलाई देखायो। वहाँ धेरै हर्षित हुनुभयो।

यो धर्मशाला पक्का पनि देवताहरू आएर नै बनाइ दिनु भएको होला भनेर मनमा राखेर सुरुची ब्राह्मणको यस धर्मशाला प्रति ठूलो श्रद्धा उत्पन्न भयो। यस्तरी राम्रो भव्य धर्मशालामा एकदिन मात्र भोजन गराएर के गर्ने भनेर सात दिनसम्म भोजन गराउने निश्चित गर्नुभयो। यस्तो मनमा राखेर बोधिसत्त्वले बुद्ध कहाँ गएर प्रार्थना गर्नुभयो। बुद्धले प्रार्थना स्वीकार गर्नु भएकोले बोधिसत्त्वले सातदिन सम्म बुद्ध प्रमुख एकलाख करोड भिक्षुहरूलाई



Downloaded from http://www.dhamma.digital

गवपान भन्ने क्षीर भोजन दान गर्नुभयो । यसरी भोजन दान गर्नु भएको वेलमा १२ योजन भएको धर्मशाला पनि सानो जस्तो हुन गयो । यसैले भिक्षुहरूले आ-आफ्नो ऋद्धि वलले धर्मशालालाई ठूलो बनाएर बस्नु भयो । सात दिनसम्म लगातार देवताहरू र मनुष्यहरूले धेरै श्रद्धा वृद्धि गरेर भोजन दान गर्नुभयो । सातदिनको समयमा सुरुची बोधिसत्त्वले सबै भिक्षुहरूलाई चीवर पात्र, घीउ, तेल, मह सखर आदि दान गर्नुभयो ।

त्यस अवस्थामा मंगल बुद्धले भोजन अनुमोदन गर्नुभयो । त्यस अवस्थामा मंगल बुद्धले भोजन अनुमोदन गर्नुभई धर्मदेशना पछि आफ्नो अनागतंस ज्ञानबाट हेर्दा सुरुची बोधिसत्त्व भविष्यमा बुद्ध हुने लक्षण देख्नुभयो । यसैले मंगल बुद्धले सुरुची बोधिसत्त्वलाई यसरी भन्नुभयो– "हे सुरुची उपासक ! तिमी एक लाख दुई असंख्य कल्प पछि गौतम नामले म जस्तै बुद्ध हुनेछौ ।" यसरी मंगल बुद्धको मुखबाट भविष्यमा बुद्ध हुने आशीर्वाद सुने आज नै बुद्ध हुने जस्तो गरी हर्षले विभोर हुनुभयो ।

त्यसपछि सुरुची बोधिसत्त्वले आफू निश्चय नै बुद्ध हुने भएकाले आफू यसरी गृहस्थीमा रहेर कामसुखमा भुलिरहन योग्य नभई छिट्टै नै गृह जंजाललाई त्यागेर बुद्ध शासनमा प्रव्रज्या हुने इच्छा गर्नुभई सम्पूर्ण गृहस्थी धन सम्पत्ति त्याग गरेर प्रव्रजित हुनुभयो । प्रव्रजित भएर बुद्धको



Downloaded from http://www.dhamma.digital

त्रिपिटक धर्म अध्ययन गर्नुभई उहाँले पाँच अभिञ्ञाण र आठ समापति प्राप्त गर्नुभयो। यसरी आफ्नो जीवन समाप्ति पछि ब्रह्मलोकमा जन्मनुभयो।

☸

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सारमन्द कल्प

## ७. सुमन बुद्ध

सुमन बुद्ध २८ औं बुद्धहरू मध्ये सातौं बुद्ध हुनुहुन्छ। मंगल बुद्धको परिनिर्वाण पछि क्रमैसँग मनुष्यहरूको आयु घट्दै दश वर्षसम्म पुग्न गयो। त्यसपछि कलियुग आइसकेपछि क्रमैसँग मनुष्यहरूको आयु बढ्दै असंख्य आयु भएको कल्पसम्म पनि पुग्न गयो। फेरि असंख्य आयुबाट क्रमैसँग झण्डै नब्बे हजार वर्षको आयु पुगेको अवस्थामा निर्वाणको बाटो देखाउनु हुने सुमन बुद्ध लोकमा उत्पन्न हुनुभयो। उहाँ सुमन बुद्ध मेखला भन्ने देशमा सुदत्त भन्ने राजाको कुलमा सिरीमा भन्ने अग्र महारानीको गर्भमा जन्म हुनुभयो। वैंश पूर्ण भएपछि वहाँलाई तीनवटा ऋतुमा बस्न योग्य हुनेगरी तीनवटा दरबार बनाइदियो। यी हुन् –

१. चन्द दरबार

२. सुचन्द दरबार

३. वत्तंस दरबार

उहाँ यी तीन प्रासादमा वतंसिका युवराज्ञी प्रमुख ६३ लाख सेविकाहरूले सेवा गराएर ९ हजार वर्षसम्म सुख भोग गर्नुभयो। वत्तंसिका युवराज्ञीबाट उहाँको अनुपम



Downloaded from http://www.dhamma.digital

भन्ने एक पुत्र पनि जन्मियो । सुमन बोधिसत्त्वले बुढा-बुढी, रोगी र एक भिक्षु आदि चार निमित्त देख्नु भयो । यी चार निमित्त देखेपछि बोधिसत्त्वको मनमा संवेग उत्पन्न भयो फलस्वरुप उहाँले मंगल हात्ती चढेर गृह त्याग गर्नुभयो । बोधिसत्त्वले गृहत्याग गरेको सुनेर उहाँका ३० करोड (तीस करोड) सेवकहरू पनि उहाँकै पछि लागि त्यागी भए ।

बोधिसत्त्व आफ्ना सेवक तीस करोड त्यागीहरूका साथ दश महिनासम्म दुष्कर चर्या गर्नु भई बैशाख पूर्णिमाको दिन अनोमा भन्ने निगममा बस्ने अनुपम भन्ने महाजनको छोरीले चढाएको क्षीर भोजन ग्रहण गर्नुभई अनुपम भन्ने आजिवकले दान दिएको आठ मुट्ठा घाँस गांगो वृष (नाग वृक्ष) मुनि बिछ्याउनु भयो । त्यही घाँसको आसनमा बस्नु भई चार वीर्यलाई अघिसारी ध्यान गर्नुभयो । घाम अस्ताउनअघि नै धेरै सेना सहित आएका देवपुत्र मारलाई जित्नु भयो । यति भइसकेपछि क्रमशः रात्रीको तीनवटा प्रहरमा तीनवटै ज्ञान प्राप्त गर्नुभई बुद्ध बन्नुभयो ।

उहाँ बुद्ध भइसकेपछि सप्त सप्ताह (४९ दिन) सम्म नाग वृक्ष (बोधि वृक्ष) मुनि नै बस्नुभयो । यसपछि ब्रह्मा आउनु भई उहाँले प्राप्त गर्नु भएको धर्मदेशना गर्नको निमित्त प्रार्थना गर्न आउनु भयो । यस प्रार्थना स्वीकार गर्नुभई अब कसलाई धर्म प्रचार गरौं भनी ज्ञान दृष्टिले हेर्नु



Downloaded from http://www.dhamma.digital

भएको बेलामा आफूसँगै गृहत्याग गरी आएका ३० करोड भिक्षुहरू आफ्नो कान्छी आमाको छोरा शरण राजकुमार (सुमन बुद्धका भाई) र पुरोहितको छोरा सावितत्थ भन्ने कुमार आदिलाई बुद्धको उपदेश सुन्ने संस्कार भएकाहरू हुन् भनेर ज्ञानद्वारा थाहा पाउनु भयो । यसैले सुमन बुद्धले आफ्नो ऋद्धिबल प्रयोग गर्नु भई बुद्धगया देखिन आकाश मार्गबाटै मेखला भन्ने बगैंचामा जानुभयो । बगैंचामा पुग्नु भई भाई शरण र पुरोहितको छोरा सावितत्थ कुमार सहित आफूसँगै गृहत्याग गरी आउनु भएका तीस करोड भिक्षुहरू र एकलाख परिषद्हरूलाई धर्मचक्र सूत्र देशना गर्नुभयो । धर्मदेशना सुनेर धेरै देव मनुष्यहरूले अमूल्य ज्ञान लाभ गर्न सफल भए ।

सुमन बुद्धको अग्रश्रावकहरू - भिक्षु शरण र भिक्षु सावितत्थ

सुमन बुद्धकोअग्र श्राविकाहरू - भिक्षुणी शोणाथेरी र उपशोणाथेरी

सुमन बुद्धको निजी सेवक - भिक्षु उदेन कुमार

सुमन बुद्धको मुख्य उपासकहरू - वरुण र शरण

सुमन बुद्धको मुख्य उपासिकाहरू - चाला र उपचाला

सुमन बुद्धको शारीरिक उचाई ९० हात थियो । उहाँ बुद्ध हुनु भएको अवस्थामा मनुष्यहरूको आयु ९० हजार वर्षको थियो ।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

सुमन बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व अटुल भन्ने नागराजा भएको रहेछ। सुमन बुद्धले बुद्धत्त्व प्राप्त गर्नुभई ठाउँ ठाउँमा धर्म प्रचार गर्नुभई रहेको समयमा बोधिसत्त्व नागराजा अटुल नागराजा अटुल नामले अत्यन्त ऋद्धि शक्तिले सम्पन्नभएर नागलोकमा रहनु भएको थियो।

संसारमा अविद्या अन्धकारलाई नाश गर्न सक्ने बुद्ध उत्पन्न हुनु भएको समाचार सुनेर अटुल नागराजा आफ्ना सपरिवार साथ बुद्ध समक्ष उपस्थित भए। त्यहाँ पुगेर अटुल नागराजाले बुद्धलाई अनेक प्रकारका बाजा गाजाद्वारा पूजा गर्नु भई बस्त्र आदि दान गर्नु भई त्रिशरण गमन र पञ्चशील प्रार्थना गर्नु भयो।

यसप्रकारको श्रद्धा भएको नागराजालाई देख्नु भएर सुमन बुद्धले आफ्नो अनागत ज्ञानबाट यी नागराजा भद्रकल्पमा गौतम कूलमा शाक्यमुनि बुद्ध हुनेछन् भनेर जान्नुभयो। त्यसपछि सुमन बुद्धले अटुल नागराजालाई भद्रकल्पमा गौतमबुद्ध हुनेछ भनेर भविष्यवाणी र आशीर्वाद सुनेर अत्यन्त हर्षित भई आफ्नो नागलोकमा नै फर्केर जानुभयो।

❁



Downloaded from http://www.dhamma.digital

# सारमन्द कल्प

## ८) रेवत बुद्ध

रेवत बुद्ध अट्ठाइसौं बुद्धहरू मध्ये आठौं बुद्ध हुनुहुन्छ ।सुमन बुद्ध परिनिर्वाण हुनु भइसकेपछि मनुष्यहरूको आयु नब्बे हजार वर्ष भएको सत्ययुगबाट मनुष्यहरू कै लोभ, क्रोध आदि क्लेशको कारणले आयु घट्दै गएर १० (दश) वर्ष सम्म पुग्न आयो । यसरी युग नाश हुँदै गयो । फेरि सत्ययुग उत्पन्न भयो । सत्ययुगमा मनुष्यहरूको आयु बढ्दै फेरि असंख्य वर्षसम्म पुग्न गयो । मनुष्यहरूको क्लेशको कारणले गर्दा सयवर्षमा एक वर्षको रुपमा आयु बढ्दै गएर ६० हजारसम्म पुग्न गयो ।

यस समयमा तुसिता भुवनमा पारमि पूर्णगरी सक्नु भएका बोधिसत्त्वलाई देवताहरूले मनुष्यलोकमा बुद्ध हुन जानको निमित्त प्रार्थना गरेकोले बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातु आयु परिच्छेद) द्वारा परिस्थितिलाई हेर्नु भयो । परिस्थिति अनुकूल भएकोले मनुष्य लोकको सुधन्यवती भन्ने देशमा विपुल भन्ने राजाको कुलमा अग्रमहारानी विपुला देवीको



Downloaded from http://www.dhamma.digital

गर्भमा बास गर्नुभयो । क्रमशः दश महिना भएपछि वैशाख पूर्णिमाको दिन एउटा रमणीय बगैंचामा बोधिसत्त्वको जन्म भयो । उहाँलाई रेवत भनेर नामाकरण गरियो ।

रेवत बोधिसत्त्व वयस्क भएपछि उहाँलाई मौसमअनुसार बस्ने ३ वटा महलहरू बनाई दियो । यी यसप्रकार छन् –

१. सुदस्सन दरबार

२. रत्नग्धी दरबार

३. आवेल दरबार

रेवत बोधिसत्त्वलाई सुदस्सना युवराज्ञीसँग विवाह गराइदियो । यी तीनवटा दरबारमा रहेर रेवत बोधिसत्त्व सुदस्सना युवराज्ञी प्रमुख ३३ हजार सेविकाहरूसँग ६ हजार वर्षसम्म पञ्चकामसुख भोग गर्नुभयो ।

रेवत बोधिसत्त्वको सुदस्सना युवराज्ञीको तर्फबाट एउटा वरुण नामक पुत्ररत्न पनि प्राप्त भयो । यही अवस्थामा बोधिसत्त्वले चारवटा निमित्त (बुढाबुढी, रोगी, मृतक र एकजना त्यागी) देख्नु भई धेरै विरक्त हुनुभयो र संसारको सत्य स्वभाव धर्मलाई पनि बुझ्नु भयो । यति भइसकेपछि मङ्सिर पूर्णिमाको दिन चन्द्रमालाई सम्पूर्ण नक्षत्रले घेरे झैं चार अंगले युक्त भएको सेनापति सहित आजानी घोडाले तान्ने रथमा चढेर बोधिसत्त्वले दरबार त्याग गर्नुभई तपश्याको निमित्त जानु भयो । बोधिसत्त्व सँगै एक करोड परिवारहरूले पनि उहाँसँगै गृहत्याग गरे ।



Downloaded from http://www.dhamma.digital

रेवत बोधिसत्त्वले आफूसँगै गृहत्याग गरी आएका एक करोड परिवारहरू सहित सात महिनासम्म दुष्कर चर्या गर्नुभई वैशाख पूर्णिमाको दिन साधुदेवी भन्ने महाजन पुत्रीले दान दिएको क्षीर भोजन ४९ गाँस गरेर खानु भयो। त्यसपछि वरुलिण्ड भन्ने आजिवकले दान दिएको आठमुट्ठा घाँसलाई गांगो वृक्ष (नाग वृक्ष) मुनि बिछ्याउनु भयो। त्यहाँ ५३ हात लामो आसनमा बस्नु भई चार प्रकारको वीर्यलाई अघि सारी ध्यान गर्नुभयो। आसनमा बसिरहनु भएको समयमा उहाँले पाँच प्रकारको मारलाई जितेर महाअतुल भन्ने नाम प्राप्त गर्नुभयो। क्रमैसँग उहाँले त्यसै दिन पुब्बे निवास ज्ञान, दिब्ब चक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गर्नुभई रात्रीको अन्तिम प्रहरमा बोधिज्ञान प्राप्त गर्नुभई सर्वज्ञ बुद्ध हुनुभयो। रेवत बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको दिन देखिन बोधिवृक्षको आसपासमा सप्त सप्ताहसम्म (४९ दिन) रहनुभई आफूले प्राप्त गर्नु भएको बोधिज्ञान बारे अध्ययन गर्नुभयो। ४९ दिनसम्म उहाँले कुनै प्रकारको आहार सेवन गर्नु भएन।

४९ दिन पछि आफूले प्राप्त गर्नु भएको बोधिज्ञान अब कसलाई बोध गराउनु पर्ला भनेर आफ्नो ज्ञानद्वारा हेर्नु भएको बेलामा यस संसारमा प्रायः गरी मुनष्यहरू क्लेश आदिको कारणले गर्दा अज्ञानताले छोपि राखेको नै देख्नु भयो। यही अज्ञानताको कारणले गर्दा अमूल्य ज्ञानलाई



Downloaded from http://www.dhamma.digital

बुझ्न सक्ने हो कि होइन भनेर निराश हुनु भयो। यही अवस्थामा ब्रह्मा आएर उहाँको सामुन्ने यसरी प्रार्थना गर्नु भयो कि यस संसारमा यसप्रकारका व्यक्तिहरू पनि नभएको होइन जसले बोधिज्ञानलाई बुझ्न सक्नेहरू पनि छन्। यसैले अमूल्य धर्मदेशना प्रकाश पार्न बुद्ध समक्ष प्रार्थना गर्नुभयो।

यसपछि ब्रह्माको प्रार्थनालाई स्वीकारेर आफ्नो अमूल्य ज्ञान कसलाई प्रकास पारौं भनी ज्ञानद्वारा हेर्नु भएको अवस्थामा उहाँसँगै गृहत्याग गरी आएका एक करोड परिवारहरूलाई देख्नु भयो। उनीहरूलाई ज्ञान दिनका लागि उहाँ वरुणाराम भन्ने बगैंचामा जानुभई अनेक प्रकारका ऋद्धि प्रातिहार्य देखाउनु भई धर्मचक्र प्रवर्तन गर्नुभयो। त्यस अवस्थामा धेरै मनुष्यहरूले श्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्त फलसम्म पनि प्राप्त गर्न सफल भएर मनुष्य जीवन सार्थक गरी लाभ उठाए र यसदिन देखि रेवत बुद्धले बोधिज्ञानलाई एकठाउँबाट अर्को ठाउँमा र गाउँ गाउँमा प्रचार गर्नुभयो।

रेवत बुद्धको अग्र श्रावक (भिक्षुहरू) - भिक्षु वरुण र भिक्षु ब्रह्मादेव

रेवत बुद्धको अग्र श्राविका (भिक्षुणीहरू) - भद्राथेरी र सुभद्रा थेरी

रेवत बुद्धको नीजि सेवक - भिक्षु सम्भव



Downloaded from http://www.dhamma.digital

रेवत बुद्धको उचाई - ८० हात लम्बाई

रेवत बुद्धको आयु - ६० हजार वर्ष

रेवत बुद्धको रश्मि (तेज) सधैं एक योजनसम्म फैलिरहन्छ ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

रेवत बुद्धको समयमा शाक्यमुनि बुद्ध हुने बोधिसत्त्व रमावती देशमा अतीदेव भन्ने ब्राह्मण भइरहेको थियो ।

रेवत बुद्धले धर्मचक्र देशना गरिसक्नु भएपछि उहाँको सद्उपदेश पनि प्रचार हुँदै गयो र बोधिसत्त्व हुनु भएका अतीदेव ब्राह्मणले पनि रेवत बुद्धको बारेमा जान्नुभयो । उहाँले रेवत बुद्ध दर्शन गर्न जानुभयो । बोधिचित्त संस्कार भएको उहाँ अतीदेव ब्राह्मणले ३२ महापुरुष लक्षण र ८० व्यञ्जनले युक्त रेवत बुद्धको शोभायमान भएको रुप देखेर ज्यादै प्रभावित भएर बुद्धको शील, समाधि र प्रज्ञा आदि गुणलाई एकहजार पंक्तिमा कविता बनाएर प्रशंसा गर्दै एकहजार मूल्य बराबरको चीवर बस्त्र दान गर्नुभयो । रेवत बुद्धले अतीदेव ब्राह्मणको अद्वितीय श्रद्धा देख्नुभई र यो ब्राह्मणको होला भनी आफ्नो अनागतंश ज्ञानद्वारा हेरी यसरी भविष्यवाणी गर्नुभयो– "यी श्रद्धावान् अतीदेव ब्राह्मण भविष्यमा भद्रकल्पमा मैले जस्तै तीनलोक (सत्तलोक, संखारलोक र ओकास लोक) मा अग्रबुद्ध बन्नेछ । उहाँ गौतम गोत्रको शाक्य कुलमा शाक्यमुनि गौतम बुद्ध नामले प्रख्यात हुनेछ ।" रेवत बुद्धको मुखबाट अतीदेव



Downloaded from http://www.dhamma.digital

ब्राह्मणले यसप्रकारको आशीर्वाद रुपी भविष्यवाणी सुनेर बोधिसत्त्व आफू अवश्य पनि बुद्ध हुने रहेछु भनेर हर्षित भई बाँकी पारमिताहरू पूर्ण गर्नमा उत्साहित हुनुभयो। बुद्ध हुने व्यक्तिले अल्सीपनालाई छोड्नु पर्छ भनेर आफूले आफैंलाई वीर्य बढाउनमा उत्साहित बनाएर दान, शील नैष्क्रम्य आदि दशपारमिता धर्मलाई पूर्ण गर्न दिनहुँ मेहनत गर्नुहुँदै सकेसम्म धार्मिक कार्य गर्दै समय बितिसकेपछि देवलोकमा जन्म हुनु भयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सारमन्द कल्प

## ९) शोभित बुद्ध

शोभित बुद्ध २८ जना बुद्धहरू मध्ये नवौं बुद्ध हुनुहुन्छ। रेवत बुद्ध परिनिर्वाण भइसक्नु भएपछि वहाँको सद्धर्म पनि विस्तारै लोप हुँदै गयो। जसको फलस्वरुप मानिसहरूमा पापकर्म पनि बढ्दै गयो त्यसैले मनुष्यहरूको आयु पनि क्रमशः घट्दै दशवर्षमात्र हुन गयो।

त्यसपछि फेरि मानिसहरूले धर्मलाई रक्षा गरेको कारणले मनुष्यहरूको आयु पनि क्रमशः बढ्दै गई असंख्य वर्षसम्म पुग्न गयो। जब मनुष्यहरूमा क्लेश बढ्न थाल्छ, त्यसकै कारणले शय वर्षमा एकवर्ष आयु घट्दै नब्बेहजार वर्ष पुग्न गयो।

यस अवस्थामा तुसिताभूवनमा पारमितापूर्ण गरिसक्नु भएका शोभित बोधिसत्त्वलाई देवताहरू आएर बुद्ध हुनको निमित्त प्रार्थना गरेको कारणले बोधिसत्त्वले मनुष्यलोकमा पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) गर्नुभयो र आफ्नो अनागतंस ज्ञानद्वारा हेर्नु भएको बेलामा यी पाँच तत्त्वहरू अनुकूल भइरहेको अवस्थालाई देख्नु भयो। मनुष्य लोकमा बुद्ध हुनको लागि जन्म भए पनि भयो भन्ने जानेर उहाँ तुसिताभूवनबाट झर्नु भई



Downloaded from http://www.dhamma.digital

जम्बुद्वीपको प्रख्यात सुधम्मा भन्ने देशमा राज्य गरिरहनु भएका सुधम्म भन्ने राजाका अग्रमहारानी सुधम्माको गर्भमा वास गर्नुभयो। क्रमशः दशमहिना पूर्ण भईसके पछि वैशाख पूर्णिमाका दिन उहाँ एक रमणीय बगैंचामा जन्म हुनुभयो। उहाँलाई शोभित नामले नामाकरण गरियो। शोभित बोधिसत्त्व वयस्क अवस्थामा पुगिसक्नु भएपछि उहाँलाई सप्तरत्नले युक्त भएको कुमुद पासाद, नालीय पासाद र पदुमा पासाद नामक तीनप्रकारका ऋतु अनुसार बस्न सकिने तीनवटा दरबार बनाई दियो। वैशपूर्ण भई सकेपछि उहाँलाई मखिला देवी युवराज्ञीसँग विवाह गराई दिनुभयो। उहाँ शोभित बोधिसत्त्व ती तीनवटा दरबारमा मखिलादेवी युवराज्ञी प्रमुख ७० हजार सेविकाहरूसँग २० हजार वर्षसम्म लौकिक सुख अनुभव गर्नुभयो। मखिला देवीको तर्फबाट सिंह कुमार नामक एकपुत्र पनि जन्म्यो। त्यसपछि उहाँ चार निमित्त (बुढाबुढी, रोगी, मृत व्यक्ति र त्यागी) देख्नु भई उहाँ विरक्त मात्र हुनु भएको होइन कि अत्यन्त त्रसित भयभित भई दरबारमा फर्कनु भयो। यसैले उहाँ शोभित बोधिसत्त्वले दरबारभित्र नै आफ्नो शीरको केश छेदन गर्नु भई प्रव्रज्या भएर आनापान ध्यानलाई वृद्धि गर्नुभई चार सतिपट्ठान ध्यानले युक्त भई दरबार भित्र नै सात दिनसम्म दुष्कर चर्या गर्नुभई आठ समापत्ति र पाँच अभिज्ञालाई साक्षात्कार गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

मिखलादेवी युवराज्ञीले दान दिएको क्षीर भोजन गर्नु भई त्यहीं आनापान ध्यान गर्दै ऋद्धि प्राप्त गर्नुभयो । वहाँले राजदरबार त्याग गर्ने चित्त बार बार उत्पन्न भइरहेकोले यसरी वहाँले अधिस्थान गर्नुभयो– "जुन स्थानमा मैले बोधिज्ञान प्राप्त गर्न सकिने छ, त्यस स्थानमा यो मेरो राजदरबार पुगोस् ।"

बोधिसत्त्वको अधिस्थान अनुसार राजदरबार एकैचोटि आकाश मार्गबाट उडेर गयो । त्यस अवस्थामा उडेर गईरहेको राजदरबार भित्र बाजागाजा पनि पूर्ण भएको हुनाले बाजाको आवाज पनि गुन्जिरहेको थियो । दरबार उडेर जाँदा धेरै माथिसम्म नपुगि रुखको माथिबाट मात्र उडेको थियो गांगो (नाग वृक्ष) बोधिवृक्षको मुनि दरबार अडियो । त्यहाँ पुग्दा फेरि बोधिसत्त्वले यसरी अधिस्थान गर्नुभयो– "मेले बाहिर जाउँ भन्न नपर्ने गरिकन यस दरबार भित्र रहेका सबै मानिसहरू बाहिर जावोस् ।"

उहाँको अधिष्ठान अनुसार दरबारभित्र रहेका सम्पूर्ण नरनारीहरू बाहिर गयो । दरबार भित्र बोधिसत्त्व एक्लै हुनुभयो । बोधिवृक्ष मुनि अडिएको दरबारभित्र नै रहनुभई उहाँ ध्यानमा बस्नु भयो र त्यहीं नै उहाँले बोधिज्ञान प्राप्त गरी बुद्ध बन्नुभयो ।

यसरी शोभित बुद्धले चतुआर्य सत्य ज्ञान बुझ्नु भई सप्तसप्ताह (४९ दिन) सम्म बोधिवृक्षको दायाँ बायाँ



Downloaded from http://www.dhamma.digital

सात सात दिन सात ठाउँमा रहनु भई बोधिज्ञान बारे जान्नुपर्ने सम्पूर्ण ज्ञानलाई अध्ययन गर्नुभयो । सप्तसप्ताह बितिसकेपछि ब्रह्मा आउनु भई धर्म देशना गर्न हुन प्रार्थना गर्नुभयो । बुद्धले ब्रह्माको प्रार्थना सुन्नुभई अब सर्व प्रथम कसलाई धर्म देशना गर्नुपर्ला भनी आफ्नो ज्ञान दृष्टिबाट हेर्नु हुँदा उहाँ आफ्नै सानी आमाका दुई छोराहरू असम राजकुमार र सून्यत्त राजकुमारहरूको पूर्व संस्कारलाई देख्नुभयो । त्यसपछि उहाँले सर्वप्रथम धर्म देशना गर्नका लागि सुधम्मा भन्ने बगैंचामा आउनु भई बगैंचाको नाइकेलाई आफ्ना दुवै जना भाईहरूलाई बोलाउन पठाउनु भई धर्मचक्र प्रवर्त्तन गर्नुभयो । बुद्धको प्रथम धर्मदेशना सुन्ने अवसर पाएर असंख्य मनुष्य, देव र ब्रह्माहरूले अमूल्य ज्ञान लाभ गर्न सफल भए ।

शोभित बुद्धको अग्र श्रावक (भिक्षुहरू) - भिक्षु सुन्यत्त र भिक्षु असम

शोभित बुद्धका नीजि सेवक - भिक्षु अनोम

शोभित बुद्धका अग्र श्राविका (भिक्षुणीहरू) - नकुलाथेरी र सुजाताथेरी

शोभित बुद्धको मुख्य दाता - राजा जयसेन

शोभित बुद्धको उचाई - ५८ हात

शोभित बुद्ध मनुष्यहरूको आयु - ९० हजार वर्ष भएको वेलामा जन्मनु भएको हो ।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

शोभित बुद्धको समयमा शाक्यमुनि बुद्ध हुने बोधिसत्त्व रमावती भन्ने देशमा सुजात ब्राह्मण भएर जन्मनु भएको थियो। उहाँ शास्त्र विद्यामा पारंगत हुनुहुन्थ्यो। ठूलो संख्यामा आफ्ना चेलाहरूलाई शास्त्र विद्या सिकाएर पूजापाठ गराइरहनु भएको थियो। एकदिन उहाँले लोकमा शोभित बुद्ध उत्पन्न हुनु भएको समाचार सुन्नु भएर आफ्नो सम्पूर्ण दैनिक कार्यहरूलाई पन्छाएर बुद्धको दर्शन गर्न जानुभयो। बत्तिस लक्षण र अस्सी व्यञ्जनले पूर्ण हुनु भएका बुद्धको दर्शनले उहाँ धेरै प्रभावित हुनुभयो र उहाँलाई श्रद्धापूर्वक निमन्त्रणा गरी भोजन दान गर्नुभयो।

शोभित बुद्धको उपदेश सुनेर ज्यादै प्रभावित हुनुभई आफू पनि त्रिशरण गमन भई वर्षावास तीन महिनासम्म शोभित बुद्ध सहित भिक्षु संघलाई भोजन गराई श्रद्धापूर्वक महादान गर्नु भयो।

शोभित बुद्धले सुजात ब्राह्मणको यसप्रकारको श्रद्धा देख्नुभई आश्चर्य भएर यो ब्राह्मण को होला भनेर अनागतंश ज्ञानद्वारा हेर्नुभएको वेलामा उहाँ भद्रकल्पमा गौतम बुद्ध हुने व्यक्ति भनेर थाहा पाउनु भयो। त्यसपछि शोभित बुद्धले वर्षावासको अन्त्यमा सुजात ब्राह्मणको भोजन अनुमोदन पछि उपदेश दिनुहुँदै सुजात ब्राह्मण



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्व भविष्यको भद्रकल्पमा गौतम कुलमा शाक्यमुनि बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नु भयो ।

बुद्धबाट आफ्नो भविष्यवाणी सुनेर सुजात बोधिसत्त्व अत्यन्त प्रशन्न भएर अप्रमादी भई दशपारमिता धर्मलाई बृद्धि गर्न थाल्नुभयो । उहाँले यस धर्मलाई बृद्धि गर्न प्रेरणा पनि प्राप्त गर्नुभयो । एवं प्रकारले उहाँ बोधिसत्त्वले ज्ञान प्राप्त गर्नुहुँदै अन्त्यमा परलोक भएर देवलोकमा जन्म लिनुभयो ।



Downloaded from http://www.dhamma.digital

# (घ) वर कल्प

## १०) अनोमदस्सी बुद्ध

अनोमदस्सी बुद्ध २८ जना बुद्धहरू मध्ये दशौं बुद्ध हुनुहुन्छ। शोभित बुद्धले धर्मदेशना गर्नु हुँदै असंख्य प्राणीहरूलाई धर्मरस पान गराउनु भई उहाँ परिनिर्वाण हुनुभयो। बुद्ध परिनिर्वाण पछि एक असंख्य कल्पसम्म कोहि पनि बुद्ध लोकमा उत्पन्न हुनु भएन। यसप्रकार एक असंख्य कल्पसम्म सून्यकल्प नै भइरह्यो। एक असंख्य सून्यकल्प नाघिसकेपछि लोकमा वर कल्प उत्पन्न भयो। वर कल्पमा क्रमैंसँग तीनजना तथागतहरू उत्पन्न हुनुभयो।

१. अनोमदस्सी बुद्ध

२. पदुम बुद्ध

३. नारद बुद्ध

अनोमदस्सी बोधिसत्त्वले १६ असंख्य र एकलाख कल्पसम्म उत्तम पारमिता पूर्ण गर्नु भई तुसिता भुवनमा रहनु भयो। त्यहाँ देवताहरूले मनुष्य लोकमा बुद्ध हुनका लागि प्रार्थना गर्नु भएकोले उहाँले पञ्चमहाविलोकन (काल, द्वीप, देश, कुल र मातुआयु परिच्छेद) गर्नुभई अनुकूल



Downloaded from http://www.dhamma.digital

भएकोले देवलोक छोड्नु भई चन्दवती भन्ने देशमा राज्य गरिरहेका यसवा भन्ने राजाको कुलमा यशोधरा देवी नाम गरेको अग्रमहारानीको गर्भमा वास गर्नुभयो।

उहाँ गर्भमा वास गरे देखिन आमा अर्थात् रानीको शरीरबाट अनेकन प्रकारका तेजहरू ८० हात परसम्म निस्किरहन थाल्यो। बोधिसत्त्व गर्भमा रहेको १० महिना पूर्ण भएपछि सुनन्द भन्ने बगैंचामा जन्म भयो। उहाँ जन्म हुनु भएको बेलामा सप्तरत्न वर्षेको थियो। यसैले उहाँलाई ब्राह्मणहरूले अनोमदस्सी भनेर नामाकरण गरियो। क्रमैसँग उहाँ तरुण भएपछि उहाँलाई मौसम अनुसार बस्ने तीन प्रकारका दरबारहरू बनाई दियो। यी हुन् –

१. सिरी दरबार

२. उपसिरी दरबार

३. सिरीवडढ्न दरबार

उहाँको उमेर पुगिसकेपछि राजकुमारी सिरीमासँग विवाह गर्नुभई युवराज्ञी सहित २३ हजार सेविकाहरूसँग १० हजार वर्षसम्म यी तीन दरबारमा रहेर सुख ऐश्वर्य अनुभव गर्नु भयो। सिरीमा युवराज्ञीबाट उपवान नामक पुत्रको जन्म भयो। पुत्र जन्म भएपछि अनोमदस्सी बोधिसत्त्वले चार निमित्त (बुढो, रोगी, मृतक र प्रव्रजित) देख्नुभई संसार देखेर अति नै विरक्तिनु भयो। त्यसैले



Downloaded from http://www.dhamma.digital

उहाँले राजदरबार त्याग गरी खटमा चढ्नु भई निस्कनु भयो । प्रव्रज्या हुनुभयो ।

बोधिसत्त्वले गृहत्याग गरेर निस्कनु भएको समाचार सुनेर तीन करोड मानिसहरू पनि गृहत्याग गरी प्रव्रजित भएर उहाँकै पछि लाग्यो । अनोमदस्सी बोधिसत्त्वले यी तीनकरोड परिवार सहित १० महिनासम्म दुष्कर चर्या गर्नुभयो । १० महिनापूर्ण भएको दिनमा विशाख नक्षत्रको अपरान्हमा अनुपम भन्ने गाउँमा भिक्षाटन जानु हुँदा एक महाजन पुत्री अनोपमा नामक कन्याले क्षीर भोजन दान गऱ्यो । क्षीर भोजन ४९ गाँस गरेर ग्रहण गरी सक्नु भएपछि अनोमा नामक आजिवकले श्रद्धापूर्वक दान गरेको आठ मुट्ठा घाँसलाई थाउपें (अर्जुन वृक्ष) नामक बोधिवृक्ष रुख मुनि बिछ्याउनु भएको वेलामा ३८ हात फराकिलो बज्र आशन उत्पन्न भयो । त्यही बज्रआशनमा रही वीर्यपूर्वक उहाँले ज्ञान प्राप्तको लागि कोशिस गर्नुभयो । वैशाख पूर्णिमाको दिन सूर्य अस्ताउनु अगावै उहाँले देवपुत्रमार आदि पञ्चमारलाई जित्नुभई क्रमशः पुब्बे निवास ज्ञान, दिव्य चक्षु ज्ञान, आसवक्खय ज्ञान आदि तीनै ज्ञानले युक्त भएर बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभयो ।

अनोमदस्सी तथागत बोधिवृक्षको दायाँ बायाँ सप्तसप्ताह (४९ दिन) सम्म रहनु भई बोधिज्ञानको



Downloaded from http://www.dhamma.digital

बारे विचार गर्नुभयो । आठौं सप्ताह पुगेपछि ब्रह्मा आउनु भई यस अमूल्य धर्म प्रचार गर्नका लागि प्रार्थना गर्नुभयो । यसैले उहाँले कसलाई सर्वप्रथम धर्म देशना गर्नु पर्ला भनेर आफ्नो ज्ञानद्वारा हेर्नु भएको बेलामा उहाँले महाभिनिष्क्रमण गर्नु भएको बेलामा आफूसँगै प्रव्रजित भई निस्कनु भएका तीन करोड त्यागीहरूलाई नै देख्नु भयो ।

त्यसपछि उहाँले शुभवती भन्ने राज्यकोसँगै रहेको सुदस्सना भन्ने बगैंचामा जानुभयो । त्यहाँ नै उहाँले आफूसँगै त्यागी भएर निस्कनु भएका तीन करोड प्रव्रजितहरू असंख्य देव ब्रह्माहरू र मनुष्यहरूलाई धर्म चक्र सूत्र देशना गर्नु भयो । त्यस अवस्थामा असंख्य ब्रह्मादेव र मनुष्यहरू अमृतरुपी निर्वाण लाभ गर्न सफल भए ।

अनोमदस्सी बुद्धको अग्रश्रावक (भिक्षुहरू) - भिक्षु निसम र भिक्षु अनोम

अनोमदस्सी बुद्धका अग्रश्राविका (भिक्षुणीहरू) - सुन्दरी थेरी र सुमना थेरी

अनोमदस्सी बुद्धको नीजि सेवक - भिक्षु वरुण

अनोमदस्सी बुद्धको शरीरको उचाई - ५८ हात

अनोमदस्सी बुद्धको आयु एक लाख वर्ष



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

अनोमदस्सी बुद्धको समयमा भविष्यमा शाक्य मुनी बुद्ध हुने बोधिसत्त्व देव राक्षस भएर जन्मिरहनु भएको थियो । संसारमा मनुष्यहरू पृथकजन भईरहुन्जेलसम्म आ-आफ्नो कर्म अनुसार कहिले राम्रो गतिमा र कहिले नराम्रो गतिमा जन्म लिइरहनु नै पर्दोरहेछ । यस्तै आफ्नो कर्मको नियम अनुसार गौतम बुद्ध हुने बोधिसत्त्व पनि एक देव राक्षस भएर जन्मिरहनु भएको थियो । उहाँ देव राक्षस भए तापनि अत्यन्त ऋद्धि शक्तिले पूर्ण भएको धेरै राक्षस परिवारको सेनापति हुनु भएको थियो ।

एक दिन लोकमा अनोमदस्सी तथागत उत्पन्न भएको समाचार थाहा पाएर अत्यन्त श्रद्धा उत्पन्न भई वहाँ बुद्धलाई दान गर्न दानशाला आदि बनाएर बुद्ध प्रमुख भिक्षु संघलाई निमन्त्रणा गरी सातदिन सम्म महादान गर्नुभयो ।

यसरी एक राक्षसको यस्तो अगाध श्रद्धा र भक्ति देखेर अनोमदस्सी बुद्धले यो राक्षस को होला भनेर आफ्नो अनागतंश ज्ञानद्वारा हेर्नु हुँदा उहाँ भद्रकल्पमा गौतम कुलमा शाक्यमुनि बुद्ध हुने संस्कार भएको बोधिसत्त्व भनेर थाहा पाउनु भयो । त्यसपछि अनोमदस्सी बुद्धले सातदिन अर्थात् अन्तिम दिनको भोजन अनुमोदन पछि यस देव राक्षस सेनापति भविष्यमा एक असंख्य र एकलाख कल्प



Downloaded from http://www.dhamma.digital

पछि भद्रकल्पमा गौतम बुद्ध भन्ने नामले प्रशिद्ध बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नुभयो। अनोमदस्सी बुद्धको यस्तो भविष्यवाणी सुनेर बोधिसत्त्व राक्षस अत्यन्त हर्षित भई आफूले सकेसम्म पारमीधर्म पूर्ण गर्न मेहनत गर्नुभयो। यसरी पारमी पूर्ण गरेर उहाँ अन्त्यमा परलोक भई देवलोकमा जन्म लिनु भयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्ध वंश

( दोस्रो भाग )

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# वर कल्प

## ११) पदुम बुद्ध

पदुमबुद्ध २८ जवान तथागतहरू मध्ये ११ औं बुद्ध हुनुहुन्छ। अनोमदस्सी बुद्धले धेरै प्राणीहरूलाई उद्धार गर्नु भएपछि उहाँ परिनिर्वाण हुनुभयो। बुद्ध शासन लोप भएपछि क्रमैसँग संसारमा अधर्म बढ्दै गयो। मानिसहरूको आयु पनि एकलाख वर्षबाट घट्दै घट्दै दशवर्ष सम्म पुग्न गयो। यस अवस्थामा मानिसहरूमा धर्मचेतना उत्पन्न भएर आयो र त्यसपछि मात्र फेरि आयु पनि बढ्दै बढ्दै असंख्य वर्षसम्म पुग्न गयो।

मानिसहरूको चरित्र, आचरण अशुद्ध हुँदै गएपछि उनीहरूको आयु पनि असंख्य वर्षबाट घट्दै एकलाख वर्ष पुग्न गएको समयमा तुसिता भुवनमा रहनु भएका पदुम बोधिसत्त्वलाई देवताहरूले मनुष्यलोकमा जन्म हुनका लागि प्रार्थना गऱ्यो। पदुम बोधिसत्त्वले पञ्चमहाविलोकन[१] (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) गर्नु भई तुसिता भुवनबाट मनुष्यलोकको चम्पक भन्ने देशको असम भन्ने राजाका अग्रमहारानी असमा देवीको गर्भमा वास गर्नुभयो। क्रमशः दश महिना पछि चम्पक भन्ने

---

१ पञ्चमहाविलोकनको अर्थ संक्षिप्त बुद्धवंश प्रथमभागमा उल्लेखित भएको छ।



Downloaded from http://www.dhamma.digital

बगैंचामा वैशाख पूर्णिमाको दिन बोधिसत्त्वको जन्म भयो । पदुम बोधिसत्त्व जन्मनु भएको वेलामा आकासबाट अनेक प्रकारका कमलको फूलहरू वर्षेको हुनाले उहाँलाई महापदुम भनेर नामाकरण गरियो ।

क्रमैसँग उहाँ यौवन अवस्थामा पुगिसकेपछि उहाँलाई ऋतु अनुसार बस्न हुने तीन वटा दरबार बनाईदियो । यी हुन् –

१. नन्दुत्तर दरबार

२. वसुत्तर दरबार

३. यसुत्तर दरबार

पदुम बोधिसत्त्वले उत्तरादेवी भन्ने युवराज्ञी प्रमुख अरु ३३ हजार सेविकाहरू सहित यी दरबारहरूमा दशहजार वर्षसम्म लौकिक सुख भोग गर्नुभयो । युवराज्ञी उत्तरादेवीको तर्फबाट रम्भ भन्ने एक पुत्रको पनि लाभ भयो । पुत्रलाभ भईसकेपछि बोधिसत्त्वको मनमा वैराग्य भाव उत्पन्न भएर वगैंचामा घुम्न जाँदा चार निमित्त (वृद्ध, रोगी, मृतक र भिक्षु) देखेर उहाँको मनमा ठूलो भय उत्पन्न भयो । संसार देखेर विरक्तिनु भयो । त्यसैले पदुम बोधिसत्त्वले आजानि भन्ने घोडाले तान्ने रथमा चढी राजदरबार त्याग गरि निस्कनु भयो । उहाँसँगै अरु एक करोड मानिसहरूले पनि गृहत्याग गरि उहाँकै पछि लागे । यिनीहरूसँगै बसेर बोधिसत्त्वले आठ महिनासम्म दुष्कर



Downloaded from http://www.dhamma.digital

चर्या गर्नुभयो । एकदिन विशाख नक्षत्रमा वैशाख पूर्णिमाको दिन पदुम बोधिसत्त्वले धन्यवती देशको सुधन्यवती नामको कन्याले दान गरेको क्षीर भोजन गर्नुभई, तिट्ठक आजिवकले दान दिएको आठ मुट्ठा घाँस शोभणा वृक्ष (बालाचि बोट) मुनि बिछ्याउनु भयो । यत्तिकै समयमा ३८ हात अग्लो आसन प्राप्त भयो ।

त्यहि दिनको साँझ सूर्य नअस्ताउँदै पञ्चमारलाई दमन गर्नुभई क्रमैसँग बोधिज्ञान प्राप्त गर्नुभयो । बोधिज्ञान प्राप्त गरिसकेपछि पदुम बुद्ध बोधिवृक्षको वरिपरी सात दिन सात ठाउँमा बस्नु भई सप्त सप्ताह (४९ दिन) बिताउनु भयो । अट्ठम सप्ताहमा पदुम तथागतले आफूले प्राप्त गरेको ज्ञान कसलाई सुनाउनु पर्ला भनेर आफ्नो ज्ञानबाट हेर्नु भएको अवस्थामा संसारमा मानिसहरूको चित्तमा लोभ, द्वेष, मोह आदि क्लेशहरूले जड लिइ राखेको देख्नु भयो । यी अज्ञानीहरूले यसप्रकारको गम्भिर र शुक्ष्म बोधिज्ञान कसरी बुझ्न सकिएला भनि उहाँ प्रथम त निराश हुनुभयो । यस अवस्थामा एक जना ब्रह्मा आएर यसरी जानकारी दिंदै यस संसारमा क्लेशले युक्त भएका मानिसहरू मात्र होइनन् यस अमूल्य ज्ञानलाई बुझ्न सक्ने मानिसहरू पनि रहेकोले जगत संसार उद्धार गर्नका लागि धर्मदेशना गर्नुहुन प्रार्थना गरे । ब्रह्माको प्रार्थनालाई स्वीकार गर्नुभई उहाँले आफ्नो अनागतंश



Downloaded from http://www.dhamma.digital

ज्ञानले कसलाई धर्मदेशना गर्नुपर्ला भनेर हेर्नु भएको वेलामा उहाँसँगै गृहत्याग गरि निस्कनु भएका एक करोड मानिसहरूलाई धन्यवती देशमा धमञ्चय भन्ने बगैंचामा देख्नु भयो। त्यसपछि पदुम बुद्ध आकाश मार्गबाटै त्यस बगैंचामा पुग्नुभयो र त्यहीं सर्वप्रथम धर्मचक्र पवर्तन गर्नुभयो। त्यस अवस्थामा ती एक करोड मानिसहरूले चतुआर्य सत्य अमूल्य ज्ञान हासिल गर्न सफल भए।

यसप्रकार पदुम बोधिसत्त्वले गाउँ शहर आदि स्थानहरूमा धर्मप्रचार गर्नुभयो। क्रमैसँग उहाँका शिष्यहरू पनि ज्ञानले पूर्ण हुँदै आयो। यसैले उहाँले ज्ञानले पूर्ण भएका शिष्यहरूलाई अग्र पदवी दिनु भयो।

पदुम बुद्धको अग्रश्रावक भिक्षुहरू - भिक्षु साल र भिक्षु उपसाल।

पदुम बुद्धको अगश्राविका भिक्षुणीहरू - राधाथेरी र सुराधा थेरी

पदुम बुद्धको निजी सेवक - भिक्षु वरुण

पदुम बुद्धका मुख्य उपासकहरू - भिय्यो र असम

पदुम बुद्धका मुख्य उपासिकाहरू - सुचिदायी र नन्दारामा

पदुम बुद्धका उचाई - ५८ हात

पदुम बुद्धका रश्मि - सम्पूर्ण चक्रवालमा फैलिरहेको

पदुम बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको वेलामा जन्म हुनु भएको हो।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

पदुम बुद्धको समयमा भविष्यमा गौतम बुद्ध हुने बोधिसत्त्व देवसिंहराज[२] भएर जन्मिरहनु भएको थियो ।

एकदिन पदुम बुद्ध रमणीय जंगलमा सातदिनसम्म निरोध समापत्ति ध्यानमा रहनु भएको समयमा बोधिसत्त्व सिंह पनि त्यसै स्थानमा पुग्नु भयो । बुद्धलाई देख्नासाथ देवसिंहको मनमा अत्यन्तै हर्ष तथा आनन्दको अनुभव भयो । बुद्ध प्रति हृदयदेखि नै श्रद्धा उत्पन्न भयो । त्यस सिंह बोधिसत्त्वले त्यस घोर जंगलमा अरु हिंस्रक जनावर हरूले ध्यानमा रहनु भएका बुद्धलाई आक्रमण गर्न आउन सक्छ भन्ने पीरले आहार खोज्न नै नगइकन सातदिन सम्म त्यहीं रक्षा गरी बस्नु भयो । बुद्ध प्रतिको श्रद्धाले युक्त भएको प्रीतिले गर्दा बोधिसत्त्वलाई भोकलागेको पनि थिएन । सातदिन पछि पदुम बुद्ध निरोध समापतिबाट उठ्नु भएको बेलामा त्यस देवसिंहको श्रद्धा देखेर ज्यादै प्रशन्न हुनुभयो । त्यसपछि उहाँ बुद्धले यसरी तीन प्रकारको अधिष्ठान गर्नुभयो ।

१. शहरमा रहेका भिक्षुहरू जंगलमा नआउन् ।
२. भिक्षुहरू आएमा सिंहलाई देखेर नडराउन् ।
३. सिंह पनि भिक्षुहरू देखेर मन प्रसन्न होउन् ।

२ सिंह चार प्रकारका छन् । कुकुर सिंह २ प्रकारका छन् । देवसिंह दुई प्रकारका छन् । देवसिंहहरूले घाँस खान्छन्, मासु खान्दैनन् । कुकुर, सिंहहरू मांसाहारी हुन्छन् । घाँस खाँदैनन् ।



Downloaded from http://www.dhamma.digital

बुद्धको अधिष्ठान अनुसार एक करोड भन्दा बढी भिक्षुहरू त्यस जंगलमा आइपुग्नु भयो। भिक्षुहरूले बुद्धलाई वन्दना गरेर उचित स्थानमा आसन ग्रहण गर्नु भएको दृश्य देखेर सिंह अत्यन्तै प्रशन्न भयो। सिंहले बुद्ध प्रमुख सबै भिक्षुहरूलाई फलफूल चढाउनु भयो। यसरी सिंहको यस्तो श्रद्धा देखेर बुद्धले यो सिंह को होला भनेर अनागतंश ज्ञानद्वारा हेर्नु भएको अवस्थामा त्यस सिंह भद्र कल्पमा शाक्यमुनि बुद्ध भएर प्राणीहरूलाई उद्धार गर्ने बोधिसत्त्व हुन् भनि थाहा पाउनु भयो र यो कुरा सिंहको अगाडि बुद्धले भविष्यवाणी गर्नुभयो। बुद्धको मुखबाट यस्तो भविष्यवाणी सुनेर सिंह अत्यन्तै हर्षित भएर बुद्धप्रतिको श्रद्धा झन् अटल हुन गयो र मन पवित्र उत्साहित गर्दै बाँकी आफ्नो जीवन बिताउनु भयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# वर कल्प

## १२) नारद बुद्ध

नारद बुद्ध २८ जना बुद्धहरूमध्ये बाह्रौं बुद्ध हुनुहुन्छ । पदुम बुद्ध परिनिर्वाण हुनु भएपछि बुद्ध शासन पनि लोप हुँदै मनुष्यहरूको बीचमा धर्म चेतना धमाधम घट्दै गएको कारण उनीहरूको आयु पनि एकलाख वर्षबाट घटेर क्रमशः दश वर्षसम्म पुग्यो । दशवर्ष आयु भएको बेलामा पापको कारणले अनेकौं प्रकारका भय त्रास उत्पन्न भएर आयो । यस्तो भय त्रासले गर्दा फेरि मनुष्यहरूले धर्म चेतना वृद्धि गर्दै ल्यायो । त्यस कारणले गर्दा मनुष्यहरूको आयु फेरि वृद्धि हुँदै असंख्य वर्षसम्म वृद्धि भयो । असंख्य वर्षआयु हुने मनुष्यहरूको मनमा अनित्य वोध नहुने रहेछ । फेरि अर्को कुरा मनमा पापचित्तले ठाउँ लिइ सकेपछि त्यसकै कारणले गर्दा मनुष्यहरूको आयु शयवर्षमा एक वर्ष घट्दै एकलाख वर्षसम्म पुग्यो ।

यस अवस्थामा तुसिता भुवनमा रहनु भएका नारद बोधिसत्त्वलाई देव ब्रह्माहरूले बुद्ध हुनको लागि प्रार्थना गर्न आयो । देव ब्रह्माहरूको प्रार्थना सुनेर बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातुआयु)



Downloaded from http://www.dhamma.digital

गर्नु भई यी पाँच तत्त्वहरू अनुकूल रहेको देख्नु भयो। यसैले नारद बोधिसत्त्वले धन्यवती देशमा राज्य गरिरहेका राजा सुदेवको अग्रमहारानी अनोमादेवीको गर्भमा बास गर्नुभयो। क्रमैसँग दशमहिना बितेपछि वैशाख पूर्णिमाको दिन धनञ्चय भन्ने बगैंचामा जन्म हुनुभयो। उहाँ बोधिसत्त्व जन्म हुनुभएको दिनमा आकाशबाट बहुमूल्य कपडाहरू वर्षेको थियो। यसैले उहाँलाई नारद भनी नामाकरण गरिएको हो।

नारद बोधिसत्त्व वयस्क भएपछि मौसम अनुकूल बस्न सक्ने तीनवटा दरबार बनाइदियो। यी हुन् –

१. विजित दरबार

२. विजितावी दरबार

३. बिजिताभीराम दरबार

नारद बोधिसत्त्वलाई विजितसेना भन्ने राजकुमारीसँग विवाह गरि दिए। युवराज्ञीको नौ हजार सेविकाहरू थिए। विवाहपछि नौ हजार वर्षसम्म यी तीनवटा दरबारमा पञ्चकाम सुखको अनुभव गर्नुभयो। युवराज्ञी विजितसेनाको तर्फबाट नन्दुत्तर भन्ने पुत्र जन्म भयो। पुत्रको जन्मपछि बोधिसत्त्व संसारिक भय देखेर विरक्तिनु भयो।

एकदिन बोधिसत्त्व बाहिर घुम्न जानु भएको अवस्थामा चारवटा निमित्त (बुढाबुढी, रोगी, मृतक र त्यागी) देख्नु



Downloaded from http://www.dhamma.digital

भयो । यस दृष्य देखेर उहाँले सांसारिक भयलाई राम्ररी बुझ्नुभयो ।

एकदिन उहाँ विरक्तिंदै जपमाला जप गर्दै, हिंड्दै मंगल बगैंचामा पुग्नुभयो । त्यहाँ पुग्नासाथ आफ्नो केश आफ्नै तरवारले छेडन गर्नु भई त्यस केशलाई आकाशमा हुत्याइदिनु भयो र ब्रह्माले दिन ल्याएको चीवर वस्त्र पहिरनु भई प्रव्रजित हुनुभयो । बोधिसत्त्वले आकाशमा हुत्याएर फाल्नु भएको केश र गृहस्थीको वस्त्र इन्द्रले लिएर त्यसलाई स्थापित गरी चैत्य बनाइयो । बोधिसत्त्व प्रव्रज्या भएको थाहा पाएर उहाँसँगै अरु एकलाख व्यक्तिहरू पनि प्रव्रजित भएर उहाँकै पछि लाग्यो । नारद बोधिसत्त्वले यी एकलाख प्रव्रजित व्यक्तिहरूसँगै सातदिन सम्म दुष्कर चर्या गर्नुभयो ।

वैशाख पूर्णिमाको दिन उहाँलाई युवराज्ञी बिजितसेना देवीले दान दिएको क्षीर भोजनलाई ४९ गाँस गरी भोजन गर्नु भएपछि सुदस्सन भन्ने बगैंचेले दान दिएको घाँस ८ मुट्ठा महाशान वृक्षमुनि बिछ्याउनु भयो । त्यसबेला ५८ हात अग्लो आसन उत्पन्न भयो । त्यहाँ अधिष्ठान गरी ध्यान गर्नुभयो । घाम नअस्ताउँदै पञ्चमारलाई दमन गर्नु भई रात्रीको प्रथम प्रहरमा पुब्बेनिवास ज्ञान, द्वितीय प्रहरमा दिव्यचक्षुज्ञान, तृतीय प्रहरमा आसवक्खय ज्ञान प्राप्त गरी बुद्ध हुनुभयो । बोधिज्ञान प्राप्त गर्नु भई पुनः त्यस ज्ञानलाई



Downloaded from http://www.dhamma.digital

विस्तृत रुपमा अध्ययन गर्नको लागि बोधिवृक्षको आसपास सात सात दिन सात ठाउँमा जम्मा ४९ दिनसम्म अर्थात् सप्त सप्ताह बिताउनु भयो।

अष्टम सप्ताहको दिनमा आफूले प्राप्त गरेको ज्ञान कसलाई सुनाउँ भनी आफ्नो ध्यानबाट अवलोकन गर्दा मनुष्यहरूको मनमा क्लेशले युक्त भएको हुनाले अमूल्य ज्ञानलाई बुझ्न नसक्ने देख्नु भई निराश हुनु भयो। यो कुरा ब्रह्माले थाहापाएर बुद्ध समक्ष प्रकट भई यसरी प्रार्थना गऱ्यो "भो भगवान् यस संसारमा कर्म क्लेश भएका व्यक्तिहरू नभएको होइन यो अमूल्य धर्मदेशना गर्नुभई प्राणीहरूको उद्धार गर्नुहोस्।" ब्रह्माको प्रार्थना सुनी अब कसलाई धर्म देशना गरुँ भनि ध्यानबाट हेर्नुभयो। उहाँले आफूसँगै प्रव्रजित भएका एक करोड व्यक्तिहरूलाई देख्नु भयो र धनञ्चय बगैंचामा जानुभई उनीहरूलाई प्रथम धर्मचक्र प्रवर्त्तन गर्नुभयो। यस धर्मदेशना सुनेर धेरै देव मनुष्यहरूले ज्ञान प्राप्त गर्न सफल भए। उहाँले बोधिज्ञानलाई गाउँ नगर आदि ठाउँमा प्रचार गर्नुभयो

नारद बुद्धका अग्रश्रावक भिक्षुहरू - भिक्षु भद्दशाल र भिक्षु जितमित्त

नारद बुद्धका अग्रश्राविका भिक्षुणीहरू - भिक्षुणी उत्तरा र भिक्षुणी भग्गुनी

नारद बुद्धको निजी सेवक - भिक्षु बासेट्ठ



Downloaded from http://www.dhamma.digital

नारद बुद्धको मुख्य उपासकहरू - उग्गरिन्द र वसम
नारद बुद्धको मुख्य उपासिकाहरू - इन्दावरी र वन्दी
नारद बुद्धको शारीरिक उचाई - ८८ हात
नारद बुद्धको रश्मि (तेज) - एक योजनसम्म फैलिएको

नारद बुद्ध मनुष्यहरूको आयु ९० हजार वर्ष भएको वेलामा जन्मनु भएको हो ।

## गौतम बुद्ध हुने बोधिसत्त्व

नारद बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व ऋषि भएर हिमालयमा एउटा आश्रममा बस्नु भई लौकिक ध्यान अभिज्ञाले पूर्ण हुनुहुन्थ्यो । नारद बुद्धले ऋषि बोधिसत्त्व उपर अनुकम्पा राखी ८० करोड अरहत भिक्षुहरू र एक करोड अनागामि उपासकहरूको साथमा बोधिसत्त्व ऋषिलाई भेट्न हिमालय पुग्नु भयो ।बुद्ध प्रमुख श्रावकहरू र उपासकहरू समेत आफू कहाँ आउनु भएको देखेर बोधिसत्त्व ऋषि अत्यन्तै हर्षित भएर श्रद्धापूर्वक आफ्नो ऋद्धिको प्रयोगद्वारा बस्ने स्थान र बाटो बनाउनु भयो । त्यसबेला बोधिसत्त्वले सम्पूर्ण रात नै बुद्धसँग सद्धर्मको विषयमा छलफल गर्नुभयो । भोलिपल्ट ऋषि बोधिसत्त्वले आफ्नो ऋद्धि बलले उत्तरकुरु द्वीपमा भिक्षाटन गर्नुभई बुद्ध प्रमुख श्रावक संघहरू र उपासकहरूलाई समेत भोजन गराउनुभयो । एवं प्रकारले भिक्षाटन गर्नुभई सातदिन सम्म भोजन गराउनुभयो । बोधिसत्त्व ऋषिले नारद



Downloaded from http://www.dhamma.digital

बुद्धको लागि श्रृखण्डको एउटा विहार पनि बनाउनु भयो। ऋषि बोधिसत्त्वको यसप्रकारको श्रद्धा देखेर यो ऋषि को होला भनेर अनागतंश ज्ञानद्वारा हेर्नु भएको अवस्थामा उहाँ भविष्यमा गौतम गोत्रको शाक्य कुलमा शाक्यमुनि बुद्ध भएर प्रख्यात हुने थाहा पाउनु भयो। भोजन दान दिने कार्यको अन्तिम दिनमा अर्थात् सातौं दिनमा नारद बुद्धले ऋषि बोधिसत्त्वलाई भद्रकल्पमा शाक्यमुनि बुद्ध भई प्रख्यात हुने व्यक्ति हुन् भनी भविष्यवाणी गर्नुभयो। बोधिसत्त्व ऋषिले भविष्यमा आफू बुद्ध हुने भविष्यवाणी सुन्नु भएर अत्यन्तै खुसी हुनुभयो। भोलि नै बुद्ध हुने हो कि भन्ने जस्तो भएर आनन्दित भई जीवन भर दशपारमिता धर्मलाई पालन गरी ८ समापति र ५ अभिज्ञान लाभ गरि अन्तमा ब्रह्मलोकमा उत्पन्न हुनुभयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# (ङ) सारकल्प

## १३) पदुमुत्तर बुद्ध

पदुमुत्तर बुद्ध २८ औं बुद्धहरू मध्ये १३ औं बुद्ध हुनुहुन्छ। नारद बुद्धले आफ्नो जीवन भर सद्धर्म प्रचार गर्नुभई परिनिर्वाण भएपछि बुद्ध शासन लोप भएर क्रमैसंग लोभ र क्रोधको कारणले मनुष्यको आयु घट्दै १० वर्षसम्म भएर कल्प विनाश भयो। त्यसपछि असंख्य कल्पसम्म पनि पारमि पूर्ण भएको बोधिसत्त्वहरू नभएको कारणले बुद्धहरू उत्पन्न हुन सकेनन्। क्रमैसँग सून्य कल्प पनि नाश हुँदै पुनः सार कल्प उत्पन्न भयो। सार कल्पमा मनुष्यहरूको आयु असंख्य वर्ष देखि शुरु भयो र असंख्य वर्ष देखि शय वर्षमा एक वर्ष आयु घट्दै एकलाख पुग्यो।

पदुमुत्तर बोधिसत्त्व त्यस अवस्थामा तुसिता भूवनमा रहनु भएको थियो। देव ब्रह्माहरूले उहाँलाई मनुष्य लोकमा बुद्ध हुनको लागि प्रार्थना गरेको कारणले स्वयं आफूले पनि पञ्चमहाविलोकन गर्नु भई तुसित भूवनबाट हंसावती देशमा राजा आनन्दको कुलमा सुजाता देवी भन्ने अग्रमहारानीको गर्भमा वास गर्नुभयो।

दश महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको दिनमा



Downloaded from http://www.dhamma.digital

हंसावती भन्ने बगैंचामा जन्म हुनुभयो । पदुमुत्तर तथागत जन्म हुनु भएको वेलामा आकाशबाट कमलको फूल वर्षेको हुनाले उहाँलाई पदुमुत्तर भनि नामाकरण गरिएको हो । क्रमैसँग पदुमुत्तर बोधिसत्त्व वयस्क अवस्थामा पुग्नु भएपछि मौसम अनुसार बस्नु हुने तीनवटा दरबार बनाईदियो ।

१. नरवाहन दरबार

२. यसवाहन दरबार

३. वसवती दरबार

पदुमुत्तर बोधिसत्त्व राजकुमारलाई वसुदत्ता देवीसँग विवाह गरिदियो । युवराज्ञी वसुदत्ताका एकलाख बीसहजार सेविकाहरू थिए । पदुमुत्तर बोधिसत्त्व युवराज्ञी बासुदत्तादेवी प्रमुख सेविकाहरूसँग यी तीनवटा दरबारमा दशहजार वर्षसम्म लौकिक सुखको अनुभव गर्नुभयो । वासुदत्ता देवीको तर्फबाट एकपुत्र उत्पन्न भयो जसको नाम उत्तर राजकुमार थियो । पुत्रको जन्मपछि बोधिसत्त्वलाई वैराग्यभाव मनमा उत्पन्न भयो ।

एकदिन बगैंचामा घुम्न जानुहुँदा चार निमित्त देख्नुभयो । त्यही निमित्त देख्नु भएर उहाँको मनमा झनबढी विरक्तिले छायो । जसरी पोखरीको पानीबाट कमलको फूल टिपेर नजिकैको घामले तातिरहेको ढुङ्गा माथि राख्दा ओइलिएर जान्छ, त्यस्तै नै पदुमुत्तर बोधिसत्त्व



Downloaded from http://www.dhamma.digital

पनि चार निमित्त देख्नासाथ सांसारिक भयावह देखेर तर्सिनु भयो । वसवती दरबारमा बसिरहनु भएको अवस्थामा विरक्तिनु भई शोभित बोधिसत्त्वले जस्तै वसवती दरबार नै उडाएर लानु भई बोधिवृक्षको मुनि बिसाउनु भयो । त्यहींबाट दरबार त्याग गरेर देव ब्रह्माहरूले दिन ल्याएको चीवर वस्त्र ग्रहण गर्नुभई बोधिवृक्ष मुनि बस्न जानुभयो ।

दरबार भित्र रहेका सबै मानिसहरूले पनि गृहत्याग गरी प्रव्रजित भए । बोधिसत्त्वसँगै त्यागी भएका सम्पूर्ण राजदरबारका व्यक्तिहरू सबै मिलेर सातदिनसम्म दुष्कर चर्या गर्नुभयो । वैशाख पूर्णिमाको दिनमा उज्जयनी भन्ने नगरमा रहने रुचानन्द भन्ने कन्याले दान गरेको क्षीर भोजन ४९ गाँस गरी ग्रहण गर्नुभई सुचित भन्ने आजिबकले दान दिएको आठ मुट्ठा घाँस शालवृक्ष मुनि बिछ्याउनु भयो र त्यहाँ ३८ हात लामो आसन उत्पन्न भयो । त्यस आसनमा बोधिसत्त्वले चार प्रकारका वीर्यलाई अगाडि राख्नु भई यसरी अधिष्ठान गर्नुभयो कि "मेरो रगत मासु सुकेर गए तापनि, हाड चूर्ण चूर्ण भएर गएता पनि नसाहरू चुँडिएर गएता पनि बोधिज्ञान लाभ नभएसम्म यो आसनबाट उठ्ने छैन ।" यसरी अधिष्ठान गर्नुभई आसनमा बस्नु भयो । घाम नअस्ताउँदै पञ्चमार जित्नु भयो । त्यसपछि क्रमैसँग प्रथमयाम, दुतिययाम र तृतिययाममा पुब्बेनिवासज्ञान, दिब्बचक्षुज्ञान र आसवक्खय



Downloaded from http://www.dhamma.digital

ज्ञान प्राप्त गरी बुद्ध हुनुभयो । बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि बोधिवृक्षको आसपासमा सप्तसप्ताहसम्म बस्नु भयो । त्यस अवस्थामा उहाँले बोधिज्ञानलाई अनुलोभ प्रतिलोम गरी अध्ययन गर्नुभयो । यसरी सम्पूर्ण ज्ञान लाभ गरिसकेपछि अब यस ज्ञान कसलाई सुनाउँ भनि विचार गरि हेर्दा मानिसहरूमा क्लेशले भरिएको हुनाले ज्ञानलाभ गर्न नसकिने भएकोले उहाँ निराश हुनुभयो । यो कुरा थाहा पाएर ब्रह्मा आएर क्लेशलाई नाश गरेर ज्ञान हासिल गर्न सक्ने व्यक्तिहरू भएको कुरा अवगत गराए । ब्रह्माको आग्रहलाई सुनेर पदुमुत्तर बुद्धले कसलाई धर्मदेशना गर्नुपर्ला भनी आफ्नो ज्ञानबाट हेर्नु हुँदा उहाँका सानी आमाका छोरा भाईहरू देवल राजकुमार र सुजात राजकुमारलाई देख्नु भयो । त्यसपछि पदुमुत्तर बुद्ध आकाश मार्गबाट जानुभई मिथिला भन्ने बगैंचामा पुग्नुभयो । त्यहाँ पुग्नु भई बगैंचाको नाइकेलाई आफ्ना भाईहरू बोलाउन पठाउनुभयो । भाईहरू प्रमुख धेरै मनुष्यहरू तथा देव ब्रह्माहरूलाई सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो । धर्मदेशना सुनेर धेरै संख्यामा देव मनुष्यहरूले धर्मज्ञान लाभ गरी मार्गफल प्राप्त गर्न सफल भए । यसरी गाउँ नगर आदि ठाउँहरूमा धर्मदेशना गर्दै पदुमुत्तर तथागतका धेरै श्रावक श्राविकाहरू भए ।

पदुमुत्तर बुद्धका अग्रश्रावक - भिक्षु देवल र भिक्षु सुजात ।



Downloaded from http://www.dhamma.digital

पदुमुत्तर बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी अमिता थेरी र भिक्षुणी असमा थेरी ।

पदुमुत्तर बुद्धका निजी सेवक - भिक्षु सुमन ।

पदुमुत्तर बुद्धका मूख्य उपासिकाहरू - हत्थदायी र विचिता ।

पदुमुत्तर बुद्धका शारीरिक उचाई - ५८ हात ।

पदुमुत्तर बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको समयमा जन्म हुन आउनु भएको हो । पदुमुत्तर बुद्ध नन्दाराम बगैंचामा परिनिर्वाण हुनुभयो ।

परिनिर्वाण पछि उहाँलाई अग्नि संस्कार गर्दा उहाँको अस्थि एउटा ठूलो डल्लो भएर बाँकी रह्यो । उपासक उपासिकाहरूले त्यस अस्थि धातु स्थापित गरी १२ योजन भएको चैत्य बनाएर भक्ति गर्‍यो । त्यस चैत्यबाट दिनहुँ तेज निस्कन थाल्यो ।

पदुमुत्तर बुद्धको समयमा उहाँको धर्मदेशना सुनी मानिसहरू दुःखबाट मुक्त भएर गए जस्तै पदुमुत्तर बुद्धको ५८ हात लामो शरीरको अग्नी संस्कार गर्दा एक डल्लो भएको अस्थि धातु गर्भमा राखी निर्माण गरिएको चैत्यबाट दिनरात निस्किएको तेजलाई श्रद्धा पूर्वक दर्शन गर्दै नै धेरै मानिसहरू दुःखबाट मुक्त हुन सफल भए । त्यसवेला मिथ्यादृष्टिक व्यक्तिहरू धेरै थिएनन् ।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

पदुमुत्तर बुद्धको समयमा भविष्यमा गौतम बुद्ध हुने बोधिसत्त्व धन सम्पत्तिले पूर्ण भएका जटिल महाजन हुनुहुन्थ्यो । उहाँ सुमेध पण्डितको जन्म देखिन धेरै दान गरेर पारमि पूर्ण गरेर आउनु भएको कारणले अग्र महाजन हुन पाएको हो । एकदिन पदुमुत्तर बुद्धको सन्मुख बसि धर्मदेशना सुन्न पाएर अत्यन्त श्रद्धा उत्पन्न भयो र तथागत सहित भिक्षुसंघलाई ७ दिनसम्म भोजन र चीवर दान गर्नुभयो । जटिल बोधिसत्त्वको यस्तो अटल श्रद्धा देख्नु भएर पदुमुत्तर बुद्धले यो महाजन को हुन सक्छ भनेर अनागतंश ज्ञानबाट हेर्नु हुँदा भद्र कल्पमा गौतम गोत्रका शाक्य कुलमा गौतम बुद्ध भएर प्रख्यात हुने कुरा थाहा पाए । पदुमुत्तर बुद्धले भोजन अनुमोदन पछि जटिल महाजन भविष्यमा बुद्ध हुने भविष्यवाणी गर्नुभयो । बुद्धको मुखबाट यस्तो भविष्यवाणी सुन्नु भएर बोधिसत्त्व जटिल महाजनको श्रद्धा झन् झन् वृद्धि हुँदै गयो । उहाँ बुद्धको सेवा, भक्ति र दान पुण्य गर्दै देवलोकमा जन्म लिन जानुभयो ।



Downloaded from http://www.dhamma.digital

## (च) मन्द कल्प

### १४) सुमेध बुद्ध

सुमेध बुद्ध २८ औं बुद्ध मध्ये १४ औं बुद्ध हुनुहुन्छ। पदुमुत्तर बुद्धको परिनिर्वाण पछि सारकल्प नाश भएर गयो। त्यस उपरान्त ७० हजार कल्पसम्म सून्य कल्प नै भइरह्यो। क्रमैसँग सून्य कल्प बितेर फेरि मन्द कल्प उत्पन्न भयो। यस कल्पमा दुई जना बुद्धहरू क्रमैसँग उत्पन्न भयो।

१. सुमेध बुद्ध
२. सुजात बुद्ध

मन्दकल्प उत्पन्न भएर मनुष्यहरूको आयु असंख्य वर्ष भएको समयमा क्रमैसंग मनुष्यहरूले संसारिक अनित्य स्वभावलाई जान्न नसकेर उनीहरूको चित्तमा राग, द्वेष, मोह बढेको हुनाले आयु पनि शयवर्षमा एक वर्ष घट्दै आखिरमा ९० हजार वर्षसम्म पुग्न गयो। यसवेला तुसिता भुवनमा रहनु भएका सुमेध बोधिसत्त्वलाई देवताहरू आई मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गरे। देवताहरूको प्रार्थनालाई स्वीकार गरेर बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) गर्नु भई



Downloaded from http://www.dhamma.digital

मनुष्यलोकमा यी पाँचवटा तत्त्व पनि अनुकूल भएको देख्नुभयो। यसैले उहाँले तुसिता भूवनबाट मनुष्यलोकको सुदस्सन देशको सुदत्त भन्ने राजाका अग्रमहारानी सुदत्ता देवीको गर्भमा वास गर्नुभयो।

वयस्क अवस्थामा पुग्नु भएपछि सुमेध बोधिसत्त्वलाई मौसम अनुसार बस्ने ३ वटा दरबार बनाइदिए।

१. सुचन्दन दरबार

२. कन्चन दरबार

३. सिरिवड्ढन दरबार

सुमेध बोधिसत्त्वको विवाह राजकुमारी सुमना देवीसंग भयो। उहाँका ४८ हजार सेविकाहरू थिए। सुमेध बोधिसत्त्वले नौ हजार वर्षसम्म लौकिक सुखको अनुभव गर्नुभयो। सुमना देवी युवराज्ञीको तर्फबाट पुनब्बसुमित्त भन्ने एक पुत्रको जन्मभयो। पुत्रको जन्म भएपछि सुमेध बोधिसत्त्वको मनमा धेरै नै वैराग भाव उत्पन्न भयो।

एकदिन बगैंचामा घुम्न गएको वेलामा उहाँले चार निमित्त देख्नुभयो। यी दृश्यले गर्दा उहाँलाई यस्तो लाग्यो कि जति पनि आफूले अनुभव गरिरहनु भएको लौकिक सुखहरू सबै अशुभ भनि जानेर, विरक्त हुनु भएर उहाँ हात्ती चढेर राजदरबार त्याग गर्नुभयो। बोधिसत्त्व सुमेध कुमारले गृहत्याग गरेको देखेर शय करोड मानिसहरूले पनि गृहत्याग गरि प्रव्रजित भए। सुमेध बोधिसत्त्वले १५



Downloaded from http://www.dhamma.digital

दिनसम्म दुष्कर चर्या गर्नुभयो। एकदिन वैशाख पूर्णिमाको दिन नकुल भन्ने ग्राममा रहेका नकुल सेंठको छोरीले दान गरेको क्षीर भोजन ४९ गाँस गरी भोजन गर्नुभयो। त्यस्तै सिरीवड्ठ भन्ने आजिवकले दान दिएको आठ मुठा घाँस पनि दान लिनु भई नीमको वृक्ष (महाकदम्ब वृक्ष) मुनि बिछ्याउनु भयो। बोधिवृक्ष मुनि घाँस बिछ्याएर चार प्रकारका वीर्य अघि सार्नुभयो र यसरी अधिष्ठान गर्नुभयो– "रगत मासु सुकेर गए तापनि हाड चूर्ण चुर्ण भएर गए तापनि जबसम्म बोधिज्ञान प्राप्त हुँदैन तबसम्म यस स्थानबाट उठेर जानेछैन।" यसप्रकार अधिष्ठान गर्नु भएपछि त्यसदिन घाम नअस्ताउँदै पञ्चमारलाई जित्नुभई रात्रीको प्रथम याम, द्वितीय याम र तृतीय याम क्रमैसंग पुब्बे निवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गर्नुभई बुद्ध हुनुभयो।

बोधिज्ञान प्राप्त भइसकेपछि ४९ दिन अर्थात् सप्तसप्ताहसम्म कुनै पनि आहार सेवन नगरिकन त्यही बोधिवृक्ष वरपर आफूले प्राप्त गरेको ज्ञानलाई अनुलोभ प्रतिलोम गरी अध्ययन गर्नुभयो। यसरी सप्त सप्ताह बितिसकेपछि आफूलाई प्राप्त भएको आहार पनि सेवन गर्नुभयो। यसपछि यस ज्ञान कसलाई सुनाउँ भनी आफ्नो ज्ञानले हेर्नु हुँदा संसारमा मानिसहरूको चित्तमा क्लेशले भरिएको हुँदा यी ज्ञानलाई बुझ्न नसक्ने देख्नु भयो र



Downloaded from http://www.dhamma.digital

उहाँ निराश हुनुभयो । यो कुरा ब्रह्माले थाहापाई बुद्धको समक्ष आएर संसारमा ज्ञानलाई बुझ्रेर क्लेश निर्मूल पार्नसक्ने मनुष्यहरू रहेको कुरा बताए । यो कुरालाई थाहा पाएर सुमेध बुद्धले अब कसलाई धर्मदेशना गर्नुपर्ला भनेर आफ्नो ज्ञानबाट हेर्नु भएको वेलामा आफ्ना सानी आमाका छोराहरू (भाईहरू) दुईजना शरण कुमार र सब्बकाम राजकुमारहरूलाई देख्नुभयो । उहाँ आकाश मार्गबाटै आउनु भएर सुदस्सना देशको नजिकै सुदस्सना भन्ने मंगल बगैंचामा जानुभयो । बगैंचा नाइकेलाई आफ्ना भाईहरू बोलाउन पठाउनुभयो । भाईहरू शरणकुमार र सब्वकाम राजकुमारहरू सहित आफूसँगै गृहत्याग गरी प्रव्रजित भएकाहरूलाई बुद्धले सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो असंख्य मनुष्यहरूले धर्मबोध गरे । यसरी सद्धर्म गाउँ गाउँ नगर नगर आदि स्थानहरूमा प्रचार हुँदै गए । सुमेध बुद्धका धेरै श्रावक श्राविकाहरू जम्मा हुँदै गए ।

सुमेध बुद्धका अग्रश्राविकाहरू - भिक्षु शरण र भिक्षु सब्वकाम ।

सुमेध बुद्धका अग्रश्रावकहरू - भिक्षुणी रामा र भिक्षुणी सुरामा ।

सुमेध बुद्धका निजी सेवक - भिक्षु सागल

सुमेध बुद्धका मुख्य उपासकहरू - उरुवेल र यशवा

सुमेध बुद्धका उपासिकाहरू - यशोधरा र सिरीमा



Downloaded from http://www.dhamma.digital

सुमेध बुद्धको शारीरिक उचाई - ८८ हात ।

सुमेध बुद्धको तेज - एक योजनसम्म फैलिरहेको ।

सुमेध बुद्ध मनुष्यहरूको आयु ९० हजार वर्ष भएको समयमा जन्म हुनुभएको हो ।

## गौतम बुद्ध हुने बोधिसत्त्व

सुमेध बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व उत्तर मानवक (युवक) ब्राह्मण भएर जन्मनु भएको थियो । बोधिसत्त्व कुनै समयमा देवलोकमा उत्पन्न हुने, कुनै समयमा मनुष्य लोकमा र कुनै कुनै समयमा तिर्यक योनीमा पनि जन्म लिनु परेको थियो । यसरी घुम्दै सुमेध बुद्धको समयमा महाजनको छोरो भएको थियो । उहाँ बोधिसत्त्वको सम्पत्ति ८० करोड थियो । बोधिसत्त्व उत्तरले बुद्ध उत्पन्न भएको खबर थाहा पाएर अत्यन्तै श्रद्धापूर्वक बुद्धलाई दर्शन गर्न जानुभयो । उहाँले बुद्ध प्रमुख भिक्षु संघलाई सातदिनसम्म भोजनको निमन्त्रणा गर्नुभयो । यसरी सातदिनसम्म भोजन दान गरी धर्मदेशना सुनिसकेपछि संसारको स्वभाव धर्मलाई बुझेर ज्यादै विरक्तिनु भएर आफू पनि प्रव्रजित हुन बुद्धसँग अनुमति माग्नुभयो । अनुमति पाइसक्नु भएपछि आफ्नो श्रीसम्पत्ति, गृहस्थाश्रम सम्पूर्ण त्यागेर भिक्षु हुनुभयो ।

उत्तर भिक्षुको शुद्ध आचरण, शील स्वभाव र अटल श्रद्धा देखेर सुमेध बुद्धले अनागतंश ज्ञानद्वारा हेर्नुभएको



Downloaded from http://www.dhamma.digital

वेलामा बोधिसत्त्व भिक्षु भद्रकल्पमा गौतम गोत्रको शाक्यकुलमा शाक्यमुनि बुद्ध हुने थाहा पाउनुभयो। त्यसपछि सुमेध बुद्धले उत्तर भिक्षुको अगाडि भविष्यमा बुद्ध हुने भविष्यवाणी गर्नुभयो। यसरी भविष्यवाणी सुनेर बोधिसत्वको मनमा धर्मप्रति उत्साह झन बढ्दै गयो र दान, शील र ध्यानलाई वृद्धि गर्दै, त्रिपिटकको पनि अध्ययन गर्दै लौकिक ध्यान पूर्ण गरेर ब्रह्मलोकमा उत्पन्न हुनुभयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मन्द कल्प

## १५) सुजात बुद्ध

सुजात बुद्ध २८ औं बुद्धहरू मध्ये १५ औं बुद्ध हुनुहुन्छ। सुमेध बुद्धको परिनिर्वाण पछि मानिसहरूको आयु ९० हजार वर्षसम्म घट्दै १० वर्षसम्म पुग्यो। फेरि धर्म चित्त हुनेहरूको तर्फबाट आयु बढ्दै असंख्य वर्षसम्म पुग्न गयो। अनि यसवेला मनुष्यहरूको चित्तमा अनित्य बोध हुन नसकी लोभ द्वेष र मोहले ठाउँ लिंदै गएको कारणले गर्दा पुनः आयु घट्दै ९० हजार वर्षसम्म पुग्न गयो। यसवेला सुजात बोधिसत्त्व तुसिता भुवनमा रहनुभएको थियो। त्यहाँ देव ब्रह्माहरू आएर मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गरे। यही प्रार्थनालाई सुनेर सुजात बोधिसत्त्वले मनुष्यलोकमा पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातुआयु) गर्नुभई, अनुकूल मिलेकोले तुसिता भुवनबाट मनुष्यलोकको सुमंगल भन्ने देशमा उगत भन्ने राजाको अग्रमहारानी प्रभावतीको गर्भमा वास गर्नुभयो। क्रमशः दश महिना बितेपछि एउटा रमणीय बगैंचामा जन्म भयो। उहाँलाई सुजात भनेर नामाकरण गरियो। वयस्क अवस्थामा पुगेपछि उहाँलाई मौसम अनुसार बस्ने तीनवटा दरबाररू बनाईदिए।



Downloaded from http://www.dhamma.digital

१. सिरी दरबार

२. उपसिरी दरबार

३. सिरीनन्द दरबार

सुजात बोधिसत्त्वलाई सिरीनन्दा भन्ने राजकुमारीसँग विवाह गरिदिए।

युवराज्ञी सिरीनन्दाका ३२ हजार सेविकाहरू थिए। युवराज्ञी प्रमुख धेरै सेविकाहरूका साथमा तीनैवटा दरबारमा धेरै वर्षसम्म पञ्च कामसुखको अनुभव गर्नुभयो। सिरीनन्दा युवराज्ञीको तर्फबाट उपसेन भन्ने पुत्रको जन्मभयो। पुत्र जन्मिसकेपछि बोधिसत्त्वको मनमा वैराग्यभाव उत्पन्न भएर आयो।

एकदिन बाहिर घुम्न गएको वेलामा चार निमित्त (बूढा-बूढी, रोगी, मृत्तक र त्यागी) देख्नु भएकोले उहाँको मन भयभित हुन थाल्यो। यसैले हंसवत्त भन्ने घोडाको पिठ्यूमा बसेर गृहत्याग गर्नुभयो। बोधिसत्त्वले गृहत्याग गर्नु भएको खबर सुनेर उहाँसँगै अरु एक करोड व्यक्तिहरू पनि गृहत्याग गरेर उहाँकै पछि लागे। सुजात बोधिसत्त्वले एक करोड व्यक्तिहरूसँगै ९ महिनासम्म दुष्करचर्या गर्नुभयो। एकदिन वैशाख पूर्णिमाको दिन सिरीनन्दन भन्ने महाजनकी छोरीले दान दिएको क्षीर भोजन ४९ गाँस गरेर भोजन गर्नुभई, सुनन्द भन्ने आजिवकले दान दिएको आठमुट्ठा घाँस महाविणु वृक्ष मुनि बिछ्याउनु भयो र उहाँले



Downloaded from http://www.dhamma.digital

यसरी अधिष्ठान गर्नुभयो– "शरीरको हाड, मासु, छाला र रगत सुकेर चूर्ण चूर्ण भएर गए तापनि बोधिज्ञान प्राप्त नभएसम्म यस स्थानबाट उठ्ने छैन।" यसरी समाधिमा बस्नु भईसकेपछि घाम नअस्ताउँदै पञ्चमारलाई जित्नु भएर रात्रीको प्रथम याम, द्वितीययाम र तृतीययाममा क्रमशः पुब्बे निवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान आदि प्राप्त गर्नुभई अन्तिममा बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनुभयो।

बुद्ध भईसक्नु भएपछि बोधिवृक्षको आसपासमा उहाँले सप्तसप्ताह (४९ दिन) बिताउनु भई आफूले प्राप्त गर्नुभएको ज्ञानलाई अनुलोम प्रतिलोभ गर्दै तलदेखि माथिसम्म र माथि देखि तलसम्म विचार गर्नुभयो। ४९ दिनसम्म उहाँले कुनै प्रकारको आहार सेवन गर्नुभएन। यसपछि उहाँले आहार सेवन गर्नु भएपछि आफूले प्राप्त गरेको बोधिज्ञान कसलाई सुनाउँ भनि आफ्नो ज्ञानद्वारा हेर्नु भएपछि संसारमा प्रायः मानिसहरूको चित्तमा क्लेश भरिएको हुनाले यसप्रकारको ज्ञानलाई बुझ्न नसक्ने देख्नु भई उहाँ निराश हुनुभयो। यसबेला नै ब्रह्मा आउनु भई संसारमा मानिसहरूले क्लेशलाई हटाई ज्ञान हासिल गर्न सक्ने व्यक्तिहरू पनि छन् भनी बुद्धको अगाडि प्रार्थना गर्नु भयो। ब्रह्माको प्रार्थना सुनी अव कसलाई धर्म देशना गरूँ भनी ध्यानद्वारा हेर्नुहुँदा आफ्नै सानी आमाको छोरा



Downloaded from http://www.dhamma.digital

(भाई) सुदस्सन कुमार र पुरोहितको छोरा सुदेवकुमारलाई देख्नुभयो। त्यसपछि सुजात बुद्धले सुमंगल देशको सुमंगल बगैंचामा जानुभई सुदस्सन कुमार र सुदेवकुमार प्रमुख धेरै देव मनुष्यहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो। धेरै देव मनुष्यहरूले धर्म अमृत प्राप्त गर्नुभए। सुजात बुद्धले धेरै नै गाउँ शहर आदि ठाउँमा धर्मप्रचार गर्नुभयो। उहाँका धेरै श्रावक श्राविकाहरू भए।

सुजात बुद्धका अग्रश्रावकहरू - भिक्षु सुदस्सन र भिक्षु सुदेव।

सुजात बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी नागा र भिक्षुणी नागसमाला।

सुजात बुद्धका नीजि सेवक - भिक्षु नारद

सुजात बुद्धका मुख्य उपासकहरू - सुदत्त र चित्त

सुजात बुद्धका मुख्य उपासिकाहरू - सुभद्रा र पदुमा

सुजात बुद्धको शारीरिक उचाई - ५० हात

सुजात बुद्धको तेज - सारा चक्रवालमा फैलिएर (चन्द्र सूर्यको तेजलाई समेत छोपेको)

सुजात बुद्ध मनुष्यहरूको आयु ९० हजार वर्ष भएको समयमा जन्म हुनुभएको।

## गौतम बुद्ध हुने बोधिसत्त्व

सुजात बुद्धको समयमा भविष्यमा गौतम बुद्ध हुने बोधिसत्त्व चक्रवर्ती राजा हुनुभएको थियो। उहाँको देशको



Downloaded from http://www.dhamma.digital

नाम सुमंगल थियो । बुद्ध लोकमा उत्पन्न भएको समाचार सुनेर बुद्ध दर्शन गर्नु भई उहाँबाट सद्धर्म श्रवण गर्नुभयो । धर्मदेशना सुनी बुद्ध प्रति ठूलो श्रद्धा उत्पन्न भएकोले बुद्ध सहित भिक्षु संघलाई वर्षावास ३ महिनासम्म भोजन दान गर्नुभयो । बुद्ध शासनमा श्रद्धा उत्पन्न भएकोले राज्य शासन चलाउन इच्छा भएन उहाँको मनमा वैराग उत्पन्न भयो । यसैले उहाँले सातरत्न सहित चक्रवर्ती राज्यलाई समेत त्याग गर्नुभई, सारा पञ्चकाम सुखलाई त्याग गर्नु भयो अनि सुजात बुद्ध कहाँ जानुभई प्रव्रजित हुनुभयो । उहाँले आफ्नो देशमा आयस्ताको रुपमा लिइराखेको सम्पत्ति पनि सम्पूर्ण भिक्षुसंघलाई नै दान गर्नु भयो । चक्रवर्ती राजाको यसप्रकारको श्रद्धा, शील, नियम र तीक्ष्ण बुद्धि देख्नु भएर सुजात बुद्धले यो चक्रवर्ती राजा भविष्यमा को हुने रहेछ भनी अनागतंश ज्ञानबाट हेर्नुहुँदा उहाँ बोधिसत्त्व भद्रकल्पमा गौतम गोत्रमा शाक्य कुलको शाक्य मुनि बुद्ध भई प्रख्यात हुनेछ भनेर बुझ्नुभयो । सुजात बुद्धले बोधिसत्त्वको अगाडि भविष्यमा बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नुभएको सुनेर अत्यन्तै खुसी हुनु भएर अझ ध्यान भावनालाई वृद्धि गर्नुभई ध्यान समापत्ति लाभ गर्नुभई परलोक हुनु भएर ब्रह्मलोकमा जन्म लिन जानुभयो ।



Downloaded from http://www.dhamma.digital

# (छ) वर कल्प

## १६) पियदस्सी बुद्ध

पियदस्सी बुद्ध २८ औं बुद्धहरू मध्ये १६ औं बुद्ध हुनुहुन्छ। सुजात बुद्धले बोधिज्ञान लाभ गर्नु भएर धेरै प्राणीहरूलाई उद्धार गर्नुभई परिनिर्वाण हुनुभयो। उहाँको परिनिर्वाण पछि बुद्ध शासन पनि लोप हुँदै कल्पनाश हुँदै गयो। त्यसपछि असंख्य कल्पसम्म सून्य कल्प उत्पन्न भयो। क्रमशः सून्यकल्प पनि नाश भएर एकहजार आठशय कल्प पहिले तीन जना बुद्धहरू जन्म हुन आउने वर कल्प उत्पन्न भयो। यो वर कल्पमा क्रमैसँग तीन जना बुद्धहरू उत्पन्न हुनुभयो।

१. पियदस्सी बुद्ध

२. अट्ठदस्सी बुद्ध

३. धम्मदस्सी बुद्ध

वर कल्प शुरुभएर मनुष्यहरूको आयु असंख्य वर्ष भइरहेको समयमा मनुष्यहरूले अनित्यलाई बुझ्न नसकेको कारणले गर्दा विस्तारै मनमा लोभ, द्वेष र मोह उत्पन्न भएर अनैतिकतापूर्ण काम गर्न थाले। अनैतिक, अधार्मिक चित्तले मनुष्यहरूको आयु पनि शयवर्षमा एकवर्ष गरी



Downloaded from http://www.dhamma.digital

घट्दै असंख्य आयुबाट ९० हजार वर्ष सम्म पुग्न आयो । यस समयमा पियदस्सी बुद्ध हुने बोधिसत्त्व तुसिता भूवनमा रहनु भएको अवस्थामा देव ब्रह्माहरू आउनु भई मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गरियो । यो प्रार्थना भएर बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातुआयु परिच्छेद) गर्नुभयो । यसवेला मनुष्यलोकमा यी पाँचै वटा तत्त्वहरू पूर्ण भएको देख्नुभयो । यसैले उहाँ तुसिता भूवनबाट मनुष्यलोकमा सुधन्य भन्ने देशमा सुदत्त राजाको अग्र महारानी चन्दादेवीको गर्भमा वास गर्नुभयो । क्रमशः दश महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको दिन वरुण भन्ने बगैंचामा जन्म हुनुभयो । उहाँ साह्रै नै रहरलाग्दो अत्यन्त सुन्दर भएको हुनाले उहाँलाई पियदस्सी भनेर नामाकरण गरियो । क्रमशः उहाँ वयस्क भएपछि बोधिसत्त्वलाई मौसम अनुसार बस्न सक्ने तीनवटा दरबार बनाइदियो । यी हुन्–

१. सुनिमल दरबार

२. विमल दरबार

३. सिरीगुहा दरबार

बोधिसत्त्वलाई विमलादेवी नामक युवराज्ञीसँग विवाह गराईदियो । युवराज्ञीको ३३ हजार सेविकाहरू थिए । सप्तरत्नले सिंगारिएको दरबारमा विमलादेवी प्रमुख ३३ हजार सेविकाहरूले सेवा गराएर पियदस्सी बोधिसत्त्वले नौ



Downloaded from http://www.dhamma.digital

हजार वर्षसम्म बिताउनु भयो। विमलादेवीको तर्फबाट कञ्चनवेल नामक एकपुत्रको जन्म भयो। पुत्रको जन्मपछि बोधिसत्त्वको मनमा वैराग चित्त उत्पन्न भयो। एकदिन बोधिसत्त्व बाहिर घुम्न गएको अवस्थामा चार निमित्त देख्नु भयो। यी दृश्यहरू वृद्ध, रोगी, मृतक र त्यागी व्यक्ति देख्नु भएर अत्यन्तै भयभित हुनुभयो। आफूले अनुभव गरिरहनु भएको लौकिक सम्पत्ति सबै झुठ जस्तै ठान्नु भएर संसार देखि विरक्त हुनुभई घोडाले तान्ने सप्तरत्नको रथमा चढेर गृहत्याग गर्नुभयो। पियदस्सी राजकुमारले गृहत्याग गर्नु भएको समाचार सुनेर उहाँसँगै एक करोड व्यक्तिहरूले पनि गृहत्याग गरे। पियदस्सी बोधिसत्त्वले यी व्यक्तिहरूसँग ६ महिनासम्म दुष्करचर्या गर्नुहुँदै वैशाख पूर्णिमाको दिन वरुण भन्ने ब्राह्मणको वसमा नामक छोरीले दान दिएको क्षीर भोजन ४९ गाँस गरि खानुभयो। त्यसैदिनमा सुजात नामक आजिवकले दान दिएको आठमुट्ठा घाँस पियङ्ग वृक्ष मुनि बिछ्याउनु भई चारप्रकारको वीर्यलाई अगाडि सार्नुभयो। त्यस स्थानमा आसन ग्रहण गर्नुभई उहाँले अधिष्ठान गर्नुभयो। घाम नअस्ताउँदै पञ्चमारलाई दमन गरेर रात्रीको प्रथमयाम, द्वितीय याम र तृतीययाममा क्रमशः पुब्बे निवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गरेर बुद्ध हुनुभयो। बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि उहाँले बोधिवृक्षको आसपासमा ४९ दिनसम्म



Downloaded from http://www.dhamma.digital

अर्थात् सप्तसप्ताह बिताउनु भई आफूले प्राप्त गर्नुभएको ज्ञानलाई पुनः अध्ययन गर्नुभयो। यसरी सप्तसप्ताहसम्म आफूले प्राप्त गर्नुभएको ज्ञानलाई अध्ययन गरिसक्नु भएपछि मात्र उहाँले आहार सेवन गर्नुभयो। किनभने बोधिज्ञान प्राप्त गर्नुभन्दा अगाडि क्षीर भोजनको शुद्धता र बोधिज्ञान प्राप्त भएको प्रीतिको कारणले उहाँलाई कुनै किसिमको भोक र प्यासको अनुभव नभएको हो। ४९ दिनपछि उहाँले प्राप्त भएको भोजन सेवन गर्नुभई अब आफूले प्राप्त गरेको ज्ञान कसलाई सुनाउँ भनी आफ्नो ज्ञानद्वारा हेर्नुहुँदा संसारका प्रायः मानिसहरूमा क्लेशले गर्दा ज्ञान हासिल गर्न नसकेको देख्नु भएर निराश हुनुभयो। यो कुरा ब्रह्माले थाहा पाएर संसारमा क्लेशलाई हटाएर ज्ञान बुझ्न सक्ने मानिसहरू पनि रहेको अवगत गराउनुभयो। यो कुरा सुनेर कसलाई धर्म देशना गरुँ भनेर आफ्नो ज्ञानद्वारा हेर्नु भएको वेलामा आफूसँगै गृहत्याग गरेर आउने एक करोड मनुष्यहरूलाई नै देख्नुभयो। यसैले पियदस्सी बुद्धले यी व्यक्तिहरू बसिरहेको उसभवती भन्ने देशको नजिकै उसभवन भन्ने बगैंचामा जानु भई यी एक करोड व्यक्ति प्रमुख धेरै देव मनुष्यहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो। धेरै देव मनुष्यहरूले अमृतमय ज्ञान लाभ गर्न सफल भए। यसरी पियदस्सी बुद्धले गाउँ नगर शहर आदि स्थानहरूमा सद्धर्म प्रचार गर्नुभयो। उहाँको धेरै श्रावक श्राविकाहरू पनि भए।



Downloaded from http://www.dhamma.digital

पियदस्सी बुद्धको अग्रश्रावक भिक्षुहरू - भिक्षु पालित र भिक्षु सब्बदस्सी
पियदस्सी बुद्धका अग्रश्राविका भिक्षुणीहरू - भिक्षुणी सुजाता र भिक्षुणी धम्मदिन्ना
पियदस्सी बुद्धका निजी सेवक - भिक्षु सोभित
पियदस्सी बुद्धका मुख्य उपासकहरू - सन्धक र धम्मक
पियदस्सी बुद्धका मुख्य उपासिकाहरू - विशाखा र धम्मदिन्ना
पियदस्सी बुद्धको शारीरिक उचाई - ८० हात

पियदस्सी बुद्ध मनुष्यहरूको आयु ९० हजार वर्ष भएको बेलामा जन्मनु भएको हो ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

पियदस्सी बुद्धको समयमा भविष्यमा गौतमबुद्ध हुने बोधिसत्त्व कस्सप ब्राह्मण भएर जन्मनु भएको थियो । त्यसबेला कस्सप ब्राह्मण इतिहास ग्रन्थ सहित तीनवटा वेदले पारंगत हुनुहुन्थ्यो । उहाँले धेरै चेलाहरू जम्मा गर्नुभई शिल्पविद्या सिकाइरहनु भएको थियो । पियदस्सी बुद्ध लोकमा उत्पन्न भएको समाचार र फेरि बुद्ध सुधन्यवती देशमा आउनु हुने समाचारले धेरै खुसी भएर आफ्ना चेलाहरूका साथमा त्यहाँ पुग्नुभयो । धेरै विद्याले पारंगत बोधिसत्त्वले पियदस्सी बुद्ध ३२ लक्षण र ८० व्यञ्जनले युक्त भएको देख्नु भई बुद्ध प्रति ठूलो श्रद्धा



Downloaded from http://www.dhamma.digital

उत्पन्न भएर आयो । त्यतिमात्र नभई पारमी संभार पूर्ण भइसक्नु भएका बोधिसत्त्वले बुद्धको उपदेश सुन्नु भएर झन श्रद्धा बलियो हुँदै गयो र उहाँ देखेर साह्रै प्रभावित हुनुभयो । बोधिसत्त्वले एक एकलाख करोड धन खर्च गरेर अत्यन्त सुन्दर भव्य विहार निर्माण गरी बुद्धलाई दान गर्नुभयो ।

यसरी कस्सप बोधिसत्त्वले शील आचरणले पूर्ण हुनुभई दान, शील र ध्यानलाई पनि पूर्ण गर्नुभयो । पियदस्सी बुद्धले बोधिसत्त्वको शील आचरणबाट प्रभावित हुनुभई यो व्यक्ति को हुनसक्छ भनी आफ्नो अनागतंश ज्ञानबाट हेर्नुहुँदा उहाँ भद्रकल्पमा गौतम गोत्रमा शाक्यकुलको शाक्यमुनि बुद्ध भएर प्रख्यात हुनेछ भनेर थाहा पाउनु भयो । अनि पियदस्सी बुद्धले कस्सप बोधिसत्त्वको अगाडि भद्रकल्पमा शाक्यमुनि बुद्ध हुनेछ भनि भविष्यवाणी गर्नुभयो । बुद्धको मुखबाट यस्तो भविष्यवाणी सुनेर बोधिसत्त्व अत्यन्तै खुसी भएर आफ्नो शील समाधि प्रज्ञालाई झन् झन् वृद्धि गर्नुभई आफ्नो जीवन पछि सुगति प्राप्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# वर कल्प

## १७) अट्ठदस्सी बुद्ध

अट्ठदस्सी बुद्ध २८ औं बुद्धहरू मध्ये १७ औं बुद्ध हुनुहुन्छ। पियदस्सी बुद्धको परिनिर्वाण पछि मनुष्यलोकमा धर्मलोप हुँदै अधर्म बढेको कारणले मनुष्यहरूको आयु पनि शयवर्षमा एक वर्ष गर्दै घट्दै ९० हजार वर्षसम्म पुग्यो र त्यसबाट नै घट्दै १० वर्ष पुग्यो। दश वर्षको आयु पुग्दा प्रायः मनुष्यहरू अधार्मिक पूर्वक जीवन यापन गर्ने हुनाले बलियाले दुर्बललाई हत्या गर्ने आदि अमानविय कार्य हुनगयो। यसप्रकारको दुराचारी पापीहरूको समूहमा बस्न डराएर कुनै कुनै थोरै मानिसहरू टाढा जंगलमा लुकेर बस्न गए। उनीहरू जंगलमा रहेर रुखको पातहरू, फलफूल आदि सेवन गरेर दिन बिताएर भएपनि पाप कर्म गर्नबाट बचिरह्यो। यिनीहरूको कुशल कार्यले अर्थात् पाप रहित भएको चित्तले गर्दा नै दश वर्षको आयुबाट बीस वर्ष, चालिस वर्ष हुँदै आयु दोब्बर हुँदै बढ्दै पुनः बिस्तारै आयु बढ्दै असंख्य वर्षसम्म पुग्न गयो।

असंख्य वर्ष आयु हुनेहरूमा सुख बृद्धि भएकोले मर्नुपर्ने ज्ञान नभएर अहंकार बढ्दै आयो। लोभ, दोष



Downloaded from http://www.dhamma.digital

र मोह जस्तो क्लेशहरू बढ्दै मनुष्यहरूको आयु फेरि शयवर्षमा एक वर्ष घट्दै एकलाख वर्षसम्म पुग्न गयो ।

यस अवस्थामा अट्ठदस्सी बोधिसत्त्वले पारमिता पूर्ण गर्नु हुँदै तुसिता भुवनमा रहनु भएको थियो । धेरै देव ब्रह्माहरू आएर बोधिसत्त्वलाई मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गरियो । अट्ठदस्सी बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) गर्नुभयो । मनुष्यलोकमा यी पाँचवटा तत्त्वपूर्ण भएको थाहा पाउनु भई मनुष्यलोकको शोभित देशको राजा सागरको अग्रमहारानी सुदर्शनाको गर्भमा वास गर्नुभयो । दश महिना पूर्ण भइसकेपछि सुचिन्धन भन्ने बगैंचामा वैशाख पूर्णिमाको दिनमा जन्म हुनुभयो । उक्त बगैंचामा भने पहिले पहिले गाडि राखेको धनका घडाहरू पत्ता लगाउन नसकी हराईरहेका थिए । बोधिसत्त्व जन्मिसक्नु भएपछि उक्त धनका घडाहरू पत्ता लागेका थिए । यसैले नै बोधिसत्त्वलाई अट्ठदस्सी भनेर नामाकरण गरियो । अट्ठदस्सी बोधिसत्त्वलाई वचपन कालमा सप्तरत्नको झोलङ्गीमा झुलाएर हुर्काएका थिए । उहाँ वयस्क अवस्थामा पुग्नु भएपछि मौसम अनुसार बस्न सक्ने तीनवटा दरबार बनाइदिएका थिए । यी हुन् –

१. अमरागिरि दरबार २. सूरगिरि दरबार
३. गिरिवाहन दरबार



Downloaded from http://www.dhamma.digital

उहाँको विवाह राजकुमारी विशाखा देवीसँग भयो। युवराज्ञी विशाखा देवीका ३३ हजार सेविकाहरू थिए। विशाखा देवी प्रमुख ३३ हजार सेविकाहरूका साथमा उक्त तीनवटा दरबारमा दशहजार वर्षसम्म लौकिक सुखको अनुभव गर्नुभयो। युवराज्ञी विशाखा देवीको तर्फबाट एक पुत्रको जन्म भयो। राजकुमारलाई सेल कुमार भनी नामाकरण गरियो। पुत्रको जन्मपछि बोधिसत्त्वको मनमा वैराग भाव उत्पन्न हुन थाल्यो। एकदिन बाहिर घुम्न जाँदा चारवटा निमित्त (बूढा, रोगी, मृतक र भिक्षु) देख्नु भएकोले उहाँको मनमा सांसारिक भय उत्पन्न भयो। यही भयले गर्दा नै बोधिसत्त्वले सुदस्सना नामक मंगल घोडा चढेर गृहत्याग गर्नुभयो। अट्ठदस्सी बोधिसत्त्वले गृहत्याग गर्नुभएको समाचार थाहा पाएर नौ करोड मनुष्यहरूले वैराग चित्त उत्पन्न गराई उनीहरूले पनि गृहत्याग गरेर बोधिसत्त्वको पछि लागे। अट्ठदस्सी बोधिसत्त्वले उहाँसँग गृहत्याग गरेर आउने व्यक्तिहरूसँग आठ महिनासम्म दुष्करचर्या गर्नु भयो। एकदिन विशाख नक्षत्रले युक्त भएको बैशाख पूर्णिमाको दिन सुचिन्धरा भन्ने नागकन्याले दान दिएको क्षीर भोजनलाई ४९ गाँस गरी खानु भएपछि धम्मरुची नामक नागराजाले दान दिएको कूश घाँस आठ मुट्ठा चम्पक वृक्ष मुनि बिछ्याउनु भयो। त्यस आसनमा बस्नु भई उहाँले चारप्रकारको वीर्यलाई अघि सार्दै यसरी



Downloaded from http://www.dhamma.digital

अधिष्ठान गर्नुभयो "बोधिज्ञान प्राप्त नभएसम्म यस आसनबाट उठ्ने छैन ।" घाम नअस्ताउँदै पञ्चमार जित्नु भई रात्रीको प्रथमयाम र तृतीय याममा क्रमशः पुब्बेनिवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गर्नुभई सर्वज्ञ बुद्ध हुनुभयो ।

बुद्ध हुनु भइसकेपछि बोधिवृक्षको आसपासमा ४९ दिन अर्थात् सप्तसप्ताह बस्नु भई बोधिज्ञानलाई पुनः दोहऱ्याई तेहऱ्याई अध्ययन गर्नुभयो । विना आहार सेवन ४९ दिन सम्म बिताउनु भएपछि आफूलाई भोक लागेको जस्तो अनुभव गर्नुभयो । यसै कारणले नदीमा जानु भई दतिवन गर्नुभई हातमुख धुनुभयो । एकजना उपासकले दान गरेको भोजन पनि सेवन गर्नुभयो । त्यसपछि उहाँले प्राप्त गरेको ज्ञान कसलाई सुनाउँ भनी आफ्नो ज्ञानद्वारा हेर्नु भएपछि संसारका प्रायः मानिसहरूमा क्लेशको कारणले ज्ञानलाई बुझ्न नसक्ने देख्नु भई निराश हुनुभयो । यस कुरालाई ब्रह्माले थाहा पाएर संसारमा क्लेशलाई हटाएर ज्ञान हासिल गरी जीवन सफल पार्न सक्ने मानिसहरू पनि रहेको कुरा प्रार्थना गऱ्यो । यस प्रार्थनालाई स्वीकार गर्नुभई अब कसलाई धर्मदेशना गर्नुपर्ला भनेर ध्यान द्वारा हेर्नु भएको वेलामा आफूसँगै गृहत्याग गरी प्रव्रजित भएर आएका साथीहरूलाई सम्झनुभयो । यसकारण अट्ठदस्सी बुद्धले अनोमा देशको अनोमा भन्ने बगैंचामा आउनु



Downloaded from http://www.dhamma.digital

भई आफ्ना साथीहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो। यस धर्मदेशना सुन्नु भएर धेरै संख्यामा देव मनुष्यहरूले अमृतमय ज्ञान प्राप्त गर्न सफल भए।

त्यसपछि अट्ठदस्सी बुद्धले आफ्ना शिष्यहरूलाई गाउँ-गाउँ नगर-नगर आदि ठाउँहरूमा सद्धर्म प्रचार गर्न लगाउनु भयो। यसरी उहाँका धेरै अग्रश्रावक, श्राविका, उपासक र उपासिकाहरू जम्मा हुन थाले।

अट्ठदस्सी बुद्धका अग्रश्रावकहरू - भिक्षु शन्त र भिक्षु उपशन्त।

अट्ठदस्सी बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी धम्माथेरी र भिक्षुणी सुधम्मा थेरी।

अट्ठदस्सी बुद्धका नीजि सेवक - भिक्षु अभय

अट्ठदस्सी बुद्धका मुख्य उपासकहरू - नकुल र निसम

अट्ठदस्सी बुद्धका मुख्य उपासिकाहरू - मनिला र सुनन्दा

अट्ठदस्सी बुद्धको शारीरिक उचाई - ८० हात

अट्ठदस्सी बुद्धका तेज - एक योजनसम्म फैलिरहेको

अट्ठदस्सी बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको समयमा जन्मनु भएको थियो।

## गौतम बुद्ध हुने बोधिसत्त्व

अट्ठदस्सी बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व सुसीम तपस्वी हुनु भएको थियो। अट्ठदस्सी बुद्ध लोकमा जन्मनु भन्दा अगाडि सुसिम बोधिसत्त्व चम्पक



Downloaded from http://www.dhamma.digital

देशकोमहाशाल ब्राह्मणको कुलमा जन्म भएर सुसीम नामले प्रख्यात हुनुभएको थियो । पछि उहाँ वयस्क भएपछि उहाँकै पारमी धर्मको कारणले गर्दा उहाँले धनसम्पत्ति सम्पूर्ण गृहस्थाश्रम त्याग गर्नुभई ऋषि प्रव्रज्या लिनु भई हिमालय तर्फ जानु भई मेहेनत गरी ध्यान गर्नुभयो ।

फलस्वरुप उहाँले आठ प्रकारको समापत्ति र पाँच अभिज्ञा ज्ञानले पूर्ण हुनुभयो । यसरी सुसीम ऋषिले आफ्नो ऋद्धि बलले दुर्गतीको बाटो अर्थात् पापकर्मलाई हटाउनु भई आफूले अरु व्यक्तिहरूलाई पनि सुगति, कुशल कर्म वारे उपदेश दिंदै थियो । एकदिन सुसीम तपश्वीले लोकमा अट्ठदस्सी बुद्ध उत्पन्न भइसकेको समाचार प्राप्त गर्नुभयो ।

एकदिन चम्पक देशमा बुद्धलाई निमन्त्रणा गरि राखेको हुनाले सुसीम तपस्वी पनि त्यस स्थानमा बुद्धको दर्शन गर्न आइपुग्नु भयो । त्यसबेला बुद्धको उपदेश सुन्नु भएर ज्यादै प्रभावित हुनुभयो र बुद्ध प्रति ठूलो श्रद्धा व्यक्त गर्नुभयो । तपस्वीले आफ्नो ऋद्धि शक्तिद्वारा देवलोकको देवराज इन्द्र कहाँ फुल्ने कमलको फूल ल्याएर बुद्धलाई पूजा गर्नुभयो । ऋद्धि शक्तिलाई प्रयोग गर्नुभई उत्तरकुरु द्वीपसम्म भिक्षाटन गर्नुभई बुद्धलाई सातदिनसम्म दान गर्नुभयो ।

यस जन्ममा सुसीम बोधिसत्त्व ६ प्रकारका प्रज्ञाद्वारा



Downloaded from http://www.dhamma.digital

पूर्ण हुनुभयो । यी हुन् –

१. तिक्खा प्रज्ञा - जुनसुकै व्यक्तिले एकैपटक बुझ्न नसकिने गंभिर सूक्ष्म कुरा (ज्ञान) बुझ्न सक्ने ज्ञान ।

२. हाँस प्रज्ञा - अरुको मन प्रशन्न, शान्त, हलुंगो हुने गरि कुरा गर्न सक्ने ज्ञान ।

३. जवन प्रज्ञा - देख्नासाथै, सुन्नासाथै एकै चोटी तुरुन्तै त्यसको अर्थ, मूल कारण बुझ्न सक्ने ज्ञान ।

४. दल्ल प्रज्ञा - एकपटक सुनिसकेपछि कहिल्यै नविर्सिने प्रज्ञा ।

५. भूरि प्रज्ञा - महापृथ्वी जस्तो शक्ति भएको प्रज्ञा ।

६. गंभिर प्रज्ञा - अत्यन्त सूक्ष्म ज्ञानलाई पनि बुझ्न सक्ने प्रज्ञा ।

अट्ठदस्सी बुद्धले सुसीम बोधिसत्त्वको यसप्रकारको अद्वितीय ज्ञान भएको व्यक्ति देख्नु भएर यो व्यक्ति को होला ? भविष्यमा को हुने होला ? भनेर अनागतंश ज्ञानबाट हेर्नुहुँदा यो तपस्वी बोधिसत्त्व भद्रकल्पमा गौतम गोत्र, शाक्यकूलमा शाक्यमुनि बुद्ध भएर प्रख्यात हुने कुरा थाहा पाउनु भई तपस्वीको अगाडि नै भविष्यमा बुद्ध हुने भविष्यवाणी गर्नुभयो । यस भविष्यवाणी सुनेर सुसीम बोधिसत्त्वको उत्साह झन् बढ्यो । उहाँले पहिले देखिन गर्दै आउनु भएको जति पनि कुशल कर्महरू छन्, ती सम्पूर्ण



Downloaded from http://www.dhamma.digital

पारमि धर्ममा संग्रह हुने कुरा थाहा पाउनु भएर झन् उत्साही भएर मेहनतपूर्वक दशपारमिता पूरा गर्नुहुँदै उहाँ तपस्वी परलोक हुनुभयो । परलोक पछि उहाँ ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# वर कल्प

## १८) धम्मदस्सी बुद्ध

धम्मदस्सी बुद्ध २८ औं बुद्धहरू मध्ये अठारौं बुद्ध हुनुहुन्छ। उहाँ वर कल्पको सबभन्दा पछिल्लो बुद्ध हुनुहुन्छ।

अट्ठदस्सी बुद्धले धेरै संख्यामा प्राणीहरूलाई उद्धार गर्नु हुँदै परिनिर्वाण हुनुभयो। त्यसपछि विस्तारै बुद्ध शासन लोप हुँदै गयो। धर्म चेतना लोप हुँदै अधार्मिक कार्यहरू बढ्दै मनुष्यहरूको एकलाख वर्षको आयु पनि घट्दै दशवर्षको उमेरमा पुग्नगयो। यस समयमा मनुष्यहरूले खान नपाएर भोकमरी हुन गएकोले बलियाले निर्वलियालाई मारेर खाने समेत हुनगयो। थोरै व्यक्तिहरूले यसप्रकारको अमानविय कार्यलाई मन नपराई त्यहाँबाट भागेर अन्यत्र जंगलमा गई बसे। यसरी अन्यत्र जंगलमा लुकेर बसेका व्यक्तिहरूमा धर्म चित्त उत्पन्न गराई बसिरहेका सन्तानहरू नै पछि गएर धर्मचित्तको कारणले आयु पनि बढ्दै गए। आयु बढ्दै कालान्तरमा असंख्य आयुसम्म पनि पुग्न गयो। पुनः मनुष्यहरूको चित्तमा अनित्य, सद्धर्म कम हुँदै गएको कारणले लोभ द्वेषको कारणले आयु पनि घट्दै असंख्य आयुबाट एकलाख वर्षसम्म घट्न पुग्यो।



Downloaded from http://www.dhamma.digital

यसवेला धम्मदस्सी बोधिसत्त्वले पारमिता पूर्ण गर्नु भएर तुसित देवलोकमा रहनु हुँदा देव ब्रह्माहरू आई मनुष्यलोकमा बुद्ध हुनेवेला आई पुग्यो भनेर प्रार्थना गर्न आए। यही प्रार्थनालाई स्वीकार गर्नुभई मनुष्य लोकतिर नजर गर्नुभई पञ्चमहाविलोकन गर्नुभयो। काल, देश, द्वीप, कुल र मातुआयु परिच्छेदलाई विचार गर्नुभई यी सबै अनुकूल भएको देख्नु भई तुसित देवलोकबाट शरण भन्ने देशमा राजा शरणको अग्रमहारानी सुनन्दा देवीको गर्भमा वास गर्नुभयो। क्रमशः दश महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको दिन एउटा रमणीय बगैचामा जन्मनु भयो। धम्मदस्सी बोधिसत्त्व जन्मिसक्नु भएपछि देशमा सम्पूर्ण मानिसहरूमा धर्मचित्त उत्पन्न भएको र देशमा अधार्मिक नियतहरू सम्पूर्ण लोप भएर गएको र प्रजाजनहरूलाई सुख हुने न्यायपूर्ण रहेको धार्मिक नियमहरू मात्र बाँकी रहनगयो। यसप्रकारको धार्मिकपूर्ण नियम भएको नै आश्चर्य घटना घटेको हुनाले नै उहाँलाई धम्मदस्सी भनेर नामाकरण गरियो।

क्रमैसंग धम्मदस्सी बोधिसत्त्व वैशले पूर्ण भएपछि उहाँलाई मौसम अनुसार बस्न सक्ने तीनवटा दरबारहरू बनाई दिए। यी हुन् –

१. अरजा दरबार २. बिरजा दरबार
४. सुदर्शना दरबार



Downloaded from http://www.dhamma.digital

धम्मदस्सी बोधिसत्त्वको राजकुमारी विचितोलीसंग विवाहभयो। युवराज्ञी विचितोलीको २० हजार सेविकाहरू थिए। युवराज्ञी प्रमुख २० हजार सेविकाहरूसँग यी तीनवटा दरबारमा आठहजार वर्षसम्म लौकिक सुखको अनुभव गर्नुभयो। युवराज्ञी विचितोलीबाट पुण्यवधान भन्ने एक पुत्रको जन्म भयो। पुत्रको जन्मपछि बोधिसत्त्व धम्मदस्सीलाई वैराग्य भाव मनमा उत्पन्न हुन थाल्यो। एकदिन बगैंचामा घुम्न जाँदा चारवटा निमित्त (रोगी, वृद्ध, मृतक र भिक्षु) देख्नुभयो। यस दृश्यबाट मनमा अत्यन्त संसारिक भय उत्पन्न हुन थाल्यो। सम्पूर्ण कामसुख कुनै एकप्रकारको खेल वा सपना जस्तो हुन थाल्यो। संसारिक भयले गर्दा राती निन्द्रा समेत लाग्न छोड्यो। एकदिन निद्रा नआएको कारणले आँखा खोली हेर्नु हुँदा सेविकाहरू अस्तव्यस्त भई निदाई रहेका र आफू स्वयं पनि उनीहरूकै समूहमा देख्नुभयो। आफूले आफैंलाई घृणा लागेर आयो कि "म कस्तो ठाउँमा बसिरहेछु, कस्तो ठाउँमा भुलिरहेछु" यसरी विरक्त भावले गर्दा एकदिन उहाँ सुदर्शन दरबारमा बसिरहनु भएको अवस्थामा दरबार समेत नै आकाशबाट उडाएर नक्तकुरवक नामक रुखको मुनि अडाउनु भयो। त्यहाँ एकजना ब्रह्माले चीवर दान गर्न ल्यायो। त्यही चीवर धारण गर्नुभई प्रव्रज्या हुनुभयो। त्यसपछि दरबारमा बाँकिरहेका सम्पूर्ण व्यक्तिहरू भिक्षु भेष लिई बोधिसत्त्वको



Downloaded from http://www.dhamma.digital

पछि लागे। बोधिसत्त्वले त्यहाँ सातदिनसम्म दुष्करचर्या गर्नु भयो।

एकदिन वैशाख पूर्णिमाको दिन विचितोली युवराज्ञीले दान दिएको क्षीर भोजन ४९ गाँसगरी ग्रहण गर्नुभयो। त्यही दिन सिरवड्ढन नामक खेतालाले दान दिएको आठमुट्ठा घाँसलाई नक्तकुरवक (येघटेमा) बोधिवृक्ष मुनि बिछ्याउनु भयो। त्यहाँ आफूलाई अनुकूल हुने आसन तयार भएपछि चारप्रकारको वीर्यलाई अगाडि सारी अधिष्ठान गर्नुभयो। बोधिज्ञान प्राप्त नभएसम्म उहाँ त्यस स्थानबाट नउठ्ने भयो। घाम नअस्ताउँदै उहाँले पञ्चमारलाई दमन गर्नुभयो। त्यसपछि क्रमशः रात्रीको प्रथम याममा पुब्बेनिवास ज्ञान, द्वितीययाममा दिब्बचक्खु ज्ञान र तृतीय याममा आसवक्खय ज्ञान प्राप्त गर्नुभयो र रात्रीको अन्तिम प्रहरमा बोधिज्ञान प्राप्त गर्नुभई सर्वज्ञ बुद्ध बन्नुभयो।

बोधिज्ञान प्राप्त गर्नुभएपछि धम्मदस्सी बुद्धले बोधिवृक्षको आसपासमा ४९ दिनसम्म बोधिज्ञानबारे अनुलोम प्रतिलोम गरी विचार गर्नुभयो। क्षीर भोजनको शुद्धता र बोधिज्ञानको लाभ भएको प्रीतिले गर्दा उहाँले ४९ दिनसम्म पनि केही आहार सेवन गर्न मन लागेन। ४९ दिन बितिसक्दा बुद्धलाई केही भोक लागेको अनुभव हुन थाल्यो। यसैले उहाँले नदीमा जानुभई दतिवन गरिसक्नु



Downloaded from http://www.dhamma.digital

भएपछि आहार सेवन पनि गर्नुभयो । त्यसपछि उहाँले आफूले प्राप्त गरेको ज्ञान कसलाई सुनाउँ भनी ध्यानद्वारा हेर्नु हुँदा उहाँले संसारका प्रायः मानिसहरू क्लेशले गर्दा ज्ञान प्राप्त गर्न नसकिने देख्नु भयो । यसैवेला ब्रह्मा आएर अज्ञानतालाई नाश गरेर ज्ञान प्राप्त गर्न सक्ने व्यक्तिहरू पनि भएकोले धर्मचक्र प्रवर्तन गर्न प्रार्थना गरे । यही प्रार्थनालाई स्वीकार्नु भएर धम्मदस्सी बुद्धले कसलाई धर्म देशना गरुँ भनी ध्यानबाट हेर्नुहुँदा आफूसँगै गृहत्याग गरी प्रव्रजित भएका दरबारका परिवारहरूलाई देख्नुभयो । त्यसैले बुद्धले मृगदावन जानुभई आफ्ना दरबारका परिवार हरूलाई धर्मदेशना गर्नुभयो । उहाँको धर्मदेशना सुनेर धेरै देव मनुष्यहरू धर्म लाभ गरी अरहन्त हुनुभयो । यसरी धम्मदस्सी बुद्धले सद्धर्म प्रचार गर्नुभई धेरै संख्यामा शिष्य, श्रावक, श्राविका, उपासक र उपासिकाहरू जम्मा हुन थाले ।

धम्मदस्सी बुद्धका अग्रश्रावकहरू - भिक्षु पदुम र भिक्षु फुस्सदेव ।

धम्मदस्सी बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी खेमा थेरी र भिक्षुणी सच्चनामा थेरी ।

धम्मदस्सी बुद्धका निजी सेवक - भिक्षु सून्यत्त ।

धम्मदस्सी बुद्धका मुख्य उपासकहरू - सुभद्रा र कतिस्सह

धम्मदस्सी बुद्धका मुख्य उपासिकाहरू - सालिया र कलिया

धम्मदस्सी बुद्धको शारीरिक उचाई - ८० हात



Downloaded from http://www.dhamma.digital

धम्मदस्सी बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको समयमा जन्मनु भएको हो ।

## गौतम बुद्ध हुने बोधिसत्त्व

धम्मदस्सी बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व देवराज इन्द्र हुनुभएको थियो । धम्मदस्सी तथागतले मनुष्यलोकमा गाउँ शहर इत्यादि ठाउँहरूमा धर्म प्रचार गरिरहनु भएको, तथागतको यश कीर्ति, गुण बारे ब्रह्मलोक सम्म फैलिएको कुरा बोधिसत्त्व इन्द्रले थाहा पाएर धेरै देवताहरूसँगै फूल, धूप, बाजागाजा आदिका साथ बुद्ध दर्शन गर्न मनुष्यलोकमा आउनुभयो । बाहिर रहेर बाजागाजाका साथ धम्मदस्सी बुद्धलाई ठूलो श्रद्धा र भक्तिले पूजा गरिरहेको बुद्धले थाहा पाए ।

यसरी अद्वितीय श्रद्धा र भक्तिले पूजा गरिरहने को होला भनेर आफ्नो अनागतंश ज्ञानद्वारा हेर्नु भएको अवस्थामा भद्रकल्पमा गौतम गोत्रले शाक्यकुलमा शाक्यमुनि बुद्ध भएर प्रख्यात हुनेछ भनेर भविष्यको कुरा थाहा पाउनुभयो । त्यसपछि धम्मदस्सी बुद्धले बोधिसत्त्व इन्द्रले सामुन्ने भद्रकल्पमा बुद्ध हुनेछ भनी भविष्यवाणी गर्नुभयो । बोधिसत्त्व इन्द्रले आफ्नो बारेमा बुद्धले यसरी भविष्यवाणी गर्नु भएको सुन्नु भएर अत्यन्तै खुशी भएर आफ्नो पारमी धर्म पूर्ण गर्दै दत्तचित्त हुँदै बोधिचित्तलाई बलियो पार्दै इन्द्रलोकमै फर्कनुभयो ।



Downloaded from http://www.dhamma.digital

# (ज) सार कल्प

## १९) सिद्धत्थ बुद्ध

सिद्धत्थ बुद्ध अट्ठाइसौं तथागतहरू मध्ये उन्नाइसौं बुद्ध हुनुहुन्छ। उहाँ सारकल्पमा उत्पन्न हुनु भएको बुद्ध हुनुहुन्छ। सार कल्पमा उत्पन्न हुनु भएको बुद्ध उहाँ एकजना मात्रै अर्थात् सार कल्पमा एकजना मात्र बुद्ध उत्पन्न हुनेछ।

धम्मदस्सी तथागतले लोकमा अत्यन्त हितोपकार गर्नु हुँदै परिनिर्वाण पछि बुद्ध शासन लोप भएर मनुष्यहरूको चित्तमा अधार्मिक प्रवृत्ति वृद्धि हुँदैगयो। यही कारणले मनुष्यहरूको आयु पनि शयवर्षमा एकवर्ष घट्दै एकलाख वर्ष आयुबाट दश वर्ष हुँदै गयो। धम्मदस्सी बुद्धको समयको पनि विनाश हुँदै गयो र यसरी नै १७ औं कल्पसम्म सून्यकल्प नै रही रह्यो। सून्यकल्प पनि विनाश हुँदा मनुष्यहरूको आयु असंख्य वर्षसम्म पुग्यो। असंख्य वर्षसम्म बाँच्न पाउने मानिसहरूले अनित्य भावलाई बुझ्न नसकिने, मर्नुपर्छ भन्ने कुरालाई बुझ्न नसक्ने भएकोले विस्तारै मनुष्यहरूको मनमा क्लेश बढ्न थाल्यो। मनुष्यहरूको मनमा राग, द्वेष, मोह रुपी क्लेश बढेको हुनाले शयवर्षमा एक वर्षको हिसाबले आयु घट्दै एकलाख



Downloaded from http://www.dhamma.digital

वर्षसम्म घट्न गयो । यस अवस्थामा सिद्धत्थ बोधिसत्त्व तुसिता भुवनमा रहनु भएको थियो । त्यहाँ देव ब्रह्माहरू आएर मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गरे । यही प्रार्थनालाई स्वीकार्नु भएर मनुष्यलोकमा पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातुआयु) गर्नुभयो । यी पाँचवटा तत्त्वहरू पूरा भएको देख्नु भएर उहाँ तुसिता देवलोकबाट मनुष्यलोकमा बेभार देशको उदेन राजाका अग्रमहारानी सुफस्सा देवीको गर्भमा रहनुभयो । क्रमैसँग दश महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको दिन वीरिय भन्ने बगैंचामा जन्मनुभयो । उहाँ जन्मनु भएको वेलामा देशका प्रायः मानिसहरूमा कुशल, धार्मिक इच्छाहरू पूर्ण भएको रहेछ । यसैले बोधिसत्त्वलाई सिद्धत्थ भनेर नामाकरण गरियो । वयस्क अवस्था पुगेपछि उहाँलाई मौसम अनुसार बस्न हुने तीनवटा दरबार बनाई दिए । यी हुन् –

१. कोणा दरबार

२. सुपल दरबार		३. पदुम दरबार

उहाँको विवाह सोमनस्सा राजकुमारीसँग भयो । युवराज्ञीको ४८ हजार सेविकाहरू थिए । युवराज्ञी प्रमुख सेविकाहरूसँग उक्त तीनवटा दरबारमा दशहजार वर्षसम्म लौकिक सुखको अनुभव गर्नुभयो । सोमनस्सा युवराज्ञीको तर्फबाट एकपुत्रको जन्म भयो जसको नाम अनुपम भनेर राखियो ।



Downloaded from http://www.dhamma.digital

पुत्र जन्मिसकेपछि सिद्धत्थ बोधिसत्त्वको मनमा वैराग्य भाव उत्पन्न हुन थाल्यो। एकदिन बाहिर घुम्न जाँदा चारवटा निमित्तहरू देख्नुभयो। यस दृश्यले गर्दा बोधिसत्त्वको मनमा वैराग्यको जरा झन झन गहिरो हुँदै गयो। यसैले सिद्धत्थ बोधिसत्त्व आफ्नै दरबारको बगैंचामा गएर प्रव्रज्या हुनुभयो। यसरी बोधिसत्त्वले गृहत्याग गर्नु भएको कुरा थाहापाएर उहाँका धेरै साथीहरूलाई पनि विरक्त भाव उत्पन्न भएर गृहत्याग गरेर जानु भयो। सिद्धत्थ बोधिसत्त्वले यी साथीहरूसँग दश महिनासम्म दुष्करचर्या गर्नुभयो।

एकदिन वैशाख पूर्णिमाको दिन उहाँलाई सून्यता नामक एक ब्राह्मण पुत्रीले दान दिएको क्षीर भोजनलाई ४९ गाँस गरी भोजन गर्नुभई वरुण नामक खेतालाले दान दिनु भएको आठमुट्ठा घाँस महालेगा (कर्णिकार वृक्ष) नामक बोधिवृक्ष मुनि बिछ्याउनु भयो। त्यहाँ उहाँलाई अनुकूल हुने आसन (४० हात लामो) तयार भयो। त्यसस्थानमा आसन ग्रहण गर्नुभई चार प्रकारको वीर्यलाई अघि सार्दै यसरी अधिस्थान गर्नुभयो– "बोधिज्ञान प्राप्त नभएसम्म यस स्थानबाट उठ्ने छैन।" सूर्य नअस्ताउँदै पञ्चमारलाई दमन गर्नुभई प्रथम याम, द्वितीय याम र तृतीय याममा क्रमशः पुब्बे निवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गर्नुभई उषाकालिन समयमा उहाँ सर्वज्ञ बुद्ध हुनुभयो।



Downloaded from http://www.dhamma.digital

बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि सिद्धत्थ बुद्धले बोधिज्ञानको बोधिवृक्षको आसपासमा सप्तसप्ताह (४९ दिन) सम्म बिताउनु भई आफूले प्राप्त गर्नुभएको ज्ञानलाई पुनः अध्ययन गर्नुभयो। सप्त सप्ताह बिताउनु भएपछि उहाँलाई भोकको अनुभव गर्नुभयो। यसैले उहाँले नदीमा गई दतिवन गर्नुभई प्राप्त भएको आहार सेवन गर्नुभयो। त्यसपछि उहाँले आफूले प्राप्त गर्नुभएको बोधिज्ञान कसलाई सुनाउँ भनी ध्यान दृष्टिले हेर्नुभयो। त्यस अवस्थामा उहाँले संसारका प्रायः मानिसहरू क्लेशले युक्त भएको हुनाले ज्ञान हासिल गर्न नसकिने देख्नु भएर उहाँ निराश हुनुभयो। यो कुरा ब्रह्माले थाहा पाएर संसारका दुःखी प्राणीहरूलाई बुद्धले बाहेक अरुले उद्धार गर्न नसकिने हुनाले क्लेशलाई हटाएर ज्ञान प्राप्त गर्न सक्ने व्यक्तिहरू पनि रहेको कुरा बुद्ध समक्ष प्रार्थना गऱ्यो। ब्रह्माको प्रार्थनालाई स्वीकार गर्नुभई सिद्धत्थ बुद्धले अब कसलाई धर्म देशना गरेमा बुझ्न सक्नेछ भनी बुद्ध ज्ञानबाट हेर्नु हुँदा आफूसँगै गृहत्याग गरि आएका साथीहरूलाई देख्नुभयो। यसैले बुद्धले धर्मदेशना गर्नका लागि यी प्रव्रजित व्यक्तिहरू बसिरहेको मृगदावनमा आकाश मार्गबाट पुग्नुभयो। त्यहीं नै उहाँले धर्मचक्र देशना गर्नुभयो। यस देशनालाई सुनेर धेरै देवमनुष्यहरूले सांसारिक दुःखबाट मुक्त हुन सफल भए। यसरी सिद्धत्थ बुद्धले धेरै ठाउँहरूमा धर्मप्रचार गर्दै



Downloaded from http://www.dhamma.digital

धेरै उपासक, उपासिका, श्रावक श्राविकाहरू जम्मा भए ।

सिद्धत्थ बुद्धका अग्रश्रावकहरू - भिक्षु सम्वल र भिक्षु सुमित ।

सिद्धत्थ बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी सीवला थेरी र भिक्षुणी सुरामा थेरी ।

सिद्धत्थ बुद्धका निजी सेवक - भिक्षु रेवत ।

सिद्धत्थ बुद्धका मुख्य उपासकहरू - सुप्पिय र समुद ।

सिद्धत्थ बुद्धका मुख्य उपासिकाहरू - रम्मा र सुरम्मा ।

सिद्धत्थ बुद्धको शारीरिक उचाई - ६० हात अग्लो ।

सिद्धत्थ बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको समयमा जन्मनु भएको थियो ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

सिद्धत्थ बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व ऋषि हुनुभएको थियो । जसको नाम मंगल । मंगल ऋषि बन्नुभन्दा पहिला उहाँ सुरसेन भन्ने देशमा एक धन सम्पत्तिले पूर्ण भएको महाजनको मंगल नामक पुत्र थियो । बोधिसत्त्व ब्राह्मण कूलमा जन्मनु भएकोले वेद शास्त्रले पारंगत हुनुहुन्थ्यो । वहाँलाई आफ्नो कुशल संस्कारले गर्दा मनमा विरक्त भाव उत्पन्न भएर गृहत्याग गर्नुभई ऋषि प्रव्रज्या ग्रहण गर्नुभयो । उहाँले ध्यान गर्दै आठ प्रकारको समापत्ति र पाँच अभिज्ञा प्राप्त गर्नुभयो । बोधिसत्त्व मंगल ऋषिले यस लोकमा कहिले बुद्ध उत्पन्न हुने होला ?



Downloaded from http://www.dhamma.digital

कहिले बुद्ध दर्शन गर्न पाउने होला भनेर आशा गरिरहनु भएको थियो । जब बुद्ध उत्पन्न हुनु भएको समाचार थाहा पाउनु भयो, उहाँ ज्यादै खुसीको साथै बुद्ध प्रति श्रद्धा भक्ति उत्पन्न भयो । यसप्रकारको श्रद्धा भक्तिले आफ्नो ध्यान ऋद्धि शक्तिले देवलोकबाट जम्बु दाख टिपेर ल्याउनु भई बुद्ध सहित भिक्षु संघलाई श्रद्धा पूर्वक दान दिनुभयो । मंगल ऋषिको यसप्रकारको श्रद्धा देख्नु भई बुद्धले यो व्यक्ति को होला भनेर अनागतंश ज्ञानबाट हेर्नुभएको वेलामा उहाँ भद्रकल्पमा गौतम गोत्रले शाक्यकुलमा जन्मनु भई शाक्यमुनि बुद्ध भएर प्रख्यात हुने भविष्यवाणी थाहा पाउनुभयो । सिद्धत्थ बुद्धले बोधिसत्त्व मंगलको अगाडि उहाँ भविष्यमा बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नुभयो । भविष्यवाणी सुन्नु भएर हर्षित हुँदै पारमिता धर्मलाई उत्साहपूर्वक वृद्धि गर्दै बुद्धलाई सेवा गर्दै अन्तत ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

# (झ) मन्द कल्प

## २०) तिस्स बुद्ध

तिस्स बुद्ध २८ औं बुद्धहरू मध्ये २० औं बुद्ध हुनुहुन्छ। उहाँ मन्द कल्पमा जन्मनु भएका दुईजना बुद्धहरू मध्ये पहिलो बुद्ध हुनुहुन्छ।

सिद्धत्थ बुद्धले संसारमा धेरै मनुष्यहरूलाई उद्धार गर्नु भई उहाँ परिनिर्वाण हुनुभयो। पछि क्रमशः बुद्ध शासन पनि लोप हुँदै गयो। सार कल्प पनि विनाश हुँदै असंख्य कल्पसम्म सून्य कल्प नै रही रह्यो। कालान्तरमा सून्यकल्प पनि विनाश हुँदै मन्द कल्पको शुरुवात भयो। यस मन्दकल्पमा दुईजना बुद्धहरू अनुकूल समयमा क्रमशः उत्पन्न हुनुभयो।

१. तिस्स बुद्ध

२. फुस्स बुद्ध

मन्दकल्प शुरु हुनासाथ मनुष्यहरूको आयु असंख्यसम्म हुन गयो। असंख्य आयु हुने अवस्थामा मनुष्यहरूको मनमा लोभ, द्वेष, मोह आदि क्लेशहरूले ठाउँ ओगट्दै गयो। यसले गर्दा मनुष्यहरूको आयु पनि शय वर्षमा एक वर्ष गर्दै आयु घट्दै एकलाख वर्षसम्म पुग्यो। भविष्यमा



Downloaded from http://www.dhamma.digital

तिस्स बुद्ध हुने बोधिसत्त्व तुसित देवलोकमा रहनु भएको अवस्थामा ३३ कोटी देव ब्रह्माहरू आई मनुष्यलोकमा बुद्ध हुनका लागि प्रार्थना गर्न थाल्यो । यही प्रार्थनालाई स्वीकार गर्नु भएर बोधिसत्त्वले मनुष्यलोकमा पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) गर्नु भई यी पाँच तत्व अनुकूल भएको देख्नु भयो । यसैले उहाँले मनुष्यलोकको खेमक भन्ने देशको जनस्सन्ध भन्ने राजाका अग्रमहारानी पदुमा देवीको गर्भमा वास गर्नुभयो । क्रमशः दश महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको दिन अनोमा भन्ने बगैंचामा बोधिसत्त्वको जन्म भयो । उहाँ तिस्स नामले प्रख्यात हुनुभयो । क्रमशः बोधिसत्त्व वयस्क हुनभए पछि मौसम अनुसार बस्न हुने तीनवटा दरबार बनाई दिनुभयो । यी हुन् –

१. गुहासेल दरबार

२. नालीस दरबार

३. निस्सम दरबार

बोधिसत्त्व तिस्सको राजकुमारी सुभद्रासँग विवाह भयो युवराज्ञी सुभद्राको ३३ हजार सेविकाहरू थिए । युवराज्ञी प्रमुख ती सेविकाहरूका साथमा तीनै वटा दरबारमा सात हजार वर्षसम्म लौकिक सुखभोगको अनुभव गर्नुभयो ।

उहाँलाई आनन्द नामक पुत्र पनि प्राप्त भयो । तर पुत्र जन्मे देखिन मनमा वैराग्यभाव उत्पन्न हुन थाल्यो ।



Downloaded from http://www.dhamma.digital

एकदिन बोधिसत्त्व तिस्स बाहिर घुम्न जाँदा चारवटा निमित्तहरू देख्नुभयो। (बूढा, रोगी, मृतक र भिक्षु) यस दृश्यले गर्दा उहाँको मनमा सम्पूर्ण लौकिक भौतिक सुख सपना जस्तै हुनगयो। यसैले उहाँले एकदिन सोनुत्तर भन्ने घोडा चढेर गृहत्याग गरी जङ्गल पस्नुभयो। बोधिसत्त्वले गृहत्याग गरेको समाचार सुनेर अरु एककरोड व्यक्तिहरूले पनि गृहत्याग गरी उहाँकै पछि लागे। तिस्स बोधिसत्त्वले यी व्यक्तिहरूसँग आठ महिनासम्म दुष्करचर्या गर्नुभयो।

एकदिन वैशाख पूर्णिमाको दिन वीर निगममा बसोबास गरिरहेका एक महाजनको छोरीले दान दिनु भएको क्षीर भोजन ४९ गाँसगरी ग्रहण गरिसक्नु भएपछि वीजित संगामक भन्नेले दान दिएको आठ मुट्ठा घाँस लिनुभई पहेंलो रङ्गको फूल फुलिरहेको आसन वृक्ष मुनि बिछ्याउनुभयो। त्यस बोधिवृक्ष मुनि आफूलाई अनुकूल हुने आसन तयार भयो। त्यस आसनमा बस्नु भएर बोधिसत्त्वले चार वीर्यलाई अघि सार्दै यसरी अधिष्ठान गर्नु भयो– "जबसम्म बोधिज्ञान प्राप्त हुँदैन, त्यसवेलासम्म चाहे मेरो शरीरको मासु रगत नै सुकेर किन नजावोस्, चाहे हाडहरू सुकेर चूर्ण चूर्ण भएर नै किन नजावस् म त्यस आसनबाट उठ्ने छैन।" यसरी अधिष्ठान गर्नुभई उहाँ ध्यान मग्न हुनुभयो। सूर्य नअस्ताउँदै उहाँले पञ्चमारलाई दमन गर्नुभई रात्रीको प्रथम, द्वितीय र तृतीय



Downloaded from http://www.dhamma.digital

याममा क्रमशः पुब्बे निवास ज्ञान, दिब्बचक्खु ज्ञान र आसवक्खय ज्ञान प्राप्त गर्नुभई विहानी प्रातःकालमा उहाँ सर्वज्ञ बुद्ध हुनुभयो ।

बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि तिस्स बुद्धले बोधिवृक्षको आसपासमा सप्तसप्ताह (४९ दिन) सम्म बोधिज्ञानलाई पुनः अध्ययन गर्नुभयो । क्षीर भोजनको शुद्धता बोधिज्ञान लाभ भएको प्रीति सुखको काणले ४९ दिनसम्म पनि उहाँलाई भोकको कुनै अनुभव भएन । ४९ दिन पनि बित्यो उहाँलाई भोकको अनुभव हुन थालेकोले नदीमा जानुभई दतिवन गरी प्राप्त भएको भिक्षा ग्रहण गर्नुभयो । त्यसपछि उहाँले आफूले प्राप्त गरेको ज्ञान कसलाई सुनाउँ भनी आफ्नो ध्यानद्वारा हेर्नु भएपछि संसारका प्रायः मानिसहरू क्लेशले युक्त भएको हुनाले त्यस गहिरो गम्भिर ज्ञानलाई नबुझ्ने देख्नु भई उहाँ निराश हुनुभयो । यही अवस्थामा ब्रह्मा आएर उहाँ बुद्धलाई संसारमा क्लेशलाई हटाएर अमूल्य ज्ञान हासिल गर्न सक्ने व्यक्तिहरू पनि भएको कुरा प्रार्थना गऱ्यो । यही प्रार्थनालाई स्वीकार गर्नुभई अब कसलाई धर्मदेशना गर्नुपर्ला भनेर बुद्ध ज्ञानबाट हेर्नुहुँदा उहाँले हंसावती देशको राजकुमार ब्रह्मादेव र राजकुमार उदय दुवै जनालाई देख्नुभयो । त्यसैले उहाँ मंगल बगैंचामा जानुभई त्यस बगैंचाको नाइकेलाई राजकुमारहरू बोलाउन पठाउनु भयो ।



Downloaded from http://www.dhamma.digital

राजकुमारहरू दुवै जनाले आ-फ्ना परिवारहरू साथमा लिई बुद्धको दर्शन गर्न बगैंचामा उपस्थित भए । तिस्स बुद्धले दुवै जना राजकुमार प्रमुख देव मनुष्यहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो त्यसवेला धेरै संख्यामा देव मनुष्यहरूले मार्गफल प्राप्त गर्न सफल भए । यसरी तिस्स बुद्धले गाउँ नगर आदि स्थानहरूमा सद्धर्म प्रचार गर्नु भएकोले धेरै श्रावक, श्राविका, उपासक, उपासिकाहरू बढ्दै गए ।

तिस्स बुद्धका अग्रश्रावकहरू - भिक्षु ब्रह्मादेव र भिक्षु उदय

तिस्स बुद्धका अग्रश्राविकाहरू - भिक्षुणी फुस्सा थेरी र भिक्षुणी सुदत्था थेरी

तिस्स बुद्धका निजी सेवक - समंग भिक्षु

तिस्स बुद्धका मुख्य उपासकहरू - सम्बल र सिरिभ

तिस्स बुद्धका मुख्य उपासिकाहरू - किसा गौतमी र उपसेना

तिस्स बुद्धका शारीरिक उचाई - ६० हात

तिस्स बुद्ध मनुष्यहरूको आयु एकलाख वर्ष भएको वेलामा जन्मनु भएको हो ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

तिस्स बुद्धको समयमा गौतम बुद्ध हुने बोधिसत्त्व सुजात ऋषि हुनु भएको थियो । ऋषि हुनुभन्दा पहिला सुजात ऋषि हंसावती देशको राजा हुनु भएको थियो । राजा भईरहेको अवस्थामा बोधिसत्त्व तिस्स बुद्ध हुनु भएको



Downloaded from http://www.dhamma.digital

थिएन। एकदिन राजा सुजातको मनमा वैराग्य भाव भरिएर आयो उहाँकै कुशल संस्कारको कारणले उहाँ जाति, जरा, व्याधि, मरणको अर्थात् संसारिक दुःखको भयावह चक्र देखि डराएर सप्तरत्नको राजदरबार, धनसम्पत्ति, महारानी आदि सम्पूर्ण त्याग गर्नुभई ऋषि प्रव्रज्या ग्रहण गर्नुभयो। ऋषि हुनुभई उहाँले ध्यान समाधि गर्नुभई आठ प्रकारका समापत्ति पाँच प्रकारका अभिज्ञा लाभ गर्नुभयो। सुजात ऋषिले यस लोकमा बुद्ध उत्पन्न हुनु भएको समाचार थाहा पाउनु भयो। थाहा पाउने वित्तिकै मनमा पाँच प्रकारका प्रीति उत्पन्न भयो र आफ्नो ध्यान ऋद्धिले देवलोकबाट अनेक प्रकारका पुष्पहरू ल्याएर बुद्धलाई पूजा गर्नुभयो। यतिमात्र नभएर सप्तरत्नको छत्र बनाएर तिस्स बुद्धलाई ओढाइदिनु भयो।

सुजात ऋषिको यसप्रकारको बुद्धप्रति अद्वितीय श्रद्धा देख्नुभई यो ऋषि को होला ? भनी अनागतंश ज्ञानबाट हेर्नु हुँदा उहाँ भद्रकल्पमा गौतम गोत्रले शाक्य कूलमा शाक्यमुनि बुद्ध भएर प्रख्यात हुने भविष्य थाहा पाउनु भई सुजात ऋषिको अगाडि नै भविष्यमा बुद्ध हुनेछ भनेर भविष्यवाणी गर्नु भयो। यस भविष्यवाणी सुन्नु भएर सुजात बोधिसत्त्व अत्यन्तै खुसी भएर दशपारमिता र ध्यान भावना वृद्धि गर्नु हुँदै अझ उत्साहित हुँदै बुद्धप्रति श्रद्धापूर्वक सेवा गर्नुहुँदै अन्तमा ब्रह्मलोकमा जन्म हुनुभयो।



Downloaded from http://www.dhamma.digital

# बुद्ध वंश

( तेस्रो भाग )

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# (झ) मन्द कल्प

## २१) फुस्स बुद्ध

फुस्स बुद्ध २८ जना तथागतहरूको क्रममा एक्काइसौं बुद्ध हुनुहुन्छ भने उहाँ मन्दकल्पका दोश्रो बुद्ध हुनुहुन्छ।

तिस्स बुद्धले जगत संसार उद्धार गर्ने क्रममा धेरै मानिसहरूलाई उद्धार गर्नु भएपछि परिनिर्वाण हुनुभयो। तिस्स बुद्धको परिनिर्वाण पछि जब बुद्ध शासन लोप हुँदै गयो, तब मानिसहरूको समूहमा धर्म चेतना पनि नाश हुँदै गए। फलस्वरूप मानिसहरूको आयु पनि १ लाख वर्षबाट घट्दै गएर १० वर्षको मात्र रहन गयो। यस अवस्थामा मानिसहरूले धेरै दुःख, कष्ट पाउन थाले। धर्म चेतना भएका मानिसहरू जंगल पसेर पाप कार्यबाट अलग्ग रहि रूखका पातहरू र कन्दमूल मात्र खाएर निर्वाह गर्न थाले। उनीहरूको परिशुद्ध धर्म चेतनाको प्रभावले गर्दा दश वर्षको मात्र आयु भएकी महिलाले २० वर्ष सम्मको आयु भएको सन्तान जन्माउन थालिन्। २० वर्षको मात्र आयु भएकी महिलाले ४० वर्ष आयु भएको सन्तान जन्माउन थालिन्। यही क्रममा मानिसहरूको आयु दोब्बर हिसाबले बढ्दै गएर असंख्य वर्ष सम्मको आयु पुग्न थाल्यो। यसरी असंख्य वर्षसम्मको आयु भएका मानिसहरूको मगजले



Downloaded from http://www.dhamma.digital

संसारको यथार्थ स्वभाव (अनित्य दुःख र अनात्म) लाई बुझ्न र पत्याउन सकेनन् । फलस्वरूप उनीहरूको मन संसार नित्य, अविनाशी र सुखले सम्पन्न भन्ने ठान्दै बिस्तारै म, मेरो र मलाई भन्ने धारणाको भ्रममा पर्न थाले । यही कारणले उनीहरूको मनमा लोभ, द्वेष र मोह रूपी दुषित भावनाले ठाउँ लिएर यही दुषित चित्तको बसमा रही जीवन बिताउन थाले । दुषित चित्तले युक्त हुँदै कर्मको बीउ रोप्ने बानीले गर्दा मानिसहरूको आयु पनि सय वर्षमा एक वर्षको हिसाबले घट्दै गई आखिरमा जम्मा नब्बे हजार वर्षको मात्र आयु हुन पुग्यो ।

यस अवस्थामा फुस्स बुद्ध बन्नु हुने बोधिसत्त्व तुसिता भुवनमा रहनु भएको थियो । त्यसैले ३३ कोटी देवताहरूको समूहले यस समय मनुष्य लोकमा जन्मनु भई जगत संसार उद्धार गर्ने समय आइरहेको छ भनि बोधिसत्त्व समक्ष प्रार्थना गर्न थाले ।

देवताहरूको यस प्रार्थनालाई सुन्नु भएका बोधिसत्त्वले आफ्नो ध्यान दृष्टिले पञ्चमहाविलोकन[१] (काल, देश, द्वीप, कुल, मातुआयु परिच्छेद) लाई विचार गर्नु भयो । मनुष्य लोकमा यी ५ वटै तत्त्वहरू पूर्ण भइरहेको अवस्थालाई थाहा पाउनु भएका उहाँ बोधिसत्त्व तुसिता भुवनबाट

१ पञ्च महाविलोकनको अर्थ माथि उल्लेख भइसकेको छ ।



Downloaded from http://www.dhamma.digital

मनुष्य लोकमा झर्नु भई काशी देशको जयशेन राजाको कुलमा सिरीमा नाम गरेकी अग्रमहारानीको गर्भमा प्रवेश गर्नुभयो ।

गर्भ प्रवेश हुनु भएको १० महिना पूर्ण भएपछि वैशाख पूर्णिमाको शुभ दिनमा सिरीमा नामक बगैंचामा जन्म हुनुभयो । उहाँलाई "फुस्स" नामले नामाकरण गरियो । फुस्स राजकुमार यौवनाबस्थामा पुगेपछि उहाँलाई राजाले ३ वटा मौसम अनुसार अनुकूल मिलाएर बस्नको लागि सप्तरत्नले युक्त ३ वटा नै दरबारहरू बनाई दिएको थियो । ती दरबारहरूको नाम यसरी राखिएको थियो–

(१) गरूड पक्ख दरबार

(२) हंस पक्ख दरबार

(३) सुवर्ण भार दरबार

उहाँका माता पिताले उहाँलाई किसागौतमी नाम गरेकी युवराज्ञीका साथ ३० हजार अन्य सेविकाहरूको समूहको उपस्थितीमा विवाह कर्म सम्पन्न गरिदियो । युवराज्ञी प्रमुख अन्य ३० हजार सेविकाहरूसंग रहि बोधिसत्त्वले उक्त ३ वटा दरबारमा ९ हजार वर्ष सम्म लौकिक सुख भोग गर्नु भयो ।

किसा गौतमी युवराज्ञीको तर्फबाट बोधिसत्त्व फुस्सलाई "अनुपम" नाम गरेको पुत्र लाभ भयो । पुत्र प्राप्त भएपछि बोधिसत्त्वको मनमा वैराग्य भावना उत्पन्न



Downloaded from http://www.dhamma.digital

हुन थाल्यो। एकदिन बाहिर घुम्न जानु हुँदा चार वटा निमित्तहरू (बृद्ध व्यक्ति, रोगी व्यक्ति, मृत व्यक्ति र त्यागी व्यक्ति) देख्नु भयो। यी चार निमित्तहरू देख्नु भएपछि फुस्स बोधिसत्त्वले यस संसारको काम सुख सबै व्यर्थको र भ्रमपूर्ण रहेछ भन्ने ठान्नु भयो। संसार भयलाई भयंकर ठानी त्राही त्राही मानी डराउनु हुँदै मंगल हात्ती चढी राजदरबार त्याग्नु भयो। त्यसपछि उहाँ जंगलमा गई प्रव्रजित हुनु भयो। यो खबर सुनि अन्य १ करोड मानिसहरूमा पनि वैराग्य चित्त उत्पन्न भई बोधिसत्त्व संगै पछि लागी प्रव्रजित हुन पुगे।

फुस्स बोधिसत्त्वले यी १ करोड प्रव्रजित व्यक्तिहरूसंगै रहि ६ महिना सम्म दुष्कर चर्या गर्नुभयो। एकदिन वैशाख पूर्णिमा जस्तो शुभ दिनमा सिरिवड्ढना नाम गरेकी महिलाले दान गरेको क्षीर भोजन उहाँले ४९ गाँस गरेर सेवन गर्नुभयो। त्यहीदिन सिरिवड्ढन नाम गरेको ऋषिले दान गरेको आठ मुट्ठा घाँसलाई आमलको वृक्ष मुनि ओछ्याउनु भयो। घाँस ओछ्याईसकेपछि त्यहाँ ३८ फीट लामो आशन उत्पन्न भयो। उक्त आशनमा बस्नु भई उहाँले ४ वटा वीर्यलाई अगाडि प्रस्तुत गर्नुहुँदै (रगत, मासु सुकेर गएपनि, हड्डी चूर्ण भएर गएपनि, नसा चुँडेर गएपनि) बोधिज्ञान प्राप्त नभए सम्म म यस आशनबाट उठ्ने छैन भनि अधिस्थान गरि ध्यान गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

सुर्यास्त हुनु अगावै उहाँले पञ्चमार दमन गरि, रात्रीको प्रथम याम, द्वितीय याम र तृतीय याममा ३ वटा ज्ञान क्रमशः (पुब्बेनिवासानुसतिञाण, दिब्ब चक्खु ञाण र आसवक्खय ञाण) क्रमशः प्राप्त गर्नुभयो। मिर्मिरे बिहानीपख उहाँले बोधिज्ञान प्राप्त गरि सर्वज्ञ बुद्ध हुनुभयो।

बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि फुस्स बुद्धले बोधिवृक्षको परिसरमा सप्त सप्ताह (सातवटा विभिन्न स्थानहरू मध्ये हरेक स्थानमा सात सात दिन) बिताउनु भएको थियो। त्यस सप्त सप्ताह समयावधि भित्र उहाँ आफूले प्राप्त गर्नु भएको बोधिज्ञानलाई अनुलोम, प्रतिलोम (माथि देखि तलसम्म र तल देखि माथि सम्म) बार बार दोहोऱ्याउँदै स्मरण गरिरहनु भयो। यस सप्तसप्ताह अर्थात् ४९ दिन सम्म उहाँले केही पनि आहार सेवन गर्नु भएन। ४९ दिन नाघे पछि उहाँले बोधिज्ञान प्राप्त गर्नु अगाडि सेवन गर्नु भएको ४९ गाँस क्षीर भोजनको शक्ति पनि क्षीण भएर गयो। ज्ञान अनुसन्धान गर्ने कार्य पनि समाप्त भयो। अनि बल्ल उहाँलाई भोक लागेको महशुस हुन थाल्यो। त्यसपछि उहाँले नदीमा जानुभई दतिवन गरि मुख धुनुभयो। प्राप्त भएको भोजन सेवन गर्नु भयो। आफूले प्राप्त गरेको बोधिज्ञान कसलाई बताउनु पर्ला ? भनि फुस्स बुद्धले बुद्ध ज्ञान दृष्टि प्रयोग



Downloaded from http://www.dhamma.digital

गर्दै हेर्नु भयो। तर उहाँले संसारमा धेरैजसो मानिसहरू क्लेश रूपी मयलले भरेका मात्र देख्नु भयो। फलस्वरूप निराश हुनुभयो। किनभने स्वार्थयुक्त चित्तमा बोधिज्ञान जस्तो अमूल्य ज्ञानलाई बुझ्ने क्षमता कमै मात्र हुन्छ। यसरी फुस्स बुद्ध निराश भइराख्नु भएको अवस्थालाई दृष्टिगोचर गर्नुहुँदै ब्रह्माले उहाँलाई यस लोकमा क्लेश कम भएका र बोधिज्ञानलाई बुझ्न सक्ने तीक्ष्ण बुद्धि सहितका मानिसहरू पनि छन्। उनीहरूलाई भएपनि यस अमूल्य ज्ञान बताउनु भई जगत संसार उद्धार गर्न हतार भइसकेको यथार्थतालाई अवगत गर्नुहुँदै धर्मदेशना गर्नहुनका लागि प्रार्थना गर्नुभयो। ब्रह्माको प्रार्थना स्वीकार गर्नुहुँदै फुस्स बुद्धले बुद्ध ज्ञानले निरीक्षण गर्नु भएको समयमा उहाँले आफुसंगै प्रव्रजित भएका १ करोड मानिसहरूलाई देख्नु भयो। अनि उहाँले उनीहरूलाई भएपनि धर्मदेशना गर्नको लागि संकस्स नामक देशको नजिकै मृगदावनमा जानुभई उनीहरूलाई धर्मदेशना गर्नुभयो। फुस्स बुद्धबाट धर्मदेशना सुनि थुप्रै मनुष्य र देव ब्रह्माहरूले धर्म अवबोध गरि मुक्त हुन सफल भए। यसरी फुस्स बुद्धले गाउँ गाउँ र नगर, नगरहरूमा धर्म देशना गर्नुहुँदै थुप्रै श्रावक, श्राविकाहरू एवं उपासक उपासिकाहरूको संख्या बढाउनु भयो।

यसरी फुस्स बुद्धको भिक्षु भिक्षुणी, उपासक उपासिका



Downloaded from http://www.dhamma.digital

संघका प्रमुखहरू र बुद्धको संक्षिप्त परिचय यसरी रहेको छ–

- ▲ अग्रश्रावक भिक्षुहरू – भिक्षु सुरक्खित र भिक्षु धम्मसेन
- ▲ नीजि सेवक भिक्षु – भिक्षु सभिय
- ▲ अग्रश्राविका भिक्षुणीहरू – भिक्षुणी चाला र भिक्षुणी उपचाला
- ▲ मुख्य उपासक – धनञ्जय र विशाख
- ▲ मुख्य उपासिका – पदुमा र नागा
- ▲ फुस्स बुद्धको शरीरको उचाई – ५८ फीट
- ▲ फुस्स बुद्ध मानिसहरूको आयु ९० हजार वर्ष छँदा मनुष्य लोकमा जन्मनु भएको थियो ।

**गौतम बुद्ध हुने बोधिसत्त्व**

फुस्स बुद्धको जीवनकालमा गौतम बुद्ध हुने बोधिसत्त्व अरिन्दम नाम गरेको देशमा विजितावी नामक राजा थियो ।

लोकमा बुद्ध उत्पन्न हुनुभएको खबर प्राप्त हुने वित्तिकै बोधिसत्त्व विजितावीले फुस्स बुद्ध दर्शनार्थ पुगेका थिए । उनले बुद्ध प्रमुख सबै भिक्षुहरूलाई वर्षावास ३ महिना सम्म भोजन दान गरेका थिए । भगवान् बुद्ध फुस्सको तर्फबाट उपदेश सुनि उनको मनमा वैराग्य भाव उत्पन्न भएको कारणले बोधिसत्त्व विजितावी राजाले राज्य



Downloaded from http://www.dhamma.digital

त्याग गरि भिक्षु भए। भिक्षु भेषमा उनले विभिन्न धर्मग्रन्थ त्रिपिटक आदि अध्ययन गरि बुद्ध धर्मलाई श्रद्धापूर्वक प्रचार प्रसार गरे। ध्यान भावना बृद्धि गर्दै बोधिसत्त्व भिक्षुले समापत्ति ८ वटा र अभिज्ञा ५ वटा पनि प्राप्त गरे।

यसरी बुद्ध शासन प्रति अति श्रद्धावान् व्यक्ति देखि प्रभावित हुनु भएका फुस्स बुद्धले यिनीले अनागत (भविष्य) को धर्म क्षेत्रमा के कस्तो योगदान दिन सक्षम हुनेछ भनि अनागतंश ज्ञान चक्षु द्वारा हेर्नु भयो। तब बुद्धले थाहापाउनु भयो– "यिनी भद्रकल्पमा गौतम गोत्रको शाक्य कुलमा शाक्य मुनी बुद्धको नामले प्रख्यात हुनेछ।"

अनि फुस्स तथागतले विजितावी बोधिसत्त्वलाई उनकै अगाडि यस भविष्य वाणी प्रकाश पार्नु भयो। यस भविष्यवाणी सुनि विजितावी बोधिसत्त्व अति प्रशन्न भए। उनले बुद्ध शिक्षा प्रचार कार्यमा अझ वढि योगदान पुऱ्याए। आफ्नो पारमिता धर्म पूरा गर्दै उनले एकदिन ब्रह्मलोकमा जन्म लिए।



Downloaded from http://www.dhamma.digital

# (ञ) सार कल्प

## २२) विपस्सी बुद्ध

विपस्सी बुद्ध २८ जना तथागतहरूको क्रममा बाइसौं बुद्ध हुनु हुन्छ। उहाँ सारकल्पको बुद्ध हुनु भएको कारणले यस कल्पमा उहाँ एक जना मात्र बुद्ध उत्पन्न हुनु भएको थियो।

यो भन्दा पहिलो कल्प मन्द कल्पमा आउनु भएका तथागतहरू तिस्स र फुस्स बुद्धहरूले थुप्रै प्राणीहरूलाई उद्धार गरि परिनिर्वाण हुनुभएका थिए। बिस्तारै मानिसहरूको चित्तमा धर्मचेतना कम हुँदै गएको कारणले उनीहरूको आयु क्षय हुँदै गई मन्द कल्प पनि लोप भयो। मन्द कल्प लोप भइसकेपछि अनन्त समयसम्म सून्य कल्प उत्पन्न भए। क्रमैसंग सून्य कल्प पनि नाश हुँदै गयो। त्यसपछि लोकमा सारकल्प उत्पन्न भयो। सारकल्प उत्पन्न भएपछि मानिसहरूको आयु असंख्य वर्ष सम्म पुगिसकेको थियो। असंख्य वर्ष आयु सम्म बाँच्न पाएका मानिसहरूले संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझ्न नसकी उनीहरूको मनमा बिस्तारै म, मेरो र मलाई भन्ने धारणाले ठाउँ लिई क्लेशको



Downloaded from http://www.dhamma.digital

मात्रा बढ्दै जान थाल्यो । फलस्वरूप क्लेशयुक्त चित्तको अधिनमा रहेका मानिसहरूले पाप कर्मका बीज रोप्दै गए । यसरी पाप कर्म बढ्दै गएको कारणले मानिसहरूको आयु प्रमाण सय वर्षमा एक वर्षको दरले घट्दै गई आखिरमा ८० हजार वर्ष सम्मको आयुमा पुग्यो । विपस्सी बुद्ध हुनका लागि सम्पूर्ण पारमिता पूरा गरिसकेपछि बोधिसत्त्व तुसिता भुवनमा रहनु भएको थियो । यही समय ३३ कोटी देवताहरू बोधिसत्त्व समक्ष आई उहाँलाई मनुष्य लोकमा बुद्धत्त्व प्राप्त गर्नु भई जगत संसार उद्धार गर्ने समय आएको विषयमा प्रार्थना गर्न आए । देवताहरूको प्रार्थना सुनि विपस्सी बोधिसत्त्वले पञ्च महाविलोकन (काल, देश, द्वीप, कुल र मातु आयुपरिच्छेद) गर्नुभयो । तब उहाँले मनुष्य लोकमा माथि उल्लेखित पाँचवटा नै महत्त्वपूर्ण तत्त्वहरू पूर्ण भइरहेको देख्नु भयो । त्यसैले बोधिसत्त्व तुसिता भुवनबाट ओर्लनु भई मनुष्यलोकको अति समृद्धशाली बन्धुमती देशका राजा बन्धुमाकी अग्र महारानी बन्धुमतीको गर्भमा प्रवेश हुनुभयो । दश महिना गर्भ पूरा भएपछि वैशाख पूर्णिमाको दिन बन्धुमती देशको वगैंचामा  जन्म हुनुभयो ।

राजकुमारको लक्षणहरू अनुसार उहाँलाई विपस्सी भनि नामाकरण गरियो । यौवनावस्था पुगिसकेपछि राजकुमार विपस्सीलाई रमणीय वातावरणमा सुख सुविधा



Downloaded from http://www.dhamma.digital

पूर्ण जीवन बिताउनको लागि ३ वटा मौसम अनुसारको ३ वटा दरबारहरू निर्माण गरिदियो । ती दरबारहरूको नाम यसरी थियो– (१) नन्द (२) सुनन्द र (३) सिरीमा ।

विपस्सी राजकुमारलाई उहाँका मातापिताले सुदस्सा देवी नामक युवराज्ञीका साथ एकलाख बीसहजार सेविकाहरूको समूहको उपस्थितिमा विवाह कर्म सम्पन्न गरिदियो । युवराज्ञी प्रमुख अन्य एकलाख बीस हजार सेविकाहरूसंग रही बोधिसत्त्व विपस्सीले ८ हजार वर्ष सम्म उक्त ३ वटा दरबारमा लौकिक सुख भोग गर्नुभयो । सुदस्सा देवी युवराज्ञीको तर्फबाट विपस्सी राजकुमारलाई समवत्तक्खन्ध नामक पुत्र रत्न प्राप्त भयो । पुत्र रत्न प्राप्त भएपछि राजकुमार विपस्सीको मनमा वैराग्य भावना जाग्न थाल्यो ।

एकदिन नगर परिक्रमा गर्न जानुभएको समयमा उहाँले चार निमित्तहरू (वृद्ध व्यक्ति, रोगी व्यक्ति, मृत व्यक्ति, र त्यागी व्यक्ति) देखेपछि त झन उहाँको मनमा वैराग चित्तले ओतप्रोत हुँदै पञ्चकाम सुख सबै नक्कलि एवं भ्रमपूर्ण सुख भन्ने जानी सांसारिक दुःख भय देखेर तर्सनु भयो । चार निमित्तलाई देख्ने बित्तिकै उहाँको शरीरको सबै भागमा भूकम्प आएको महसूस गर्नुभयो । कल्प नै आगलागी भए जस्तै तर्सनु भयो ।

त्यसपछि उहाँले घोडाले तान्ने रथमा बसी



Downloaded from http://www.dhamma.digital

महाभिनिष्क्रमण गर्नुभयो। विपस्सी बोधिसत्त्वले गृह त्याग गर्नु भएको देखि उहाँसंगै ८४ हजार मानिसहरूको मनमा पनि वैराग्य भाव उत्पन्न भई राजकुमार संगै गृहत्याग गरेर बाहिरिए।

विपस्सी बोधिसत्त्वले उनीहरूसंग रही ८ महिनासम्म दुष्कर चर्या गर्नुभयो।

एकदिन विशाख नक्षत्र, वैशाख पूर्णिमाको दिन सुदर्शना नाम गरेकी महाजनपुत्रीले उहाँलाई क्षीर भोजन दान दिन ल्याइन्। विपस्सी बोधिसत्त्वले यस भोजन ४९ गाँस गरि सेवन गर्नुभयो। त्यसपछि सुजात नाम गरेका कृषकले उहाँलाई आठ मुट्ठा घाँस, दान दिन ल्याए। बोधिसत्त्व विपस्सीले उक्त घाँस पातली वृक्षमा ओछ्याउनु भयो। घाँस ओछ्याउनु भएपछि त्यहाँ ५३ फीट लामो आसन उत्पन्न भयो।

त्यसपछि बोधिसत्त्वले आसनमा बस्नु हुँदै ४ वीर्य प्रस्तुत गरि यसरी संकल्प गर्नुभयो– "मेरो रगत मासु सुकेर गएपनि, हड्डी चूर्ण भएर गएपनि, नसाहरू नै चुँडे पनि जब सम्म बोधिज्ञान प्राप्त हुँदैन, तब सम्म म यस आसनबाट उठ्ने छैन। विपस्सी बोधिसत्त्वले यसरी अधिस्थान गरि उक्त आसनमा विराजमान भई ध्यान मग्न हुनुभयो।

घाम अस्ताउनु अघि नै बोधिसत्त्वले पञ्चमारलाई



Downloaded from http://www.dhamma.digital

पराजित गरि क्रमैसंग ३ वटा ज्ञानहरू (पुब्बेनिवास्सानुसति ञान, दिब्ब चक्खु ञान र आसवक्खय ञान) प्राप्त गर्नु भयो। यसरी नै रात्रीको अन्तिम याममा बोधिज्ञान प्राप्त गरि उहाँ बुद्ध बन्न सफल हुनुभयो।

बोधिज्ञान प्राप्त गर्नु भएपछि विपस्सी बुद्धले ४९ दिन सम्म केही पनि आहार सेवन नगरिकन बोधिवृक्ष वरिपरि सात विभिन्न स्थानहरूमा सात सात दिन रहनु भई सप्तसप्ताह बिताउनु भयो। यस ४९ दिन सम्म उहाँले आफूले प्राप्त गरेको बोधिज्ञान विषयमा विचार मग्न रहनु भएको थियो।

४९ दिन पश्चात् बोधिज्ञान विषयमा विचार गर्ने कार्य जब सम्पन्न भयो, तब उहाँलाई भोक लागेको महसुस हुन थाल्यो। अनि नदीमा जानुभई दतिवन गरि मुख धुनुभयो। त्यसपछि प्राप्त भएको आहार सेवन गर्नुभयो।

यस समय ब्रह्मा विपस्सी बुद्ध समक्ष आई जगत संसार उद्धार गर्ने हेतु धर्मदेशना गर्नुहुन प्रार्थना गर्न आए। त्यसरी विपस्सी बुद्धले आफ्नो बुद्ध ज्ञानले हेर्नु भएपछि उहाँले आफुसंगै गृहत्याग गरेका उहाँकी सानी आमाको पुत्र खन्ध राजकुमार र पुरोहितको पुत्र तिस्स प्रमुख अन्य थुप्रै मानिसहरूलाई मृगदावन वगैंचामा धर्मचक्र, प्रवर्तन गर्नुभयो। विपस्सी बुद्धको धर्मदेशना सुनि थुप्रै मनुष्य र देव ब्रह्माहरू संसार दुःखबाट मुक्त भए।



Downloaded from http://www.dhamma.digital

विपस्सी बुद्ध संग सम्बन्धित अन्य केही प्रमुख विवरणहरू–

- ▲ अग्र श्रावक भिक्षुहरू – भिक्षु खन्ध र भिक्षु तिस्स
- ▲ अग्रश्राविका भिक्षुणीहरू – भिक्षुणी चन्दा थेरी भिक्षुणी चन्दमित्ता थेरी
- ▲ निजी सेवक – भिक्षु अशोक
- ▲ मुख्य उपासकहरू – पुनवस्सुमित्त र नाग
- ▲ मुख्य उपासिकाहरू – सिरीमा र उत्तरा
- ▲ विपस्सी बुद्धको शरीरको उचाई – ८० फीट
- ▲ विपस्सी बुद्धको रश्मी – ६ वर्ण रश्मी सात योजन दूरी सम्म फैलिरहन्थ्यो ।
- ▲ विपस्सी बुद्धको आयु – मानिसहरूको आयु लगभग ८० हजार वर्षको हुँदा उहाँ जन्मनु भएको ।

Dhamma.Digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

विपस्सी, बुद्धको जीवनकालमा गौतम बुद्ध हुने बोधिसत्त्व ऋद्धि शक्ति र तेजले सम्पन्न अटुल नाम गरेको नागराजा थिए । लोकमा विपस्सी बुद्ध उत्पन्न हुनु भएको खबर पाएको कारणले उनी आफ्ना परिवार साथमा लिई विपस्सी तथागतको तर्फबाट धर्म देशना सुन्न आएका थिए ।

विपस्सी तथागतबाट धर्म देशना सुनेपछि मन



Downloaded from http://www.dhamma.digital

प्रसन्न भई नागराजा अटुल नागलोकमा गएर सप्तरत्नको धर्मशाला बनाई बुद्धलाई निमन्त्रणा गरि ७ दिन सम्म प्रसन्न चित्तले भोजन दान गऱ्यो। बुद्धलाई भोजन दान दिंदा अनेक प्रकारका बाजा गाजा बजाई पूजा गरेका थिए। यसरी विचित्र प्रकारको श्रद्धाले युक्त भई पूजा भक्ति चढाउँदै दान कार्य सम्पन्न गरेको कारणले विपस्सी बुद्धले यस नागराजा भविष्यमा के हुने होला भनि अनागतंश ज्ञान प्रयोग गरि हेर्नु भएको अवस्थामा भद्र कल्पमा उक्त नागराजा गौतम गोत्रको शाक्य कुलमा जन्म लिई शाक्य मुनि बुद्धको रूपमा प्रख्यात हुनेछ भन्ने यथार्थता छर्लङ्ग भयो।

त्यसपछि विपस्सी बुद्धले अटुल नागराजा बोधिसत्त्वलाई यस यथार्थ सत्यता विषयमा भविष्यवाणी गर्नुभयो। बुद्धबाट आफ्नो विषयमा यस्तो राम्रो भविष्यवाणी सुन्न पाएको कारणले अटुल नागराजा बोधिसत्त्व अति प्रसन्न भई रातोदिन होशियारी पूर्वक (अप्रमादी भई) पारमि धर्म पूरा गर्नुहुँदै भोगवती नाम गरेको नागलोकमा फर्कनु भयो। यस भोगवती नागलोक नागलोकहरू मध्ये सबभन्दा सम्पन्न उच्च र श्रेष्ठ नागलोकको रूपमा चिनिने गरिन्छ।



Downloaded from http://www.dhamma.digital

# (ट) मन्द कल्प

## २३) शिखी बुद्ध

शिखी बुद्ध २८ जना तथागतहरूको क्रममा २३ औं तथागत हुनुहुन्छ। उहाँ मन्दकल्पमा प्रथम पटक उत्पन्न हुनुभएका बुद्ध हुनुहुन्छ। यस मन्दकल्पमा दुईजना बुद्धहरू क्रमैसंग यसरी उत्पन्न हुनुभएका थिए।

(१) **शिखी बुद्ध**

(२) **वेस्सभु बुद्ध**

विपस्सी बुद्धले थुप्रै प्राणीहरू उद्धार गरिसक्नु भएपछि समय बित्दै गई उहाँ परिनिर्वाण हुनुभयो। बुद्ध परिनिर्वाण हुनु भएपछि मानिसहरूको चित्तबाट बिस्तारै धार्मिक चेतना लोप हुँदै गए। फलस्वरूप उनीहरूको आयु पनि क्षय हुँदै गई ८० हजार वर्षवाट क्रमशः घट्दै गई १० वर्ष सम्मको मात्र आयु हुन पुग्यो। यसरी सारकल्प पनि नाश भयो सारकल्प नाश भएपछि लोकमा क्रमैसंग ५९ वटा सून्यकल्पहरूको आगमन भइराख्यो। सून्यकल्प पनि क्रमशः नाश हुँदै गएपछि मन्दकल्प उत्पन्न भयो। मन्द कल्प–उत्पन्न भएको अवस्थामा मानिसहरूको आयु असंख्य वर्ष सम्म पुगिसकेको थियो। असंख्य वर्ष सम्म बाँच्ने आयु पाएका मानिसहरूले संसारको यथार्थ अनित्य स्वभाव



Downloaded from http://www.dhamma.digital

धर्मलाई चिन्न र बुझ्न सकेनन् । त्यसैले उनीहरूको मन बिस्तारै लोभ, द्वेष, र मोह आदि क्लेशहरूले दूषित हुँदै गयो । फलस्वरूप उनीहरूले अधार्मिक कार्यहरू गर्न थाले । यही कारणले गर्दा मानिसहरूको आयु सय वर्षमा एक वर्ष घट्दै गई आखिर जम्मा ७० हजार वर्ष सम्मको आयुमा पुग्यो । यस समय शिखी बुद्ध हुने बोधिसत्त्व बुद्ध हुनको लागि पारमिता पूरा गरि तुसिता भूवनमा रहनु भएको थियो । यही समय देवताहरूको समूहले उहाँलाई बुद्ध हुनुभई जगत संसार उद्धार गर्ने समय आएको विषयमा प्रार्थना गर्न आएका थिए । शिखी बोधिसत्त्वले देवताहरूको यस प्रार्थनालाई विचार गरि आफ्नो ज्ञान चक्षुले एकपटक पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल, मातु आयु परिच्छेद) गर्नु भएपछि मनुष्य, लोकमा यी पाँचवटा तत्त्वहरू पूरा भईरहेको तथ्यलाई थाहा पाउनु भयो ।

त्यसपछि शिखी बोधिसत्त्व तुषिता भूवनबाट मनुष्य लोकमा ओर्लनु भई अरूपावती नाम गरेको देशमा अरूपावन्त राजाकी प्रभावती नाम गरेकी अग्र महारानीको गर्भमा प्रवेश गर्नु भयो । गर्भ रहेको दश महिना पूरा भएपछि वैशाख पूर्णिमाको शुभ दिनमा निसभ नाम गरेको मंगल बगैंचामा बोधिसत्त्वको जन्म भयो ।

बोधिसत्त्व जन्मपछि उहाँलाई 'शिखी' भनि नामाकरण गरियो । शिखी बोधिसत्त्व यौवन अवस्थामा पुग्नु भएपछि



Downloaded from http://www.dhamma.digital

उहाँलाई ३ वटा मौसमहरू अनुसार अनुकूल मिलाई रहनको लागि ३ वटा दरबारहरू बनाइए । ती दरबार हरूको नाम यसरी रहेका छन्–

(१) सुचन्दकसिरी दरबार (२) गिरियस दरबार

(३) नारीवसभ दरबार

शिखी बोधिसत्त्वलाई उहाँका मातापिताले सब्बकामा नामक युबराज्ञीका साथ २४ हजार सेविकाहरू समूहको उपस्थितिमा विवाहकर्म सम्पन्न गराइयो । युवराज्ञी प्रमुख अन्य सेविकाहरूका साथ शिखी बोधिसत्त्वले ती ३ वटा दरबारहरूमा रहनु भई ७ हजार वर्ष सम्म काम सुख भोग गर्नु भयो । एकदिन सब्बकामा युवराज्ञीको तर्फबाट एक पुत्ररत्न जन्म भयो । उक्त पुत्रलाई अटुल भनि नामाकरण गरियो । त्यसपछि अटुल बोधिसत्त्वको मनमा वैराग्य भावना जाग्न थाल्यो ।

एकदिन उहाँ नगर परिक्रमाको क्रममा दरबार बाहिर घुम्न जानु भएको थियो । अचानक उहाँले बाटोमा चारवटा विचित्र दृष्यहरू देख्नु भयो । ती यसरी थिए–

– वृद्ध व्यक्ति - मृत व्यक्ति

– रोगी व्यक्ति - त्यागी व्यक्ति

माथि उल्लेखित चारवटा निमित्तहरू देख्नु भएपछि शिखी बोधिसत्त्वको मनमा अझ विरक्त भावले स्थान ओगट्न थाल्यो ।



Downloaded from http://www.dhamma.digital

एकदिन शिखी बोधिसत्त्वले मंगल हात्ती चढी महाभिनिष्क्रमण गर्नु भयो । शिखी बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नुभएको देखेर अन्य ३७ लाख मानिसहरूले यसरी विचार गर्न थाले– "शिखी राजकुमारले त्यत्रो लौकिक सुखलाई तुच्छ ठानि राज दरबार त्यागि जानु भयो भने हामी जस्तो मानिसको यो सुख ऐश्वर्यको त केही मूल्य छैन ।" यति सोचि उनीहरू संसार भय देखेर डराउन थाले । फलस्वरूप उनीहरूले पनि बोधिसत्त्व संग संगै गृहत्याग गरि गए । शिखी बोधिसत्त्वले यी ३७ लाख मानिसहरूसंग रहि ८ महिना सम्म दुष्कर चर्या गर्नुभयो ।

वैशाख पूर्णिमाको दिन सुदर्शना निगमकी पियदस्सी नाम गरेकी एक नारीले शिखी बोधिसत्त्वलाई क्षीर दान दिन ल्याएकि थिइन् । उक्त क्षीर भोजन बोधिसत्त्वले ४९ गाँस गरेर खानु भयो । त्यसपछि अनोमदस्सी ऋषीले दान दिएको ८ मुट्ठा घाँस पुण्डरिक वृक्ष मुनि बिछ्याई चार वीर्य अंगलाई प्रस्तुत गरि अधिस्थान गर्दै बसि ध्यान गर्नुभयो । अधिस्थान गरि बस्नु भएपछि देवपुत्र मार आदि पञ्चमारलाई जितेर रात्रीको प्रथम, द्वितीय र तृतीय याममा क्रमशः पुब्बेनिवासानुसति (पूर्व जन्मको घटनाहरू थाहा पाउन सक्ने क्षमता) ज्ञान । चुतोत्पत्ति ज्ञान (उत्पत्ति र विनाश विषयमा थाहा पाउन सक्ने ज्ञान) र आसवक्खय ज्ञान (प्रतित्य समुत्पाद विषयमा थाहा पाउने ज्ञान) आदि



Downloaded from http://www.dhamma.digital

लाभगरि बोधिज्ञान प्राप्त भयो। यसरी उहाँ सर्वज्ञ बुद्ध बन्न सफल हुनुभयो।

सर्वज्ञ बुद्ध हुनु भएपछि उहाँले ४९ दिन सम्म बोधिवृक्ष परिसरमा बिताई केही पनि आहार सेवन नगरि आफूले प्राप्त गरेको बोधिज्ञानलाई विस्तृत रूपले अनुसन्धान गरिरहनु भयो।

४९ दिन पछि क्षीर भोजनको शक्ति क्षीण हुँदै गयो। बोधिज्ञान विषयमा विस्तृत अध्ययन गर्ने कार्य पनि सम्पन्न भयो। त्यसपछि भगवान् बुद्धले भोक लागेको महसुस गर्नु भयो। त्यसैले उहाँले नदीमा गई दतिवन गरि मुख धुनुभयो। दानबाट प्राप्त भएको आहार सेवन गर्नु भयो। त्यसपछि आफूले प्राप्त गरेको बोधिज्ञान कसलाई बताए उचित होला भनेर ज्ञान दृष्टिले हेर्नु हुँदा बढि भन्दा बढि मानिसहरू क्लेशको कारणले अज्ञानी भइरहेको देखि यी क्लेशको अधिनमा रहेका मानिसहरूले बोधिज्ञान जस्तो गम्भिर विषयलाई बुझ्न सक्ने छैनन् भनि निराश हुनुभयो। यो देखि ब्रह्मा आउनु भई संसारमा क्लेश कम भएका गम्भीर ज्ञान बुझ्न सक्ने मानिसहरू पनि विद्यमान रहेको हुनाले उनीहरूलाई धर्मदेशना गरि जगत संसार उद्धार गर्नहुन प्रार्थना गर्नुभयो। ब्रह्मादेवको प्रार्थना अनुसार शिखी बुद्धले आफ्नो बुद्ध ज्ञानले निरीक्षण गर्नुभयो। तब उहाँले उहाँसंगै वैराग्य चित्त उत्पन्न गरि गृहत्याग गरेर



Downloaded from http://www.dhamma.digital

निस्केका क्लेश कम भइसकेका मानिसहरूलाई देख्नु भयो । त्यसैले उहाँ अरूणवती देश नजिकको मिगाजिन नाम गरेको बगैंचामा जानु भई उहाँसंगै गृहत्याग गर्नुहुने मानिसहरू र अन्य थुप्रै मनुष्य र देव ब्रह्माहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो । शिखी बुद्धबाट धर्मदेशना सुनेका थुप्रै मनुष्य र देव ब्रह्माहरू मार्गफलमा प्रतिस्थित भए ।

यसरी शिखी बुद्धले गाँउ र नगरहरूमा घुमफिर गर्नुहुँदै, आफ्ना श्रावक संघहरूलाई पनि विभिन्न स्थानहरूमा धर्म प्रचार गराउनु भएको कारणले उहाँको थुप्रै संख्यामा श्रावक, श्राविका लगायत उपासक र उपासिकाहरूको समूह संगठित भए ।

शिखी बुद्धसंग सम्बन्धित अन्य केही प्रमुख विवरणहरू –

अग्र श्रावक भिक्षुहरू – भिक्षु अभिभू र भिक्षु सम्भव

अग्र श्राविका भिक्षुणीहरू – भिक्षुणी सखीला थेरी
भिक्षुणी पदुमा थेरी

निजी सेवक – भिक्षु खेमंकर

मुख्य उपासकहरू – सिरिवड्ड र चन्द

मुख्य उपासिकाहरू – चित्ता र सुगुत्ता

शिखी बुद्धको शरीरको उचाई – ७० फीट अग्लो

शिखी बुद्धको रश्मि – सधैं ३ योजन सम्म फैलिरहन्छ



Downloaded from http://www.dhamma.digital

शिखी बुद्ध मानिसहरूको आयु ७० हजार वर्षको हुँदा जन्म लिनु भएको थियो ।

## गौतम बुद्ध हुने बोधिसत्त्व

शिखी बुद्धको जीवनकालमा भविष्यमा गौतम बुद्ध हुने बोधिसत्त्व परियुत्त नामक देशका अरिन्दम नाम गरेका राजा थिए । धर्मप्रचारको सिलसिलामा एकदिन शिखी बुद्ध परियुत्त देशमा पुग्नु भएको थियो । शिखी बुद्ध सवारी हुने थाहा पाएर नै राजा अरिन्दम त्यहाँ उपस्थित हुनुभई बुद्धलाई स्वागत गरि बुद्ध प्रमुख उहाँका श्रावक संघलाई पनि श्रद्धापूर्वक ७ दिनसम्म निमन्त्रणा गरि भोजन दान गर्नु भएको थियो । त्यति मात्र होइन उहाँ बोधिसत्त्वले बुद्ध प्रमुख श्रावक संघलाई निमन्त्रणा गरेको सातौं दिनमा खोमयोम देशबाट झिकाइएको रेशमी आदि असल जातका कपडाहरूको चीवर सिलाउन दिई दान गर्नुभयो । त्यसको साथसाथै बुद्ध प्रमुख भिक्षु संघलाई हात्ती, घोडा आदि समेत दान दिनुभयो । राजा अरिन्दमको यस्तो श्रद्धा देखि आश्चर्य चकित रहनु भएका शिखी बुद्धले अरिन्दम राजा भविष्यमा के हुने होला भनि अनागतंश ज्ञान द्वारा हेर्नु भएको अवस्थामा उहाँ भद्रकल्पमा गौतम गोत्रको शाक्य कुलमा जन्मनु भई शाक्य मुनी बुद्धको नामले प्रख्यात हुने यथार्थतालाई देख्नु भयो । अरिन्दम बोधिसत्त्वले बुद्धत्त्व प्राप्त गर्नको लागि नै यसरी पारमिता पूरा गरिरहनु भएको



Downloaded from http://www.dhamma.digital

कुरालाई शिखी बुद्धले थाहा पाउनु भयो। त्यसैले शिखी बुद्धले तुरून्त नै अरिन्दम बोधिसत्त्वको सामु यस उत्तम विषयको भविष्यवाणी गर्नुभयो। यस भविष्यवाणी सुनि राजा अरिन्दम भोलि नै बुद्ध हुने व्यक्तिले जस्तै आफ्नो चित्तलाई अप्रमादी पूर्वक उचित रूपले वसमा राख्दै पारमि धर्म पूरा गर्नुहुँदै परलोक हुनुभयो।



Downloaded from http://www.dhamma.digital

# मन्द कल्प

## २४) वेस्सभु बुद्ध

वेस्सभु बुद्ध २८ जना बुद्धहरूको क्रममा २४ औं बुद्ध हुनुहुन्छ। उहाँ मन्दकल्पको अन्तिम बुद्ध हुनुहुन्छ। शिखी बुद्ध परिनिर्वाण हुनुभएपछि बुद्ध शासन लोप भएको कारणले मानिसहरूको मनमा धेरैजसो अधर्म चेतनाले ठाउँ लिन थाल्यो। यसको परिणाम स्वरूप मानिसहरूको आयु ७० हजार वर्षवाट घट्दै गई १० वर्ष सम्ममा पुगियो।

दश वर्ष सम्म मात्र आयु भएका कलियुगका धेरैजसो मानिसहरूलाई खाना खान नपाउने समस्याले सताउने भएकोले उनीहरूमध्ये बलियाले निर्बल व्यक्तिलाई मारेर उनीहरूको मासु खान थाले। पृथ्वीमा यस्ता कुकर्महरू बढ्दै गएको हेर्न नसक्ने, यस्ता कुकर्म गर्न नरूचाउने र आफुमाथि अरूले कुकर्म गराउन नचाहने धर्म चित्त बाँकी रहेका मानिसहरू आफ्नो सुरक्षार्थ जंगलमा लुक्न गए। उनीहरू जंगलमा रहि त्यहाँका रूखका पातहरू र कन्दमूल मात्र सेवन गरि जीविका गर्न थाले। क्रमशः उनीहरूको स्वच्छ चेतनाले युक्त व्यवहारको कारणले उनीहरूले २० वर्ष सम्मको आयु भएका सन्तान जन्माए। यसरी संसार



Downloaded from http://www.dhamma.digital

भय देखेर डराउने स्वभाव र पाप कार्य गर्ने देखि डराउने मानिसहरूको चित्तमा स्वभावतः धर्म चित्तले ठाउँ लिन थाल्यो । फलस्वरूप मानिसहरूको आयु दोब्बर हिसाबले बृद्धि हुँदै गए । यो क्रम बढ्दै गई मानिसहरूको आयु असंख्य वर्ष सम्म पनि पुग्यो । यो समय सत्य युग भएको कारणले मानिसहरूको चित्त एकदम निर्मल रह्यो । तर मानिसहरूको आयु धेरै नै लामो भएको कारणले उनीहरूले एकदिन मृत्यु हुनु पर्ने संसारको स्वभाव धर्मलाई समेत सम्झन सकेनन् । त्यसैले उनीहरूको मनमा बिस्तारै अहंकारले ठाउँ लिन थाल्यो । अहंकारको वसमा पुगी म र मेरो भन्ने स्वार्थ चित्त उत्पन्न भई अन्य विभिन्न कुवानीहरू उत्पन्न भई चित्त क्लेशयुक्त दूषित हुँदै गए । यसकारणले मानिसहरूको आयु सय वर्षमा एक वर्ष घट्दै गई ६० हजार वर्ष सम्मको हुन पुग्यो ।

यस अवस्थामा वेस्सभु बुद्ध हुने बोधिसत्त्व बुद्ध हुनको लागि सबै पारमिता पूरा गरिसकेपछि तुषिता भूवनमा रहनु भएको थियो । उहाँसमक्ष अन्य थुप्रै देवताहरूको समूह उपस्थित भई संसार भवचक्रमा परी दुःख पाइरहेका मानिसहरूको उद्धार गर्ने समय आइपुगेको विषयलाई प्रस्तुत गर्दै उहाँलाई बुद्ध हुनका लागि पृथ्वीमा जन्म भईदिनहुन प्रार्थना गरे । देवताहरूको प्रार्थनालाई मनन गर्नुहुँदै वेस्सभु बोधिसत्त्वले आफ्नो ज्ञानले पञ्चमहाविलोकन



Downloaded from http://www.dhamma.digital

(काल, देश, द्वीप, कुल, मातु आयु परिच्छेद) हेर्नुभयो । उहाँले मनुष्यलोकमा यी पाँच तत्त्वहरू पूर्ण भइरहेको देख्नु भयो । त्यसैले उहाँ तुषिता भूवनबाट ओर्लनु भई मनुष्य लोकको अनोमा देशका राजा सुपतितकी अग्रमहारानी यशवतीको गर्भमा प्रवेश गर्नुभएको थियो ।

दश महिना पूरा भएपछि वैशाख पूर्णिमाको दिनमा एक वगैंचामा बोधिसत्त्व वेस्सभूको जन्म भयो । बोधिसत्त्वको प्रसन्न अनुहारलाई दृष्टिगत गरि वस्सभको अर्थ प्रयोग गरि उहाँको नाम वेस्सभु राखियो ।

क्रमैसंग वेस्सभु बोधिसत्त्व हुर्कदैं गई यौवनावस्थामा पुगिसकेपछि उहाँलाई तीन वटा ऋतुहरू अनुसार अनुकूल हुनेगरि रहनको लागि तीनवटा दरबारहरू विभिन्न नामाकरण गरि बनाईदिएको थियो ।

Dhamma.Digital

(१) रूची दरबार

(२) सुरूची दरबार

(३) इतिवड्ढन दरबार

वेस्सभु बोधिसत्त्वलाई युवराज्ञी सुमीत्रा देवी संग ३० हजार सेविकाहरूको समुपस्थितीमा विवाह गरिदिएको थियो । उहाँले युवराज्ञी प्रमुख ती सेविकाहरूसंग माथि उल्लेखित ३ वटा दरबारमा ६ हजार वर्ष सम्म रहनु भई भौतिक सुख ऐश्वर्य भोग गर्नु भयो ।

एकदिन युवराज्ञी सुमीत्रा देवीको तर्फबाट पुत्र रत्न



Downloaded from http://www.dhamma.digital

जन्मियो। उक्त बालकलाई सुपबुद्ध नामाकरण गरियो। त्यसपछि वेस्सभु बोधिसत्त्वको मनमा वैराग्य चित्त उत्पन्न हुन थाल्यो।

एकदिन नगर परिक्रमाको लागि बोधिसत्त्व बाहिर जानु भएको अवस्थामा उहाँले चारवटा निमित्तहरू (वृद्ध, रोगी, मृत व्यक्ति र त्यागी) देख्नु भयो। यस चार प्रकारका दृष्यहरू देखेको दिन देखि बोधिसत्त्व वेस्सभु संसार भय देखेर डराउनु भयो र अझ वैराग्य चित्तले तिब्र रूप लिन थाल्यो।

त्यसैले एकदिन बोधिसत्त्व वेस्सभु मानिसहरूले बोकेको सुनको खट्मा चढेर मंगल बगैंचामा गई प्रव्रजित हुनुभयो। वेस्सभु बोधिसत्त्वले गृहत्याग गर्नुभएको खबर सुनि अन्य ३७ हजार मानिसहरू पनि संसार भय देखेर डराई बोधिसत्त्वको पछि लाग्दै प्रव्रजित भए।

वेस्सभु बोधिसत्त्वले ६ महिना सम्म घोर दुष्करचर्या गर्नुभयो। एकदिन वैशाख पूर्णिमाको दिन सुचित्त नाम गरेको निगमकी सिरीवड्ढना नाम गरेकी नाग कन्याले दान दिएको क्षीर भोजन ४९ गाँस गरेर सेवन गर्नुभयो। त्यसपछि नरेन्द्र नागराजाले दान दिएको आठ मुट्ठा घाँस दान लिनु भई यसलाई शाल वृक्ष मुनि ओछ्याउनु भयो। त्यसपछि उक्त वृक्ष मुनि ४० फीट लामो आसन उत्पन्न भयो। वेस्सभु बोधिसत्त्वले ४ वीर्य अगाडि सार्नुहुँदै यसरी



Downloaded from http://www.dhamma.digital

प्रतिज्ञा गर्नुभयो– "जब सम्म मैले बोधिज्ञान प्राप्त गर्न सक्ने छैन, तब सम्म मेरो मासु, रगत सुकेपनि, हाड चूर्ण भएर गएपनि, नशा चुँडिए पनि यस आसनबाट उठ्ने छैन ।"

यसरी अधिस्थान गर्नुहुँदै बोधिसत्त्व उक्त आसनमा विराजमान हुनुभई ध्यान गर्नुभयो । उहाँले अधिस्थान गर्नुभएपछि देवपुत्र मार आदि पञ्चमारलाई दमन गर्नुभयो । त्यही रातको विभिन्न तीन यामहरूमा क्रमशः पूर्वानुस्मृति ज्ञान, च्यूतोत्पत्ति ज्ञान, र आश्रवक्षय ज्ञान सहित बोधिज्ञान प्राप्त गरेर बुद्ध हुनुभयो ।

बोधिज्ञान प्राप्त गर्नुभएपछि उहाँले बोधिवृक्ष मुनि ४९ दिन (सप्तसप्ताह) सम्म रहनु भई बोधिज्ञान विषयमा विस्तृत अध्ययन गर्नुभयो । ४९ दिन पश्चात् उहाँले नदीमा गई दतिवन गरि मुख धोइसकेपछि प्राप्त भएको आहार सेवन गर्नुभयो । त्यसपछि उहाँले प्राप्त गर्नुभएको शुक्ष्म ज्ञान संसारका मन्द बुद्धि भएका र अज्ञानी मानिसहरूलाई कसरी बुझाइदिने होला भनि निराश हुनुभयो । यहीबेला ब्रह्मा आई संसारमा ज्ञान बुझ्न सक्ने र क्लेश कम भएका मानिसहरू पनि भएको विषय प्रस्तुत गर्दै वेस्सभु बुद्धलाई सूचना दिनुभई जगत संसार उद्धार गरिदिनहुन प्रार्थना गर्‍यो ।

ब्रह्माको प्रार्थना सुनि वेस्सभु बुद्धले कसलाई धर्मदेशना



Downloaded from http://www.dhamma.digital

गर्दा उचित होला भनि बुद्ध ज्ञानद्वारा निरीक्षण गर्नुभयो । तब उहाँले उहाँका भाईहरू (सानीआमाकापुत्रहरू) राजकुमार शोभन र राजकुमार उत्तर दुबैलाई देख्नु भयो । तब उहाँ आकाश मार्गबाट उडेर अनुपम देश नजिक वरूण वगैंचामा ओर्लनु भई बगैंचा प्रमुखलाई शोभन राजकुमार र उत्तर राजकुमारलाई बोलाउन पठाउनु भयो । त्यसपछि राजकुमारहरू प्रमुख थुप्रै मनुष्य र देव ब्रह्माहरूलाई धर्म चक्र प्रवर्तन गर्नुभयो । वेस्सभु बुद्धको तर्फबाट धर्मदेशना सुनेका राजकुमारहरू सहित थुप्रै देव ब्रह्मा र मनुष्यहरूले मार्गफल प्राप्त गरे । यसरी वेस्सभु बुद्धले गाउँ-गाउँ, नगर-नगरमा धर्म प्रचार गर्नुहुँदै उहाँका थुप्रै श्रावक-श्राविकाहरू लगायत उपासक र उपासिकाहरू संगठित भए ।

यसरी वेस्सभु बुद्धको जीवन कालमा अग्र श्रावक, अग्र श्राविका पद प्राप्त गर्न सफल भिक्षु भिक्षुणी र प्रमुख पद प्राप्त गर्न सफल उपासक, उपासिकाहरू लगायत बुद्धको संक्षिप्त परिचय यसरी रहेको छ–

▲ वेस्सभु बुद्धको उचाई – ६० फुट अग्लो ।

▲ वेस्सभु बोधिसत्त्व मानिसहरूको आयु ६० हजार वर्ष भएको समयमा जन्म लिनु भएको थियो

▲ निजी सेवक – भिक्षु उपशान्त

▲ अग्र श्रावक भिक्षुहरू – भिक्षु शोण र भिक्षु उत्तर



Downloaded from http://www.dhamma.digital

▲ अग्र श्राविका भिक्षुणीहरू – भिक्षुणी रामा थेरी र
भिक्षुणी समला थेरी

▲ प्रमुख उपासकहरू – सोत्थिक र रम्म

▲ प्रमुख उपासिकाहरू – गौतमी र सिरीमा

**गौतम बुद्ध हुने बोधिसत्त्व**

वेस्सभु बुद्धको जीवनकालमा भविष्यमा गौतम बुद्ध हुने बोधिसत्त्व सरभ नाम गरेको देशका सुदस्सन नाम गरेको राजा हुनुहुन्थ्यो । एकदिन वेस्सभु बुद्धले धर्म प्रचार गर्नुहुँदै सरभ देशमा पुग्नु भयो । भगवान बुद्ध आफ्नो देशमा आइपुग्नु हुने खबर पाएको कारणले राजा अति हर्षित हुँदै उहाँलाई स्वागत गर्नको लागि तयार रहनु भयो । भगवान बुद्ध आइपुग्नु भएपछि उहाँलाई धुमधाम स्वागत गरि बुद्ध प्रमुख भिक्षु संघका सबै भिक्षुहरूलाई भोजन निमन्त्रणा गरि दान धर्म गर्नु भयो । त्यति मात्र होइन सरभ देश नजिकको भूमिमा भगवान बुद्धलाई गन्धकुटी विहार पनि बनाइदिनुभयो । भगवान बुद्ध सहित भिक्षु संघलाई आवश्यक सबै चतुप्रत्यय पनि पूरा गरिदिनुभयो । त्यसपछि राज्य सुख आदि लौकिक सुखलाई तुच्छ ठानि विरक्त भाव उत्पन्न भएको कारणले बुद्धसंग अनुमति लिनुभई भिक्षुसंघमा प्रव्रजित हुनुभयो ।

भिक्षु हुनुभएपछि ध्यान भावना वृद्धि गर्नुहुँदै लौकिक ध्यान पूरा गर्नुभयो । राजा सुदस्सनको यस्तो विचित्र श्रद्धा



Downloaded from http://www.dhamma.digital

एवं पवित्र शील स्वभाव देखेर वेस्सभु बुद्धले भविष्यमा यो राजा के हुने होला भनि अनागतंश ज्ञानले हेर्नु भएको अवस्थामा उहाँ ३१ कल्प पछि भद्रकल्पमा गौतम गोत्रको शाक्य कुलमा शाक्यमुनी बुद्धको रूपमा प्रख्यात हुनु हुनेछ भनि थाहा पाउनु भयो। त्यसपछि वेस्सभु बुद्धले राजा सुदस्सन बोधिसत्त्वलाई पनि यस विषयमा भविष्यवाणी गर्नुभयो। बोधिसत्त्वले आफ्नो विषयमा यस्तो भविष्यवाणी सुन्नु भएपछि अति हर्षित हुँदै आफूले गर्दै रहेको धार्मिक कार्यलाई अझ उत्साह एवं ध्यानपूर्वक अभ्यास गर्नु हुँदै र दश पारमिता धर्मलाई बृद्धि गर्नुहुँदै ब्रह्मलोकमा जन्म लिनुभयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# (ठ) भद्र कल्प

पाँच जना बुद्धहरू उत्पन्न हुने कल्प अर्थात् अति राम्रो कल्प भएको कारणले यस कल्पलाई भद्र कल्प भनिएको हो ।

शिखी बुद्ध र वेस्सभु बुद्ध परिनिर्वाण हुनु भएपछि बुद्ध शासन लोप भई क्रमशः उक्त मन्द कल्प नाश भएर गयो । कल्प नाश भएपछि २९ वटा कल्प सम्म शून्य कल्प नै भइरह्यो । शून्य कल्पमा एकजना बुद्ध पनि उत्पन्न नहुने भएको कारणले नै यस कल्पलाई शून्य कल्प भनिएको हो । क्रमैसंग शून्य कल्प पनि नाश हुँदै गई लोकमा भद्रकल्प उत्पन्न भयो ।

Dhamma.Digital

यस भद्र कल्पमा ५ जना बुद्धहरू उत्पन्न हुने भविष्यवाणी भए अनुसार चार जना बुद्धहरू उत्पन्न भइसकेको र अर्को एक बुद्ध उत्पन्न हुन बाँकी भएको विषयमा भविष्यवाणी भएनुसार यस भद्रकल्पका बुद्धहरूको नाम यसरी उल्लेख भएका छन्–

१) ककुसन्ध बुद्ध २) कोणागमण बुद्ध

३) कस्सप बुद्ध ४) गौतम बुद्ध

५) मैत्री बुद्ध– (भविष्यमा उत्पन्न हुन बाँकी बुद्ध)



Downloaded from http://www.dhamma.digital

## २५) ककुसन्ध बुद्ध

ककुसन्ध बुद्ध २८ जना बुद्धहरूको क्रममा पच्चिसौं संख्याको बुद्ध हुनुहुन्छ। उहाँ भद्रकल्पमा पहिलो बुद्ध हुनुहुन्छ। भद्रकल्प उत्पन्न भएपछि मानिसहरूको आयु असंख्य वर्ष सम्म पुगेको अवस्थामा ती मानिसहरूले संसारको यथार्थ सत्य स्वभाव अनित्यलाई बुझ्न सकेनन्। अनित्य भएर एकदिन मर्नु पर्छ भन्ने सत्यतालाई महसुस गर्न नसकिरहेका मानिसहरूको चित्तले सधैं बाँचिरहन पाउने भ्रम उत्पन्न गर्न थाले। यस्तो अज्ञानतामा परेका मानिसहरू लोभ चित्तको वशमा परी स्वार्थ चित्तले युक्त भई पाप कार्यहरू गर्न थाले। यस्तो दुषित कर्महरूको कारणले मानिसहरूको आयु सय वर्षमा एक वर्षको हिसाबले घट्दै गई आखिरमा मानिसहरूको आयु ४० हजार वर्षमा पुग्यो। यस समयमा ककुसन्ध बुद्ध हुने बोधिसत्त्वले सम्पूर्ण पारमिता धर्म पूरा गरेर तुषिता भुवनमा रहनु भएको थियो। यही अवस्थामा देवताहरूको समूह ककुसन्ध बोधिसत्त्व समक्ष आई मनुष्य लोकमा बुद्ध हुनुभई जगत संसार उद्धार गरिदिनहुन प्रार्थना गर्न आए। उनीहरूको प्रार्थनालाई स्वीकार गर्नुहुँदै ककुसन्ध बोधिसत्त्वले पञ्चमहाविलोकन (काल, देश, द्वीप, कुल र मातु आयुपरिच्छेद) लाई विचार गरि हेर्नुहुँदा मनुष्यलोकमा यी पाँचवटै संयोगहरू जुरिरहेको देख्नुभयो।



Downloaded from http://www.dhamma.digital

त्यसपछि ककुसन्ध बोधिसत्त्व तुषिता भुवनबाट मनुष्यलोकको खेमावती देशका राजा खेमंकरको पुरोहित (राजाका सल्लाहकार) अग्गिदत्त ब्राह्मणकी श्रीमती विशाखा ब्राह्मणीको गर्भमा प्रवेश गर्नुभयो। १० महिना गर्भमा रहनुभई वैशाख पूर्णिमाको दिन ककुसन्ध बोधिसत्त्व खेमा वगैंचामा जन्म हुनुभयो। त्यसपछि उहाँलाई ककुसन्ध भनेर नामाकरण गरियो। ककुसन्ध बोधिसत्त्व यौवन अवस्थामा पुगिसकेपछि उहाँलाई ३ वटा मौसम अनुकूल रहनको लागि ३ वटा विभिन्न दरबारहरू बनाइदियो। ती दरबारहरूको नाम यसरी छन् –

(१) काम दरबार

(२) कामवण्ण दरबार

(३) काम सुद्धि दरबार

एकदिन ककुसन्ध बोधिसत्त्वलाई रोहिणी नाम गरेकी कन्यासँग ३० हजार सेविकाहरू समक्ष राखि विवाह गरिदियो। यसरी रोहिणी प्रमुख ३० हजार सेविकाहरूसंग ककुसन्ध बोधिसत्त्वले ती ३ वटा दरबारहरूमा आनन्द पूर्वक लौकिक सुख भोग गर्नुभयो। एकदिन रोहिणीको तर्फबाट ककुसन्ध बोधिसत्त्वलाई उत्तर नाम गरेको पुत्र लाभ भयो। यो घटनाले बोधिसत्त्वको मनमा वैराग्य भावना उत्पन्न हुन थाल्यो। मनमा वैराग्य भावनाले पिरोलिएका बोधिसत्त्वले एकदिन अचानक चारवटा निमित्तहरू देख्ने



Downloaded from http://www.dhamma.digital

वित्तिकै उहाँको मनमा सांसारिक दुःख र भय उत्पन्न भई मनलाई आकुल ब्याकुल गरिदियो। उहाँ बोधिसत्त्वले दुःखको बन्धनबाट मुक्त हुने उपाय खोज्नको लागि ६ वटा घोडाहरूले तानिएको रथमा बसेर गृहत्याग गर्नुभयो। यी ब्राह्मण कुमार ककुसन्ध बोधिसत्त्वले गृहत्याग गरेको घटनाले गर्दा अन्य ४० हजार मानिसहरूको मनमा पनि वैराग्यले ठाउँ लियो। त्यसैले तिनीहरू सबैले बोधिसत्त्व संगै गृहत्याग गरेर गए। यी ४० हजार त्यागीहरूले घेरा लगाएर ककुसन्ध बोधिसत्त्वले ८ महिना सम्म दुष्कर चर्या गर्नु भयो। एकदिन सुचन्द्र निगम निवासी ब्राह्मण पुत्री वजिरिन्दाले ककुसन्ध बोधिसत्त्वलाई क्षीर भोजन दान दिन ल्याइन्। त्यही क्षीर भोजनलाई उहाँले ४९ गाँस गरि सेवन गर्नुभयो। क्षीर भोजन सेवन गरिसक्नु भएपछि उहाँलाई सुभद्र नाम गरेको कृषकले ८ मुट्ठा घाँस दान दिन ल्यायो। त्यस घाँसलाई बोधिसत्त्वले शिखी वृक्ष मुनि ओछ्याउनु भयो। आठ मुट्ठा घाँस ओछ्याई सकेपछि त्यहाँ ३५ फुट लामो आसन उत्पन्न भयो। त्यस आसनमा विराजमान हुनुभई ककुसन्ध बोधिसत्त्वले चार वीर्यलाई अगाडि सारेर बोधिज्ञान प्राप्त नभए सम्म उक्त आसनबाट उठ्ने छैन भनि अधिस्थान गरि ध्यान गर्नुभयो। यसरी अधिस्थान गरि ध्यान गरिसकेपछि उहाँले देवपुत्र मार सहित पञ्चमारलाई दमन गरि क्रमैसंग पुब्बेनिवास्सानुस्सति ञान, दिब्बचक्खु



Downloaded from http://www.dhamma.digital

ञान र आसवक्खय ञान लाभ गरि मिरमिरे विहानीपख बोधिज्ञान प्राप्त गरि बुद्ध हुनुभयो ।

सब्बञ्ञुत ञान लाभ गरिसक्नु भएपछि ककुसन्ध बुद्धले बोधिवृक्ष आसपासमा ४९ दिन सम्म बोधिज्ञान विषयमा विस्तृत रूपले अध्ययन अनुसन्धान गर्नु भयो । ४९ दिन सम्म विना आहार बोधिज्ञान विषयमा विस्तृत अध्ययन गर्ने कार्य समापन भएपछि दतिवन गरि मुख धुनु भयो । त्यसपछि प्राप्त भएको भोजन सेवन गर्नुभयो । त्यसपछि संसारका अज्ञानी मानिसहरूको चित्तले बोधिज्ञान जस्तो गम्भिर विषयलाई बुझ्न कठिन हुने देख्नु भई धर्म देशना गर्न हिच्किचाउनु भयो । लोकमा बुद्ध शिक्षाको आवश्यकतालाई महसुस गरि त्यही समयमा ब्रह्मा भगवान् बुद्ध समक्ष आई उहाँलाई धर्मदेशना गर्नहुन र जगत संसार उद्धार गर्न हुन प्रार्थना गऱ्यो । ब्रह्माको प्रार्थना स्वीकार गर्नुहुँदै उहाँ आफूले प्राप्त गर्नु भएको गम्भिर ज्ञान कसलाई देशना गर्दा उचित होला भनि बुद्ध ज्ञानद्वारा निरीक्षण गरि हेर्नु भएको अवस्थामा उहाँसंगै गृहत्याग गरेका मानिसहरूलाई देख्नु भयो । त्यसैले उनीहरूलाई धर्म देशना गर्नको लागि उहाँ आकाश मार्गबाट उडेर मकिल देश नजिकको मृगदावनमा ओर्लनु भयो । उक्त वनमा बुद्धले उहाँसंगै गृहत्याग गरेर आएका मानिसहरू सहित धेरै मानिसहरू र देवब्रह्माहरूलाई



Downloaded from http://www.dhamma.digital

धर्मचक्र प्रवर्त्तन गर्नुभयो। यस धर्मदेशना सुनेर धेरै मनुष्य र देवब्रह्माहरूले मार्गफल प्राप्त गर्न सफल भए। यसरी भगवान बुद्धको अमूल्य एवं सारपूर्ण धर्मदेशनाको महत्त्वलाई धेरै मानिसहरूले बुझ्न सकेको कारणले ककुसन्ध बुद्धको जीवन कालमा धेरै संख्यामा श्रावक, श्राविकाहरू लगायत उपासक, उपासिकाहरू बढ्दै गए।

ककुसन्ध बुद्धको जीवनकालमा अग्र श्रावक, अग्र श्राविका पद प्राप्त गर्न सफल भिक्षु भिक्षुणी र प्रमुख पद प्राप्त गर्न सफल उपासक, उपासिकाहरू लगायत बुद्धको संक्षिप्त परिचय यसरी रहेको छ–

▲ अग्र श्रावक भिक्षुहरू – भिक्षु विदुर र भिक्षु संजीव

▲ अग्र श्राविका भिक्षुणीहरू – भिक्षुणी सामा थेरी र भिक्षुणी चम्पका थेरी

▲ निजी सेवक – भिक्षु बुद्धिज

▲ मुख्य उपासकहरू – अच्यूत र सुमन

▲ मुख्य उपासिकाहरू – नन्दा र सुनन्दा

▲ ककुसन्ध बुद्धको रश्मि – सधैं दश योजन टाढासम्म फैलिरहन्छ।

▲ ककुसन्ध बुद्धको शरीरको उचाई – ४० फुट अग्लो।

▲ आयु – ककुसन्ध बुद्ध मानिसहरूको आयु ४० हजार वर्षको हुँदा जन्मनु भएको थियो।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

ककुसन्ध बुद्धको जीवन कालमा भविष्यमा गौतम बुद्ध हुनुहुने बोधिसत्त्व खेमा नाम गरेको राजा हुनुहुन्थ्यो । बोधिसत्त्व राजा आफ्नो राज्यमा भय अन्तराय आदि नआउने तरिकाले राज्य चलाउन सक्षम हुनु भएको कारणले उहाँ बोधिसत्त्व राजाको नाम खेमा राखिएको थियो । शक्तिशाली एवं पराक्रमी राजा बोधिसत्त्व खेमाले लोकमा तथागत उत्पन्न हुनुभएको थाहा पाउने वित्तिकै स्वयं बुद्ध समक्ष हाजिर हुनुभयो । उहाँले बुद्धबाट धर्म उपदेश सुनि अति प्रसन्न हुँदै भगवान् बुद्ध सहित भिक्षु संघलाई पात्र, चीवर, औषधि आदि त्यागी व्यक्तिहरूलाई आवश्यक वस्तुहरू दान दिनु भयो । बोधिसत्त्व खेमालाई बुद्ध शासन प्रति झन झन श्रद्वा बढ्दै गएको र राज्य सुख देखि विरक्त भाव उत्पन्न हुँदै गएको कारणले उहाँले भगवान बुद्ध ककुसन्धबाट अनुमति प्राप्त गरि भिक्षु हुनुभयो ।

यसरी खेमा बोधिसत्त्वको आश्चर्यपूर्ण श्रद्धा देखेर ककुसन्ध बुद्धले यस व्यक्ति को होला भनि अनागत ज्ञानद्वारा निरीक्षण गर्नुभयो । तब उहाँलाई थाहा भयो– "खेमा बोधिसत्त्व भद्रकल्पमा शाक्य कूलमा जन्मनु भई गौतम गोत्रका शाक्य मुनि बुद्ध हुनेछ ।" भविष्यमा घट्न जाने यस घटनालाई प्रस्तुत गर्नुहुँदै ककुसन्ध बुद्धले यस



Downloaded from http://www.dhamma.digital

विषयमा भविष्यवाणी गर्नुभयो । बुद्धको भविष्यवाणी सुनि बोधिसत्त्व खेमाले दशपारमिता बल बृद्धि गर्नुहुँदै सो अनुसार परलोक हुनुभयो ।

❁

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## २६) कोणागमन बुद्ध

ककुसन्ध तथागतले जगत संसारका असंख्य प्राणीहरूलाई उद्धार गर्नुभई परिनिर्वाण हुनुभयो । बुद्धको परिनिर्वाण पछि बुद्ध शासन लोप भयो । त्यसपछि मानिसहरूको चित्त अशुद्ध हुँदै गयो । फलस्वरूप उनीहरूको आयु परिमाण ४० हजार वर्षबाट क्रमशः घट्दै गई १० वर्ष सम्म पुग्यो । १० वर्ष मात्र आयु भएका कलियुगका मानिसहरूको समूहमा पापीहरूको संख्या वृद्धि भई पापपूर्ण कार्यहरू हुन थाले । यस्ता पापीहरूको समूहमा बस्न नरूचाउने केही कोमल एवं धर्मचित्त सहितका मानिसहरू जंगल पस्नथाले । जंगलमा गई उनीहरू रूखका हाँगाहरू र कन्दमूल सेवन गरि जीवन बिताउन थाले । धार्मिक, प्रवृत्ति सहितका यी १० वर्ष उमेरका मानिसहरूबाट २० वर्ष आयु भएका सन्तानहरू जन्मन थाले । यसरी नै क्रमशः ती २० वर्ष आयु भएका मानिसहरूबाट ४० वर्ष आयु भएका सन्तान जन्मिए । यसरी मानिसहरूको आयु दोब्बर दरले वढ्दै गई कलियुग समाप्त भई सत्ययुगको सुरूवाट हुन थाल्यो । यस सत्ययुगमा मानिसहरूको आयु असंख्य वर्ष सम्म पुग्यो । असंख्य वर्ष आयु सहितका यी मानिसहरूले संसारको अनित्य स्वभावलाई बुझ्न सकेनन् । यहि अज्ञानताको कारणले उनीहरूले एकदिन मर्नुपर्ने सांसारिक सत्य तथ्य नियमलाई भित्री हृदयले



Downloaded from http://www.dhamma.digital

विर्सन पुगे । फलस्वरूप उनीहरूले दोषपूर्ण कार्यहरू गर्न थाले । यसको कारण स्वरूप मानिसहरूको आयु सयवर्षमा एक वर्षको हिसाबले घट्दै गई ३० हजार वर्षमा पुग्यो । यस समयमा बुद्ध हुनका लागि सम्पूर्ण पारमि धर्म पूर्ण गर्नुभई कोणागमण बोधिसत्त्व तुसिता भूवनमा रहनु भएको थियो । यही समय अनुकुल ठानी ३३ कोटी देव ब्रह्माहरूले कोणागमण बोधिसत्त्वलाई मनुष्यलोकमा जन्म लिनु भई बुद्धत्त्व प्राप्त गर्नहुन प्रार्थना गर्न थाले । देवताहरूको यस प्रार्थनालाई विचार पुऱ्याउनु हुँदै कोणागमन बोधिसत्त्वले पञ्चमहाविलोकनलाई विचार गर्नुहुँदा मनुष्य लोकमा यी पाँचवटा नै अंग परिपूर्ण भइरहेको अवस्थालाई देख्नु भयो । त्यसैले कोणागमन बोधिसत्त्व तुसिता भूवनबाट तल झर्नुभई मनुष्यलोकको भोगवती देशका धन्यदत्त ब्राह्मणकी श्रीमती उत्तरा ब्राह्मणीको गर्भमा प्रवेश गर्नुभयो ।

गर्भ प्रवेश गरेको मितिले १० महिना पूर्ण भएपछि शुभवती नाम गरेको वगैंचामा वैशाख पूर्णिमाको शुभदिनमा कोणागमण बोधिसत्त्वले जन्म लिनु भयो । उहाँको जन्म हुँदा आकाशबाट सुन वर्षा भएको थियो । त्यसैले "कणक + आगमन" = कणकागमन अर्थात सुन आएको भनियो । यही अर्थलाई लिई कणकागमन उच्चारण गर्दै उहाँको नाम नै कोणागमन रहन गयो । पारमि सम्भारले परिपूर्ण हुनु



Downloaded from http://www.dhamma.digital

भएका उहाँ कोणागमन बोधिसत्त्व युवावस्थामा पुगेपछि उहाँलाई ३ वटा मौसम र हावापानीलाई अनुकुल हुने गरि ३ वटा दरबारहरू निर्माण गरिए । ती दरबारहरूको नाम यसरी रहन गए–

(१) तुसित

(२) सन्तुस्सित

(३) सन्तुत्थ

कुमार कोणागमनको सुनौलो वर्णका व्यक्तित्त्व सहितकी अति सुन्दरी रूचीगत्ता नाम गरेकी ब्राह्मणी कुमारीसंग विवाह सुसम्पन्न भयो । कोणागमन बोधिसत्त्व आफ्नी श्रीमती रूचीगत्ता सहित उनकी अन्य १६ हजार सेविकाहरूले सेवा गर्न लगाई यी तीन दरबारहरूमा मौसम अनुकुल सुख भोग गर्नुहुँदै वर्षौं वर्ष रहनु भयो ।

एकदिन रूचिगत्ताको तर्फबाट उहाँलाई सत्थवाह नाम गरेको पुत्र ल।भ भयो । पुत्र लाभको कारणले पनि कोणागमन बोधिसत्त्वको मनमा वैराग्य भाव उत्पन्न हुन थाल्यो । संसार देखि विरक्त भाव भइरहेको बोधिसत्त्व एकदिन घुम्न जानु भएको अवस्थामा उहाँले चारवटा निमित्तहरू देख्नुभयो । ती चार निमित्तहरू देख्ने वित्तिकै उहाँले आफू बूढो हुँदै गएको, रोगी भई मृत्यु हुने समय नजिक आइसकेको जस्तै अनुभव गर्नुभयो । मृत्यु भय देखि तर्सिनु भई उहाँ हात्ती चढी गृहत्याग गर्नुभयो । कोणागमन



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्वले सम्पूर्ण काम सुखलाई व्यर्थ ठानेर गृहत्याग गर्नुभएको खबर पाएका अन्य ३० हजार मानिसहरूले पनि आ-आफ्ना लौकिक सुख सुविधालाई व्यर्थ ठाने उनीहरू बोधिसत्त्व संगै गई गृहत्याग गरे ।

बोधिसत्त्व कोणागमणले यी ३० हजार गृहत्यागी साथीहरू संग रहेर ६ महिना सम्म दुष्कर चर्या गर्नुभयो ।

वैशाख पूर्णिमाका दिन अग्गीसेना नाम गरेकी एक ब्राह्मण पुत्रीले दान दिएको क्षीर भोजनलाई उहाँले ४९ गाँस गरि सेवन गर्नुभयो । यसरी नै जतातिन्दुक नाम गरेका कृषकले दान दिएको ८ मुट्ठा घाँसलाई उदम्बर वृक्ष मुनि ओछ्याउनु भएको समयमा त्यस स्थानमा २० फुट लामो आसन उत्पन्न भयो । बोधिसत्त्वले उक्त आसनमा ४ वीर्यले परिपूर्ण हुनुभई आसनमा विराजमान हुनुभई यसरी अधिष्ठान गर्नुभयो–

"जब सम्म मैले बोधिज्ञान प्राप्त गर्न सक्ने छैन, तबसम्म यस आसनबाट उठ्ने छैन" बोधिसत्त्वले यसरी अधिष्ठान गर्नु भएपछि उहाँको मनलाई परीक्षा गर्नको लागि आएका देवपुत्र मार आदि पञ्चमारलाई पनि दमन गर्न सफल हुनुभयो । त्यसपछि उहाँले क्रमशः पुब्बेनिब्बास ञान, दिब्ब चक्खु ञान र आसवक्खय ञान आदि प्राप्त गर्नुभई सर्वज्ञ बुद्ध बन्न सफल हुनुभयो ।

बोधिज्ञान प्राप्त गर्नुभएपछि कोणागमन बुद्धले



Downloaded from http://www.dhamma.digital

बुद्धहरूको नियमानुसार बोधिवृक्षको आसपास सप्तसप्ताह (४९ दिन) सम्म बोधिज्ञान विषयमा विस्तृत अध्ययन गरेर बिताउनु भयो । यसरी उहाँले सातवटा विभिन्न स्थानहरू मध्ये हरेक स्थानमा सात, सात दिन निराहार रही बोधिज्ञान विषयमा अध्ययन गर्न सकिएपछि ४९ औं दिनमा भोक लागेको महसूस गर्नुभयो । त्यसैले उहाँले मुख धुनको लागि नदीमा गई दतिवन गर्नुभयो । त्यसपछि प्राप्त भएको आहार सेवन गर्नुभयो । सम्पूर्ण कार्य सम्पन्न भएपछि आफूले प्राप्त गरेको ज्ञान कसलाई देशना गर्न उचित होला भनि ज्ञान दृष्टिले हेर्नु भएको अवस्थामा यस संसारमा क्लेशको कारणले अज्ञानी भइरहेका थुप्रै मानिसहरूलाई देखि निराश हुनभयो । यसरी कोणागमन बुद्धले धर्म देशना गर्न निराश भएर रहनुभएको खबर थाहा पाएकोले ब्रह्मा आई उहाँ बुद्धलाई यस संसारमा ज्ञान बुझ्न इच्छुक भई आफूसंग भएको क्लेश कम गर्न अभ्यासरत रहेका कतिपय मानिसहरू विद्यमान रहेको विषयमा जानकारी दिंदै जगत संसार उद्धार गर्नको लागि धर्मदेशना गरिदिन हुन प्रार्थना गर्न आए ।

ब्रह्माको प्रार्थना सुन्नुभएपछि कोणागमन बुद्धले बुद्ध चक्षुले हेर्नुभएको अवस्थामा उहाँसंग गृहत्याग गरि आएका मानिसहरूलाई देख्नुभयो । अनि उहाँ सुदर्शन देशको नजिक मृगदावनमा जानुभई ती मानिसहरू प्रमुख



Downloaded from http://www.dhamma.digital

अन्य थुप्रै देव ब्रह्मा र मनुष्यहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो । यस सुअवरमा थुप्रै मनुष्य र देव ब्रह्माहरूले मार्गफल प्राप्त गर्न सफल भए ।

यसरी कोणागमन बुद्ध र उहाँका शिष्यहरूले बुद्ध शिक्षा प्रचार गर्नुहुँदै उहाँका थुप्रै श्रावक, श्राविकाहरू र उपासक उपासिकाहरूको संघ खडा भए ।

कोणागमन बुद्धको जीवन कालमा अग्र श्रावक, अग्र श्राविका पद प्राप्त गर्न सफल भिक्षु, भिक्षुणी र प्रमुख पद प्राप्त गर्न सफल उपासक, उपासिकाहरू लगायत बुद्धको संक्षिप्त परिचय यसरी रहेको छ ।

▲ अग्र श्रावक भिक्षुहरू – भिक्षु भिय्योस र भिक्षु उत्तर

▲ अग्र श्राविका भिक्षुणीहरू – भिक्षुणी समुद्दा थेरी र भिक्षुणी उत्तरा थेरी

▲ निजी सेवक – भिक्षु सोत्थिज

▲ प्रमुख उपासकहरू – उग्ग र शोमदेव

▲ प्रमुख उपासिकाहरू – शीवला र शामा

▲ कोणागमन बुद्धको शरीरको उचाई – ३० फूट लम्बाई

▲ आयु – कोणागमन बुद्ध मानिसहरूको आयु ३० हजार वर्ष भएको अवस्थामा जन्मनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

कोणागमन बुद्धको जीवन कालमा गौतम बुद्ध हुने बोधिसत्त्व मिथिला देशका पब्बत नामका राजा हुनुहुन्थ्यो । एकदिन धर्म प्रचारको सिलसिलामा कोणागमन बुद्ध मिथिला देशमा पुग्नुभयो । पब्बत राजाले यो खबर थाहा पाउनुभयो । त्यसैले उहाँले विभिन्न बाजा गाजा बजाउन लगाई बुद्धलाई स्वागत गर्न जानुभयो । कोणागमन बुद्धलाई स्वागत गरि भित्र्याउनु भएपछि राजाले बुद्ध सहित अन्य भिक्षुसंघलाई रहने व्यवस्था मिलाई विहार समेत दान दिनुभयो । त्यसपछि वर्षावास ३ महिना सम्म बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरि भोजन दान गर्नुभयो । त्यतिमात्र होइन उहाँ बोधिसत्त्वले बुद्ध प्रमुख भिक्षु संघलाई धेरै मूल्य पर्ने असल जातका वस्त्रहरू पनि दान दिनुभयो ।

पब्बत राजाको यस्तो श्रद्धा देखि कोणागमन बुद्धले अनागतंश ज्ञानले निरीक्षण गर्नुहुँदा पब्बत राजा भद्रकल्पमा गौतम गोत्रको शाक्य कुलमा जन्मनु भई गौतम बुद्धको नामले प्रख्यात हुने नियत व्याधि प्राप्त बोधिसत्त्व हुनुहुन्छ भन्ने कुरा थाहा पाउनु भयो । त्यसपछि कोणागमन बुद्धले राजा पब्बतको सामु पनि यस सत्यतालाई भविष्यवाणी गर्नुभयो । आफ्नो विषयमा यस्तो राम्रो भविष्यवाणी सुनि राजा पब्बत बोधिसत्त्व अति प्रसन्न हुनुभयो । उहाँले आफूलाई अझ बढी अप्रमादी बनाउँदै पारमिता पूरा गर्ने



Downloaded from http://www.dhamma.digital

कार्यमा सिघ्रातिसिघ्र मेहनत गर्न थाल्नु भयो। त्यसैले उहाँले राज्य शासन समेत त्यागि कोणागमन बुद्ध संग अनुमति प्राप्त गरि प्रव्रजित भिक्षु नै बन्नुभयो। बाँकी जीवन बुद्ध र बुद्ध शासनलाई सेवा गर्नु हुँदै पारमिता धर्म पुरा गर्दै परलोक हुनुभयो।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## २७) कस्सप बुद्ध

कोणागमन बुद्ध परिनिर्वाण हुनुभएपछि बुद्ध शासन लोप भयो । मानिसहरूको मनमा धर्मचेतना हराउँदै गएको कारणले उनीहरूको आयु पनि ३० हजार वर्षबाट घट्दै गई १० वर्ष सम्म पुग्यो । यो अवस्था कलियुगले व्याप्त भएको अवस्था भएको कारणले पापीहरूको विगविगी रहन गयो । फलस्वरूप पापीहरूको समूहमा रहन नरूचाउने केही अल्प मानिसहरू जंगलमा लुक्न गए । उनीहरूले जंगलको कन्दमूलहरू सेवन गरि जीविका गर्नथाले । क्रमशः कलियुग नाश हुँदै गई पापीहरू पनि नाश हुँदै गए । जंगलमा लुकेर बसेका धर्मचेतना सहितका १० वर्ष मात्र आयु भएका मानिसहरूको तर्फबाट २० वर्ष आयु भएका सन्तान जन्मिए । २० वर्ष आयु भएका मानिसहरूबाट ४० वर्ष आयु भएको सन्तान जन्मिए । यसरी धर्म चेतना बृद्धि हुँदै गएको कारणले मानिसहरूको आयु दोब्बरको अनुपातमा वृद्धि हुँदै सत्ययुगमा उनीहरूको आयु असंख्य वर्ष पुग्न गयो । असंख्य वर्ष सम्म बाँच्न पाएका मानिसहरूले एक दिन मर्नुपर्ने संसारिक नियमलाई बिर्सन थाले । अनित्यतालाई बिर्सन पुगेका मानिसहरूले सधैं सुख भोग गर्न पाउने भ्रममा परी आफ्नो चित्तमा लोभ द्वेष रूपी क्लेश मयलहरू जमाउन थाले । फलस्वरूप उनीहरूको आयु सयवर्षमा एक वर्षको अनुपातमा घट्दै



Downloaded from http://www.dhamma.digital

गई मानिसहरूको आयु २० हजार वर्ष मात्र पुग्न गयो ।

यस अवस्थामा कस्सप बुद्ध हुने बोधिसत्त्व बुद्ध बन्नको लागि सम्पूर्ण पारमिता धर्म पूरा गरि तुसिता भूवनमा रहनु भएको थियो । यस अवस्थामा ३३ कोटी देव ब्रह्माहरूको समूह उहाँ समक्ष पुगि मनुष्यलोकमा बुद्ध भई उपकार गरिदिन हुन उहाँलाई प्रार्थना गर्न आए । देव ब्रह्माहरूको प्रार्थना सुनि कस्सप बोधिसत्त्वले मनुष्य लोकमा पञ्च महाविलोकन (काल, देश, द्वीप, कुल, मातु आयु परिच्छेद) पूरा भइरहेको छ, वा छैन भन्ने विषयलाई आफ्नो ज्ञानद्वारा हेर्नुभयो । जब उहाँले मनुष्यलोकमा यी पाँचवटा अंगले पूरा भइरहेको छ भन्ने कुरालाई देख्नु भयो, तब कस्सप बोधिसत्त्व तुसिता भूवनबाट तल ओर्लनु, भई मनुष्य लोकको वाराणशी देशमा बुद्धदत्त ब्राह्मणकी श्रीमती धनवती ब्राह्मणीको गर्भमा प्रवेश हुनुभयो । धनवती ब्राह्मणी थुप्रै, धन सम्पत्तीकी मालिकनी थिइन् । गर्भवती भएर दश महिना पूरा भइसकेपछि वैशाख पूर्णिमाको दिनमा मृगदावन वगैंचाका कस्सप बोधिसत्त्वको जन्म भयो ।

कस्सप कुमार यौवनवस्थामा पुगिसकेपछि मौसम अनुसार रहनको लागि उहाँलाई ३ वटा विभिन्न दरबारहरू बनाई दिए । ३ वटा मौसम अनुकुल रहनको लागि बनाइदिएका ती दरबारहरूको नाम यसरी राखिएका थिए–



Downloaded from http://www.dhamma.digital

(१) हंसवा दरबार

(२) यशवा दरबार

(३) सिरीनन्दन दरबार

कस्सप बोधिसत्त्वलाई ४८ हजार सेविकाहरू सहितकी सुनन्दा देवी संग विवाह गरिदिएको थियो। बोधिसत्त्वले ४८ हजार सेविकाहरू सहित सुनन्दा देवीसंग ती ३ वटा दरबारमा २ हजार वर्ष सम्म लौकिक सुख भोग गर्नुभयो। सुनन्दा देवीको तर्फबाट उहाँलाई विजित सेन नाम गरेको पुत्र लाभ भयो।

पुत्र लाभ भइसकेपछि कस्सप बोधिसत्त्वको मनमा यस संसार देखेर वैराग्य भावना जाग्न थाल्यो। विरक्त चित्त सहितका बोधिसत्त्व कस्सप एकदिन नगर भ्रमणार्थ जानु हुँदा ४ वटा निमित्तहरू (वृद्ध व्यक्ति, रोगी व्यक्ति, मृत व्यक्ति र त्यागी व्यक्ति) देख्ने वित्तिकै अझ वैराग्य भावनाले उग्र रूप लिन थाल्यो। त्यसपछि उहाँको मनले गृहत्याग गर्ने प्रवल इच्छा गर्न थाल्यो। बोधिसत्त्वको गृहत्याग गर्ने प्रवल इच्छाको शक्तिले उहाँ रहँदै आउनु भएको दरबार बिस्तारै घुम्दै आकाश मार्ग हुँदै उड्न थाल्यो। उड्दै गएको उक्त दरबार एक वरको वृक्षमुनि पुगेर अडियो। त्यहाँ पुगेपछि कस्सप बोधिसत्त्वले गृहस्थ वस्त्र त्यागेर ब्रह्माले दिन ल्याएको चीवर वस्त्र लगाई भिक्षु हुनुभयो। बोधिसत्त्वले गृहत्याग गरि भिक्षु भएको



Downloaded from http://www.dhamma.digital

देखि उहाँसंगै आएका कतिपय मानिसहरूले पनि गृहत्याग गरेर भिक्षु भए । उनीहरूसंग रहि कस्सप बोधिसत्त्वले सात दिन सम्म दुष्कर चर्या गर्नुभयो ।

वैशाख पूर्णिमाको दिनमा कस्सप बोधिसत्त्वलाई सुनन्दा ब्राह्मणीले क्षीर भोजन दान दिन ल्याइन् । कस्सप बोधिसत्त्वले उक्त क्षीर भोजनलाई ४९ गाँस गरि सेवन गर्नुभयो । त्यही दिन उहाँलाई शोम नाम गरेको कृषकले आठ मुट्ठा घाँस दान दिन ल्याएको थियो । बोधिसत्त्वले उक्त घाँसलाई न्यग्रोध वृक्षमुनि ओछ्याउनु भयो । त्यसपछि त्यहाँ १५ फुट लामो आसन उत्पन्न भयो । चार अंगले पूर्ण वीर्यलाई प्रयोग गर्नुभई बोधिसत्त्वले उक्त आसनमा विराजमान हुनुभई यसरी अधिस्थान गर्नुभयो–

"बोधिज्ञान प्राप्त नहुञ्जेल यस आसनबाट उठ्ने छैन ।"

यसरी अधिस्थान गरि ध्यान गर्नु भएर घाम नअस्ताउँदै बोधिसत्त्वलाई देवपुत्र मार सहित पञ्चमारले परीक्षा गर्न आए । उक्त पञ्चमारलाई क्रमशः दमन गर्नुहुँदै कस्सप बोधिसत्त्वले रात्रीको प्रथम, द्वितीय र तृतीय याममा क्रमशः पुब्बेनिवास ञान, दिब्ब चक्षु ञान र आसवक्खय ञान आदि प्राप्त गर्नुभई बोधिज्ञान लाभ गरि सर्वज्ञ बुद्ध हुनुभयो ।

कस्सप बुद्धले बोधिज्ञान लाभ गरिसक्नु भएपछि



Downloaded from http://www.dhamma.digital

बोधिवृक्ष परिसरमा सप्तसप्ताह (४९ दिन) बिताउनु भई बोधिज्ञानलाई विस्तृत अध्ययन गर्नुभयो। यो कार्य पूरा नभएसम्म उहाँलाई भोक लागेको थिएन। ४९ औं दिनपछि बोधिज्ञान विषयमा अध्ययन गर्ने कार्य सम्पूर्ण रूपले समापन भई सकेपछि मात्र उहाँले भोक लागेको महसुस गर्नुभयो। त्यसैले कस्सप बुद्धले बुद्धत्त्व प्राप्त गर्नु भएपछि ४९ दिनसम्म निराहार रहनु भएको थियो। आहार सेवन गर्ने इच्छा भएपछि पहिला उहाँले नदीमा जानुभई मुख धोई दतिवन गर्नुभयो। त्यसपछि प्राप्त भएको आहार सेवन गर्नुभयो।

कस्सप बुद्धले जगत संसारका प्राणीहरूलाई उद्धार गर्नको लागि धर्म देशना गर्ने हेतु ज्ञान चक्षुद्वारा मानिसहरूको चित्त शक्तिलाई अध्ययन गरेर हेर्नुभयो। तर बढि भन्दा बढि मानिसहरूको चित्त क्लेशको वसमा रहेको र सांसारिक माया जालमा अल्झिरहेको देख्नुभयो। त्यसैले उहाँ निराश हुनुभयो। यो देखि ब्रह्मा आई यस संसारमा सांसारिक दुःख देखि डराई वैराग्य चित्त उत्पन्न गरिरहेका कतिपय मानिसहरू रहेको कारणले उनीहरूलाई बुद्ध शिक्षा आवश्यक रहेको र उनीहरूको लागि धर्म देशना गरिदिन हुन प्रार्थना गर्‍यो। ब्रह्माको यस प्रार्थना सुनि कस्सप बुद्धले कसलाई धर्मदेशना गर्दा उचित होला भनि बुद्ध ज्ञानद्वारा हेर्नुभयो। तब उहाँले आफू संगै गृहत्याग गरि



Downloaded from http://www.dhamma.digital

त्यागी भएका मानिसहरूलाई देख्नुभयो । त्यसैले कस्सप बुद्ध आकाश मार्गबाट वाराणशीको मृगदावन पुग्नुभई उनीहरूलाई धर्म चक्र प्रवर्तन गर्नुभयो । यो धर्मदेशना सुनेका कतिपय मनुष्य, देवता र ब्रह्माहरूले मार्गफल प्राप्त गर्न सफल भए ।

कस्सप बुद्धले यसरी विभिन्न स्थानहरूमा धर्म प्रचार गर्नुभयो । फलस्वरूप उहाँका थुप्रै श्रावक श्राविकाहरू उपासक र उपासिकाहरू संगठित भए । ती मध्ये मुख्य-मुख्यहरूको नामावली यसरी उल्लेख भएका छन्–

▲ अग्र श्रावक भिक्षुहरू –भिक्षु तिस्स र भिक्षु भारद्वाज

▲ अग्र श्राविका भिक्षुणीहरू – भिक्षुणी अनुला थेरी र भिक्षुणी उरूवेला थेरी

▲ निजी सेवक – भिक्षु सब्ब मित्र

▲ प्रमुख उपासकहरू – सुमंगल र घटिकार

▲ प्रमुख उपासिकाहरू –विजितसेना र भद्रा

▲ शरीरको उचाई – २० फुट अग्लो

▲ आयु – कस्सप बुद्ध मानिसहरूको आयु २० हजार वर्ष पुगेको समयमा जन्मनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## गौतम बुद्ध हुने बोधिसत्त्व

कस्सप बुद्धको जीवनकालमा गौतम बुद्ध हुने बोधिसत्त्व वेहलिंग नाम गरेको निगम निवासी थुप्रै नोकरचाकरका मालिक "ब्राह्मण महाशाल जोतिपाल" को नामले प्रख्यात हुनुहुन्थ्यो । थुप्रै धनसम्पत्तिका मालिक उहाँ ब्राह्मण बोधिसत्त्व धन सम्पत्ति लगायत परिवार सम्पत्तिले पनि परिपूर्ण हुनु भएको कारणले अभिमानी त हुनुहुन्थ्यो नैं । यसको अलावा उहाँले थुप्रै शास्त्र अध्ययन गरि बहुश्रुत ज्ञानले सम्पन्न हुनु भएको कारणले पनि उहाँ अझ बढि अभिमानी हुनुहुन्थ्यो ।

जोतिपाल ब्राह्मणका माता पिता कुलवंश परम्परादेखि नै ब्रह्मा भक्ति भएको कारणले उहाँलाई पनि बुद्ध प्रति श्रद्धा थिएन । तर जोतिपाल ब्राह्मणका अति स्नेही मित्र घटिकार कुमाल भने कस्सप बुद्धका अति श्रद्धावान् शिष्य हुनुहुन्थ्यो । घटिकार कुमालले बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्न सक्षम हुनु भएको कारणले उहाँले अनागामी फल प्राप्त गर्नु भएको थियो ।

घटिकार कुमाल र जोतिपाल ब्राह्मण दुवै परस्पर घनिष्ट सम्बन्ध भएका मित्रहरू भएको कारणले उहाँहरू दुवैजना एकदिन पनि नभेटीकन बस्न सक्दैनथ्यो । प्रत्येक दिनको एक पटक भएपनि जोतिपाल ब्राह्मण घटिकार कुमाललाई भेट्न जानुहुन्थ्यो । दुवै मित्रहरूको बिच अनेक



Downloaded from http://www.dhamma.digital

विषयलाई लिएर छलफल हुने गर्थ्यो । यस्तो अवस्थामा घटिकार कुमाले आफ्ना मित्र जोतिपाल ब्राह्मणको बानी व्यवहार र कुरा गराईमा अभिमान चढेको विषयलाई होश पूर्वक नियाली रहनु हुन्थ्यो । त्यसैले अनागामी भइसक्नु भएका घटिकार कुमालले आफ्नो स्नेही मित्र जोतिपालको अभिमानी बानी निर्मूल पार्नको लागि उहाँलाई कस्सप बुद्ध समक्ष लानको लागि धेरै कोशिस गर्नुभयो । तर लान सकिएन । त्यसैले घटिकार कुमाललाई आफ्नो प्यारो मित्र जोतिपाल मिथ्या मार्गमा पर्ला भनेर ज्यादै पीर पर्न थाल्यो । त्यसैले रूप धन र प्रज्ञा सम्पन्न आफ्ना मित्र जोतिपाललाई बुद्ध समक्ष लगेर उहाँको अमूल्य उपदेश जसरी भएपनि सुनाउने प्रवल इच्छा जगाई रहनु भयो ।

एकदिन घटिकार कुमालको घरमा जोतिपाल बोधिसत्त्वले फूर्तिका साथ आफ्नो घमण्डिपना प्रस्तुत गर्दै गफ गरिरहनु भएको थियो । यही समयमा घटिकार कुमालले जोतिपाललाई मैत्रीपूर्वक सल्लाह दिनुभयो–

“मित्र जोतिपाल ! कस्सप बुद्धलाई देव ब्रह्मा र साहु महाजनहरूले आवश्यकतानुसार सेवा सत्कार पुऱ्याइरहेका छन् । तर तिमी एकजनाले मात्र किन बुद्धलाई चिन्न सकिरहेका छैनौं ? ज्ञान गुण एवं प्रज्ञा तीक्ष्ण व्यक्ति भएको कारणले एकपटक मात्र बुद्धको उपदेश सुनेपनि तिमीले तुरून्त बुझ्न सक्ने छौ । तर आज सम्म तिमी बुद्ध-समक्ष



Downloaded from http://www.dhamma.digital

पुग्न सकिरहेका छैनौ । त्यसैले भगवान बुद्ध कस्तो व्यक्ति हो भन्ने विषयमा तिमीलाई थाहा छैन ।"

घटिकार कुमालको कुरा सुनि जोतिपाल ले भन्नु भयो–

"कपाल खौरेका, अमंगल व्यक्तिहरू समक्ष गएर के गर्नु ?"

यसरी बुद्धलाई अनादर गरि कुरा गरेको सुनि चित्त दुखे पनि अनागामी गुणले सम्पन्न घटिकारले आफ्ना मित्र जोतिपाललाई मैत्रीपूर्वक राम्रो सल्लाह दिइरहने कार्य जारी नै राख्नु भयो । यसरी घटिकारले बारम्बार बुद्धको गुण र महत्त्व विषयमा प्रशंसा गरिरहनु हुन्थ्यो भने जोतिपालले बारम्बार बुद्धको आलोचना मात्र गरिरहनु हुन्थ्यो ।

यसरी नै दुईपटक सम्म मेहनत गर्दा पनि मित्र जोतिपाललाई कुरा बुझाउन नसकिएपछि घटिकारले आफ्नो मित्रलाई मिजास गरेर मात्र काम बन्ने नदेखेकोले जबरदस्ती नै गर्नुपर्ने बाध्यता देख्नु भयो । त्यसैले तेश्रो पटकमा घटिकारले जोतिपाललाई यसरी आग्रह गर्नुभयो–

"मित्र ! नदीमा स्नान गर्न जाऔं ।" स्नान गर्न जाने कुरालाई जोतिपालले नकार्न सक्नुभएन ।"उहाँले जाऔं न त स्नान गर्न भन्नु हुँदै साबुन र लुगाको पोको च्यापी बाहिर निस्कनु भयो । यस अवस्थामा कस्सप तथागत नुहाउने नदीको नजिकै जंगलमा रहनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

यही मौका छोपी मित्र घटिकारले बोधिसत्त्व जोतिपाललाई नुहाउने निहुँ पारी नदीमा लग्नु भएको रहेछ ।

नदीमा नुहाइसकेपछि घटिकारले मित्र जोतिपाललाई भन्नुभयो– "मित्र ! भगवान् बुद्ध यहिं नजिकैको जंगलमा विराजमान हुनुभएको छ । त्यसैले हामी दुबै एकपटक बुद्धलाई दर्शन गर्न जाऔं ।"

नुहाउन सकेपछि आफ्नो लामो कपाल घाममा सुकाउने तरखरमा लाग्नु भएका बोधिसत्त्व जोतिपालले मित्र घटिकारको यो कुरा सुनि फेरि एकपटक बुद्धलाई तुच्छ स्तरमा राख्दै कुरा गर्नु भयो ।

आफ्ना मित्र जोतिपालले बुद्धलाई फेरि अनादर गर्दै कुरा गरेको सुनि घटिकारले त्यही अवस्थामा बोधिसत्त्वको लामो कपाललाई आफ्नो हातमा बेर्दै टाउको निहुराउन लगाई भन्नुभयो–

मित्र ! बुद्ध दर्शन गर्न जाने कि नजाने भन ।"

मित्र घटिकारले आफूलाई बुद्ध समक्ष लानको लागि यसरी जिद्दी गरेकोमा केही न केही रहस्य अवश्य होला भन्थानी जोतिपालको मन केही सचेत हुन थाल्यो । अनि जोतिपालले विचार गर्नुभयो–

"मेरो यस मित्र घटिकारले म संग घनिष्ट सम्बन्ध राखि जीविका गर्दै आएको त्यत्रो वर्ष भइसक्यो । तैपनि आज सम्म उसले मेरो शरीरमा हात फेरेको छैन र



Downloaded from http://www.dhamma.digital

शरीरमा दुःख हुने गरि केही व्यवहार गरेको छैन। तर आज अचानक यसले आश्चर्यपूर्ण तरिकाले मलाई कष्ट दिन थाल्यो। यो निम्न वर्गिय जातको व्यक्तिले म जस्तो उच्च श्रेणी जातको ब्राह्मणलाई यसरी कपाल नै पकड्नुको कारण अवश्य पनि मलाई हीत हुने सोचेर नै यस्तो गरेको हुनुपर्दछ। यस घटिकारले बारम्बार बुद्धको बयान गरिरहनुको कारण पनि मेरो भलाई सोचेर नै गरेको हुनुपर्दछ। मैले यस संग विरोध गर्दै कराइरहनु बेकार हुनेछ। त्यसैले यही अवस्थामा मलाई उसले जहाँ तानेर लान खोज्दैछ त्यहिं चुपचाप जान उत्तम हुनेछ।"

यति सोचि जोतिपाले आफ्नो मित्र घटिकारलाई भन्नुभयो–

"मित्र घटिकार! तिमीले पहिला समातिराखेको मेरो यो कपाललाई छोडिदेउ। अनि म तिमीले जहाँ लान्छौ, त्यहाँ जान तयार हुन्छु।"

बोधिसत्त्व जोतिपालले यति भन्नु भएपछि घटिकारले समातिराखेको बोधिसत्त्वको कपाल छोडिदिनु भयो। त्यसपछि अनागामी घटिकार र बोधिसत्त्व जोतिपाल दुबै बुद्ध समक्ष पुग्नु भए। कस्सप तथागतले परचित्त ज्ञान (अन्य व्यक्तिहरूको चित्तको कुरा थाहापाउने शक्ति) द्वारा हेर्नुभई जोतिपाल ब्राह्मणको सन्देश निवारण हुने तरिकाले उपदेश दिनुभयो। बुद्धबाट शंका निवारण हुने गरि उपदेश



Downloaded from http://www.dhamma.digital

सुन्ने मौका पाएपछि तत्क्षणमा जोतिपाल ब्राह्मणको अभिमान हट्यो । अनि जोतिपालको अनुहारमा प्रशन्नता छाउन थाल्यो । उहाँले बुद्ध समक्ष हर्षोद्गार प्रकट गर्नुहुँदै भन्नुभयो–

"शास्ता ! म हजुर समक्ष आएको ढीला भयो । मित्र घटिकारले मेरो कपाल पकडेको नै ढीला भयो ।"

घटिकारले आफ्नो मित्रको अनुहारमा आएको परिवर्तनलाई ध्यानदिएर हेरिरहनु भएको थियो । त्यसपछि घटिकारले प्रार्थना गर्नुभयो–

"शास्ता ! यिनी मेरा घनिष्ट मित्र हुन् । यसले बुझ्ने गरि उपदेश दिनुहोस् ।"

घटिकारको प्रार्थनालाई स्वीकार गर्नुभई कस्सप बुद्धले जोतिपाल ब्राह्मणलाई पञ्चकाम दोष, भिक्षुत्त्वको आनिशंस आदि विषयमा विश्लेषण गर्नुहुँदै विस्तृत रूपले बुझ्ने गरि धर्मदेशना गर्नुभयो ।

कस्सप बुद्धको तर्फबाट विस्तृत रूपले बुझ्ने गरि उपदेश सुनिसकेपछि जोतिपाल ब्राह्मणलाई प्रव्रज्या हुने इच्छा प्रकट भयो । त्यसपछि उहाँले आफ्ना मित्र घटिकारको अमूल्य गुणलाई सम्झन थाल्नु भयो । त्यसैले उहाँले पहिला आफ्ना मित्रसंग एकपटक सल्लाह गर्नुछ भन्नुहुँदै बाहिर निस्की मित्र घटिकार समक्ष आफ्नो इच्छा जाहेर गर्नुभयो । त्यसपछि मित्र घटिकार संग



Downloaded from http://www.dhamma.digital

अनुमति लिनुभई जोतिपाल ब्राह्मणले बुद्ध समक्ष प्रव्रजित हुनुभयो । घटिकार कुमाललाई पनि प्रव्रजित भिक्षु हुन मन लागेको थियो । तर उहाँका माता पिता दुबै अन्धा भएको कारणले उनीहरूलाई सेवा गर्नुपर्ने कारणले उहाँ त्यागी नभई गृहस्थ जीवनमा नै रहनुभई आफ्ना मातापिताको सेवामा संलग्न रहनुभयो । घटिकार कुमाल अनागामि हुनुभएको कारणले उहाँले ध्यान भावना गर्नुहुँदै परलोक पछि अकनिष्ठ ब्रह्मलोकमा जन्मनु भई ब्रह्मलोकमा बुद्धहरूको चीवर कुरेर बस्नुहुने ब्रह्मा[२] हुनुभयो । कस्सप बुद्धले जोतिपाल ब्राह्मण भविष्यमा को हुने होला भनि अनागतंश ज्ञानले हेर्नु भएको अवस्थामा उहाँ यही भद्रकल्पमा कस्सप बुद्धपछि गौतम गोत्रको शाक्य कुलमा जन्मनु भई शाक्यमुनी बुद्ध हुनुहुनेछ भन्ने सत्यतालाई थाहा पाउनुभयो । त्यसैले उहाँले भिक्षु जोतिपाल समक्ष यस सत्यता विषयमा भविष्यवाणी गर्नुभयो । आफ्नो विषयमा यस्तो भविष्यवाणी सुन्नु भएपछि भिक्षु जोतिपाल अति प्रसन्न हुनुभयो । उहाँले आफूलाई पहिला भन्दा पनि होशियारी (अप्रमादी) बनेर पारमिता धर्म पुऱ्याउनु हुँदै परलोक हुनुभयो ।

२ शाक्य मुनी तथागत बन्ने बोधिसत्त्वले गृहत्याग गर्नुहुँदा यही ब्रह्माले उहाँलाई चीवर चढाउन आई यसरी भन्नु भएको थियो– "हजूरलाई पहिला जोतिपाल ब्राह्मण हुनुभएको जन्ममा पनि मैले नै जबरदस्ति प्रव्रज्या गरें । अहिले फेरि हजुरलाई प्रव्रज्या हुनकै लागि यो चीवर चढाउन आइरहेको छु ।"



Downloaded from http://www.dhamma.digital

## २८) गौतम बुद्ध

कस्सप बुद्ध परिनिर्वाण हुनुभएपछि मानिसहरूको चित्तमा धर्म चेतना झन् झन् घट्दै गयो । लोकमा अधार्मिक कार्यहरू बढ्दै गएकोले मानिसहरूको आयु २० हजार वर्षबाट घट्दै गई कलियुग झन् झन् नजिकिँदै आई मानिसहरूको आयु केबल १० वर्ष मात्र पुग्यो । यस अवस्थामा पाप देखेर डराउने केही मानिसहरू पापीहरूको समूहमा बस्न नरूचाई जंगल भित्र लुक्न गए । जंगल भित्र उनीहरूले कन्दमूल आदि सेवन गरेर जीविका गर्नथाले । यता पापकर्म गर्नुमा रमाइलो मानिरहेका व्यक्तिहरू बीच कलियुगका साथै उनीहरू पनि ध्वंश भई परलोक भए ।

पाप र भय देखेर डराई जंगलभित्र लुक्न गएका १० वर्ष सम्मको आयु भएका एक समूह मानिसहरूको बीच परस्पर मैत्रीपूर्ण व्यवहारको कारणले उनीहरूको तर्फबाट २० वर्ष सम्म बाँच्न सक्ने अर्थात २० वर्ष सम्मको आयु भएका सन्तानहरूको जन्म भयो । यसरी नै २० वर्ष सम्मको आयु भएका मानिसहरूको तर्फबाट ४० वर्ष सम्मको आयु भएका सन्तानहरू जन्मिए । यसरी नै स्वच्छ र निर्मल चित्तको कारणले मानिसहरूको आयु दोब्बरको अनुपातमा बढ्दै गई असंख्य वर्ष सम्मको आयुमा पुग्न गयो । असंख्य वर्षसम्मको आयु लिई बाँच्न पाउने मानिसहरूको चित्तले संसारको सत्य स्वभाव अनित्यतालाई



Downloaded from http://www.dhamma.digital

सम्झन र चिन्न सकेनन् । अनित्यतालाई बिर्सन पुगेका ती मानिसहरू सधैं बाँच्न पाउने जस्तो भ्रममा परेर चित्तमा बिस्तारै अज्ञानताले छोप्न थाल्यो । फलस्वरूप अहंकार, लोभ, द्वेष र मोह रूपी क्लेशले डेरा जमाएको चित्तको वशमा गई उनीहरूले विभिन्न कुकर्महरू गर्न थाले । यी दुषित चित्तको कारणले मानिसहरूको आयु सयवर्षमा एक वर्षको हिसाबले घट्दै गई क्रमशः उनीहरूको आयु १०० वर्ष सम्ममा पुग्न गयो ।

यस समय गौतम बुद्ध हुनुहुने बोधिसत्त्व बुद्ध हुनको लागि आवश्यक सम्पूर्ण पारमिता धर्म पूरा गरि तुसिता भुवनमा रहनु भएको थियो । उहाँलाई ३३ कोटी देवताहरू लगायत ब्रह्माहरू आई मनुष्य लोकमा जन्म लिई बुद्ध भई जगत संसार उद्धार गरिदिनहुन प्रार्थना गर्न आए । देवताहरूको प्रार्थना सुनि बोधिसत्त्वले पञ्च महाविलोकन (काल, देश, द्वीप, कुल र मातु आयु परिच्छेद) हेर्नुभई मनुष्यलोकमा यी पाँचवटा तत्त्वहरू पूरा भइरहेको देख्नुभयो । त्यसपछि बोधिसत्त्व तुसिता भुवनबाट कपिलवस्तु देशका राजा सुद्धोदनकी अग्रमहारानी मायादेवीको गर्भमा प्रवेश गर्नुभयो । गर्भ प्रवेश भएको दश महिना पूरा भइसकेपछि बोधिसत्त्व वैशाख पूर्णिमाको दिन लुम्बिनी वगैंचामा जन्म हुनुभयो ।

बोधिसत्त्वलाई नामाकरण गर्ने दिनमा आठजना



Downloaded from http://www.dhamma.digital

ब्राह्मणहरूले कुमारको शरीरको लक्षण परीक्षा गरि हेर्दा सर्व अर्थ सिद्ध गर्न सक्ने लक्षणलाई लिई पण्डितजनले उहाँलाई सिद्धार्थ भनि नामाकरण गरे। राजकुमारलाई पालन पोषण गरि हुर्काउनको लागि महाराज शुद्धोदनले सहस्र धाईहरू राखिदिए।

सिद्धार्थ कुमार युवा अवस्थामा पुगेपछि सुद्धोदन महाराजाले उहाँलाई ३ वटा मौसम अनुकुल रहनको लागि ३ वटा विभिन्न दरबारहरू यसरी बनाइदिए–

(१) रम्य दरबार (२) सुरम्य दरबार (३) शुभ दरबार

सिद्धार्थ कुमार १६ वर्ष पुगेपछि उहाँलाई यशोधरा देवी नाम गरेकी युवराज्ञी प्रमुख हजारौं सेविकाहरूले घेर्न लगाई विवाह गरिदियो। युवराज्ञी यशोधरा प्रमुख ती सेविकाहरूसंग सिद्धार्थ कुमारले ती ३ वटा दरबारहरूमा १३ वर्ष सम्म पञ्चकाम सुख भोग गर्नु भयो। एकदिन बगैंचामा घुम्न जाँदा उहाँले ४ वटा निमित्तहरू (वृद्ध, रोगी, मृत व्यक्ति र त्यागी व्यक्ति) लाई देख्नु भयो। यी दृष्यहरू देखेको कारणले सिद्धार्थ कुमारको मनमा विरक्त भाव उत्पन्न हुनथाल्यो। विरक्त भाव उत्पन्न गर्नुहुँदै दरबार पुग्नु भएका सिद्धार्थ कुमारले युवराज्ञी यशोधराको तर्फबाट पुत्र (राहुल कुमार) जन्मिएको खबर सुनि उहाँको मन अझ बढि विरक्त हुन थाल्यो।

त्यसैले आषाढ पूर्णिमाको रातको समयमा सिद्धार्थ



Downloaded from http://www.dhamma.digital

कुमार कन्थक घोडा चढेर छन्दक सारथी साथमा लिई राजदरबार त्याग (अभिनिष्क्रमण) गर्नुभयो । यस समय उहाँ २९ वर्षको हुनुहुन्थ्यो । गृहत्याग पछि तीनवटा राज्य पार गर्नुहुँदै ३० योजन मार्ग पार गरिसकेपछि उहाँ अनोमा नदीको तीरमा पुग्नुभयो । त्यहाँ पुग्नु भएपछि उहाँले आफ्नो कपाल आफै काटी घटिकार ब्रह्माले दिन ल्याएको चीवर लगाउनु भई प्रव्रजित हुनुभयो । त्यसपछि कन्थक घोडा सहित छन्दकलाई फिर्ता पठाइ दिनुभयो ।

प्रव्रजित हुनु भएपछि बोधिज्ञान प्राप्त गर्नका लागि एक्लै चारिका गर्नुहुँदै आलारकालाम र उदकराम पुत्र पण्डितहरूको आश्रममा जानुभई आकिञ्चन्यायतन र नैवसञ्ञानासञ्ञायतन नाम गरिएको अरूपी समापत्ति ध्यान प्राप्त गर्नुभयो । त्यसपछि उहाँ उरूबेल बनमा पुग्नुभयो । यस अवस्थामा सिद्धार्थ कुमार जन्मनु भएपछि उहाँको लक्षण हेरी भविष्यवाणी गर्न आएका आठजना ब्राह्मणहरू मध्येका सबभन्दा कान्छो ब्राह्मण कोण्डञ्ञ पण्डित र अन्य ४ जना ब्राह्मणहरूका ४ जना पुत्रहरू गरि जम्मा ५ जना ब्राह्मणहरू पनि प्रव्रजित भएका थिए । पाँच जना एकै पटक प्रव्रजित हुनुभएको कारणले उहाँहरूलाई "पञ्च भद्र वर्गिय भिक्षुहरू" भनियो । यी पञ्च भद्र वर्गिय भिक्षुहरूले सेवा गर्न लगाई सिद्धार्थ बोधिसत्त्वले ६ वर्ष सम्म अनेक प्रकारले दुष्कर चर्या गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

वैशाख पूर्णिमाको दिन उरूवेल प्रदेश स्थित सेनानी गाउँका सुजाता नाम गरेकी महिलाले रूख मुनि ध्यान गरिराख्नु भएको बोधिसत्त्व सिद्धार्थलाई क्षीर भोजन दान दिएकी थिइन् । यस भोजनलाई सिद्धार्थले ४९ गाँस गरि सेवन गर्नु भएको थियो । त्यही दिन सोत्थिय नाम गरेको ब्राह्मणले उहाँलाई ८ मुट्ठा घाँस दान दिन ल्याएको थियो । बोधिसत्त्व सिद्धार्थले उक्त घाँसलाई पिपलको बोट मुनि ओछ्याउनु भई ४ वटा वीर्यलाई अगाडि राखी (शरीरमा रहेको मासु, रगत सुकी छाला, हड्डी र नशा मात्र बाँकी रहेपनि) बोधिज्ञान प्राप्त नभएसम्म यस आशनबाट उठ्ने छैन भनि अधिष्ठान गरि उक्त घाँस ओछ्याइएको आशनमा ध्यान गरेर बस्नुभयो ।

यसरी अधिष्ठान गरेर ध्यानमा लीन हुनुभएपछि उहाँलाई पञ्चमार आई उक्त स्थान त्यागेर जानको लागि दु:ख दिन आएका थिए । तर बोधिसत्त्वले आफ्नो दान पारमिता, दान उपपारमिता र दान परमत्थ पारमिताको अमूल्य पुण्यबलको आधारमा मारलाई पराजित गर्न सफल हुनुभयो । त्यसपछि रात्रीको प्रथम याम, द्वितीय याम र तृतीय याममा क्रमश: पुब्बेनिबासानुसति ञान, दिब्ब, चक्खु ञान र आसवक्खय ञान प्राप्त गर्नु हुँदै बोधिज्ञान प्राप्त गरि सर्वज्ञ बुद्ध हुनुभयो ।

बुद्ध हुनुभएपछि उहाँ बोधिवृक्षको परिसर भित्रको ७



Downloaded from http://www.dhamma.digital

वटा विभिन्न स्थानहरूमा सात-सात दिन (सप्तसप्ताह अर्थात् ४९ दिन) बिताउनु भई बोधिज्ञान बारे विस्तृत अध्ययन गर्नुभयो ।

बुद्ध हुनु अगाडि ४९ गाँस गरेर सेवन गर्नु भएको क्षीर भोजनको शक्ति पनि ४९ दिन पछि नै समाप्त भयो । तब उहाँलाई भोक लागेको महसुस हुन थाल्यो । त्यसैले नदीमा जानुभई मुख धोई दतिवन गर्नुभएपछि रूख मुनि बसिरहनु भएको अवस्थामा बुद्धलाई तपुस्स र भल्लुक नाम गरेका दुईजना दाजु भाई व्यापारीहरू आई श्रद्धापूर्वक सत्तु र कस्ति दान दिन आए । यो आहार सेवन गरिसक्नु भएपछि भगवान् बुद्ध आफुले प्राप्त गर्नुभएको ज्ञान कसलाई देशना गर्दा उचित होला भनि विचार गरेर हेर्नुहुँदा संसारका धेरैजसो मानिसहरू सांसारिक माया मोहमा लिप्त रहेको देख्नुभयो । यस दृष्यले गर्दा उहाँलाई धर्मदेशना गर्ने उत्साहमा सिथिलता ल्याइदियो । भगवान् बुद्धको मनमा उत्पन्न भइरहेको यस प्रकारको नैराश्यतालाई देखि सहम्पत्ति ब्रह्मा यथासिघ्र आई यस लोकमा धर्मलाई बुझ्न सक्षम अल्प मात्र क्लेश भएका र तीक्ष्ण बुद्धि भएका व्यक्तिहरू पनि विद्यमान रहेको कारणले उनीहरूको उद्धार हेतु भएपनि भगवान् बुद्धले धर्मदेशना गरिदिन प्रार्थना गर्न आए । ब्रह्माको यस प्रार्थनालाई स्वीकार गर्नुहुँदै भगवान् बुद्धले अब



Downloaded from http://www.dhamma.digital

कसलाई धर्मदेशना गर्दा उचित होला भनेर ज्ञान चक्षुले हेर्नु भएको अवस्थामा उहाँले दुष्कर चर्या गर्नुहुँदा सेवा गर्न आएका पञ्च भद्र वर्गिय भिक्षुहरूलाई देख्नुभयो। त्यसैले भगवान बुद्ध ती भिक्षुहरू रहनुभएको ऋषिपतन मृगदावनमा जानुभयो। त्यसपछि उहाँले पञ्चभद्रवर्गिय भिक्षुहरूलाई धर्म चक्र प्रवर्तन गर्नुभयो। बुद्धले बताउनु भएको चतुआर्य सत्य ज्ञानलाई भित्री हृदय देखि बुझ्न सफल पञ्चभद्रवर्गियहरू सहित कतिपय देव ब्रह्माहरू पनि संसार बन्धनबाट मुक्त भए। यसरी बुद्ध र उहाँका श्रावक संघहरूले विभिन्न नगर र गाउँहरूमा धर्मप्रचार गर्नुहुँदै उहाँका धेरै श्रावक, श्राविकाहरू, उपासक र उपासिकाहरू संगठित भए।

ती मध्ये ज्ञान बल र ऋद्धिबलले माथि पुग्न सफल हुनु भएका अग्र श्रावक र श्राविकाहरूको नाम यसरी उल्लेखित छन्।

▲ अग्रश्रावक भिक्षुहरू – भिक्षु सारीपुत्र र भिक्षु मौद्गल्यायन

▲ अग्रश्राविका भिक्षुणीहरू – भिक्षुणी खेमा थेरी भिक्षुणी उप्पलवण्णा थेरी

▲ निजी सेवक – भिक्षु आनन्द

▲ शारीरिक उचाई – १८ फीट अग्लो



Downloaded from http://www.dhamma.digital

▲ रश्मि – चारफुट वरिपरि फैलिएको

▲ आयु – गौतम बुद्ध मानिसहरूको आयु १०० वर्षको हुँदा जन्मनु भएको थियो ।

यसरी भगवान् शाक्य मुनि बुद्धले धर्म प्रचार गर्नु हुँदै जगत संसारका कतिपय प्राणीहरूलाई उद्धार गर्नुहुँदै ८० वर्षको उमेरमा कुशिनगरको शाल उद्यानमा दुईवटा शालवृक्षको बीचमा परिनिर्वाण हुनुभयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## नेपाल भाषामा प्रकाशित पुस्तकहरू

१) यःम्ह म्ह्याय् (उपन्यास) न्हापांगु
२) मैत्री भावना
३) प्रेमं छु ज्वी ?
४) त्रिरत्न गुण स्मरण
५) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
६) कर्तव्य (प्र सं)
७) मिखा
८) परित्राण (प्र.सं.)
९) हृदय परिवर्तन
१०) न्हापांयाम्ह गुरु सु ?
११) बुद्धया अन्तिम यात्रा, भाग-१
१२) बुद्धया अन्तिम यात्रा, भाग-२
१३) बौद्ध ध्यान
१४) कर्म
१५) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
१६) प्रार्थना संग्रह (ते.सं.)
१७) बाखँ, भाग-१
१८) बोधिसत्व
१९) अनत्त लक्खण सुत्त (द्वि.सं.)
२०) शाक्यमुनि बुद्ध
२१) मत्ति भिंसा गति भिनी
२२) बाखँ, भाग-२
२३) धम्मचक्कप्पवत्तन सुत्त (प्र.सं.)
२४) बाखँ, भाग-३
२५) लक्ष्मी द्यो
२६) महास्वप्न जातक (द्वि.सं.)
२७) अभिधर्म, भाग-२ (प्र.सं.)
२८) क्षान्ति व मैत्री (प्रथमावृत्ति)
२९) जातक बाखँ
३०) बाखँया फल, भाग-२
३१) राहुलयात तथागतया उपदेश
३२) बाखँ, भाग-२ (द्वि.सं)
३३) प्रार्थना संग्रह (चौथौ प्र.)
३४) प्रौढ बौद्ध कथा (प्र.सं.)
३५) बुद्धया अर्थनीति (द्वि.सं)
३६) श्रमण नारद (प्र.सं.)
३७) मूर्खम्ह पासा मज्यू
३८) उखानया बाखँ पुचः (प्र.सं.)
३९) पालि भाषा अवतरण, भाग-१ (प्र.सं.)
४०) ललितविस्तर (द्वि.सं.)
४१) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं)
४२) पालि प्रवेश, भाग-१
४३) चमत्कार
४४) मणिचूड जातक (द्वि.सं)
४५) महाजनक जातक
४६) गृही विनय ? (च.सं.)
४७) राहुलयात तथागतया उपदेश (द्वि.सं)
४८) बाखँ, भाग-४ (प्र.सं.)
४९) चरित्र पुचः
५०) अभिधर्म (चित्त काण्ड छगूया
संक्षिप्त परिचय) (प्र.सं.)
५१) परित्राण (द्वि.सं.)
५२) सप्तरत्न धन (प्र.सं.)
५३) महा-सतिपट्ठान सूत्र
५४) शान्तिया त्वाथः (द्वि.सं)
५५) चरित्र पुचः, भाग-२
५६) बुद्ध व शिक्षा (क) (प्र.सं.)
५७) बौद्ध ध्यान, भाग-२
५८) जातकमाला, प्रथम भाग (तृ सं.)
५९) विश्व धर्म प्रचार देशना, भाग-२
६०) लुम्बिनी विपस्सना
६१) विश्व धर्म प्रचार देशना, भाग-१
६२) योगीया चिठी (प्र.सं.)
६३) संक्षिप्त बुद्ध जीवनी (चतुर्थ सं.)
६४) जातक बाखँ (द्वि.सं)
६५) बुद्ध-धर्म (द्वि.सं.)
६६) मिखा (द्वि.सं.)
६७) पालि प्रवेश, भाग-१,२
६८) सर्वज्ञ, भाग-१
६९) जातकमाला, भाग-२ (तृ.सं.)
७०) जप पाठ व ध्यान
७१) किसा गौतमी (प्र.स)
७२) धम्मपद (श्लोकवद्ध भावानुवाद) (द्वि.सं)
७३) धर्म मसीनि
७४) तेमिय जातक
७५) वम्मिक सुत्त
७६) मध्यम मार्ग
७७) त्रिरत्न गुण लुमंके (द्वि.सं.)
७८) सर्वज्ञ, भाग-२
७९) दान
८०) बाखँ, भाग-५
८१) भिम्ह म्ह्याय् व काय्
८२) भिक्षु जीवन
८३) महानारद जातक
८४) विवेक-बुद्धि
८५) समथ व विपस्सना संक्षिप्त भावना विधि
८६) भिंम्ह मचा
८७) बुद्धपूजा विधि (प्र.सं)
८८) स्वास्थ्य लाभ
८९) शिक्षा, भाग-१ (प्र.सं.)
९०) दृष्टि व तृष्णा ल्यहें थनेगु उपदेश
९१) भ्कंगः लाइम्ह लाखे
(किपा हना बाखँ)
९२) विपस्सना ध्यान

Downloaded from http://www.dhamma.digital

## नेपाल भाषामा प्रकाशित पुस्तकहरू

९३) शिक्षा, भाग-२ (प्रथमावृत्ति)
९४) सतिपट्ठानभावना (प्र.सं.)
९५) त्रिरत्न वन्दना
९६) गौतम बुद्ध (द्वि.सं)
९७) बाखँ, भाग-६
९८) नेपालय् २५ दँ जिगु लुमन्ति
९९) धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१००) शिक्षा, भाग-३ (प्र.सं.)
१०१) शिक्षा, भाग-४ (प्र.सं.)
१०२) बुद्ध व शिक्षा (ख)
१०३) धम्मपद व्याख्या, भाग-१ (प्र.सं.)
१०४) धम्मपदया बाखँ (प्र.सं.)
१०५) त्रिरत्न वन्दना व सूत्र पुचः (प्रथमावृत्ति)
१०६) विशेष बौद्ध
१०७) त्रिरत्न वन्दना व
पञ्चशीलया फलाफल (छैठौं सं.)
१०८) अभिधर्म, प्रथम भाग (द्वि.सं.)
१०९) संसारया स्वापू (प्र सं.)
११०) परित्त सुत्त (प्र.सं.)
१११) धम्मपद (मूल पालि सहित नेपाल
भाषाय् अनुवाद) (पाँ.सं.)
११२) बौद्ध नैतिक शिक्षा, भाग-१
११३) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
११४) आदर्श बौद्ध महिलापिं (द्वि.सं.)
११५) वेस्सन्तर जातक (तृतीयावृत्ति)
११६) दीर्घायु जुइमा
११७) त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके
११८) न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९) निर्वाण (रचना संग्रह)
१२०) मनूतय्‌गुपहः (प्र.सं.)
१२१) कर्तव्य (द्वि.सं)
१२२) महास्वप्न जातक (द्वि.सं)
१२३) संस्कृति (प्र.सं.)
१२४) श्रमण नारद (द्वि.सं)
१२५) बुद्धया करुणा व ब्रह्मदण्ड (प्र.सं.)
१२६) विशेषं म्हं मफइबले पाठ यायेगु परित्राण (प्र.सं.)
१२७) विरकुशया बाखँ
१२८) त्रिरत्न वन्दना व परित्राण (सं.)
१२९) कर्म व कर्मफल
१३०) शिक्षा, भाग-५
१३१) पट्ठान पालि (प्रथम भाग)
१३२) धर्मया ज्ञान, भाग-२
१३३) संक्षिप्त बुद्धवंश (प्रथम भाग) (प्र.सं.)
१३४) संक्षिप्त बुद्धवंश (दोश्रो भाग) (प्र.सं.)
१३५) अभिधर्म, भाग-२ (द्वि.सं.)
१३६) कर्म (द्वि.सं.)
१३७) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३८) अनत्त लक्खण सुत्त (दि.सं.)
१३९) अभिधर्म पालि (प्र.सं.)
१४०) बुद्ध पूजा, धम्मपद व ज्ञानमाला (प्र.स.)
१४१) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१४२) धम्मचक्कप्पवत्तन सुत्त (तृ.सं.)
१४३) बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४४) मनूतय्‌गुपह (द्वि.सं.)
१४५) प्रौढ बौद्ध कथा (द्वि.सं.)
१४६) न्हापायाम्ह गुरु सु ? व अमूल्य धन
१४७) बौद्ध स्तुती पुचः
१४८) तिरतन वन्दना परित्त सुत्त (तेहौं सं.)
१४९) सूत्र पुचः (प्र.सं.)
१५०) त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१५१) शाक्यमुनि बुद्ध (दि.सं.)
१५२) तृष्णा (द्वि.सं.)
१५३) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५४) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५५) सीवली (प्र.सं.)
१५६) अनागत वंश
१५७) सच्च विभङ्ग सुत्त
१५८) त्रिरत्न गुण लुमंके
१५९) मनू तयेगु पहः व प्रेमं छु ज्वी ?
१६०) अभिधर्म पालि (दो.सं.)
१६१) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
१६२) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (न्हापांगु संस्करण)
१६३) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (निक्वःगु संस्करण)
१६४) महा-सतिपट्ठान सूत्र (द्वि.सं.)
१६५) त्रिरत्न वन्दना व परित्राण (चौ.सं.)
१६६) गुरु दक्षिणा (प्र.सं.)
१६७) अभिधर्म (न्हूगु संस्करण)
१६८) श्रेष्ठ पवित्र श्रोतापन्न (दि.सं.)
१६९) धर्मकीर्तिया लुखाँ
१७०) नुगः दुने धम्मवती
१७१) तिरतन वन्दना परित्त सुत्त
मेमेगु अर्थ सहित पट्ठान पालि गाथा
१७२) नेपालय् दो गुणवती गुरुमां
१७३) बुद्धपूजा, परित्राण पाठ व बुद्ध शिक्षा
१७४) परित्राण (मूल पालि व निदान लिसें अर्थ नापं)
१७५) धम्मवती गुरुमांया च्वसां

## अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

**Dharmakirti Publication English**

1) Buddhist Economics and The Modern World
2) Dharmakirti Vihar Today
3) Dharmakirti Vihar
4) "Dhammakirti in a Nutshell"
5) Dhamma and Dhammawati
6) Paritta Suttas
7) The Life of Tathagata
8) Daw Gunawati Guruma in Nepal

Downloaded from http://www.dhamma.digital